धरान उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

१ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



२०७४

# दुई शब्द

नेपाल सरकारको निर्णय अनुसार २०७३/११/२२ गतेमा स्थानीय तहको रुपमा धरान-उपमहानगरपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पाश्र्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस उप-महानगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पाश्र्वचित्र तयारीले उप-महानगरपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी उप-महानगरपालिका विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पाश्र्वचित्र समयमै तयार गर्न लगाउने उप-महानगरपालिकाको कार्यालयको सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा उप-महानगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इकोकोड नेपाल प्रा.लि. ललितपुरलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा उप-महानगरपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

.............................

तारा सुब्बा

नगर प्रमुख

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि उप-महानगरपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी उप-महानगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा उप-महानगरपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी उप-महानगरपालिका पार्श्वचित्र तयारी गरिएको छ ।

यस उप-महानगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा उप-महानगरपालिकावासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा उप-महानगरपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, उप-महानगरपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इकोकोड नेपाल प्रा.लि. ललितपुरलाई विशेष धन्यबाद दिन चाहन्छु ।

............................

मञ्जु भण्डारी सुवेदी

नगर उप-प्रमुख

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो उप-महानगरपालिकाको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर उप-महानगरपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने उप-महानगरपालिका प्रमुख, उप-महानगरपालिका उपप्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इकोकोड नेपाल प्रा.लि. ललितपुरलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

.............................

विष्णु प्रसाद कोइराला

कार्यकारी अधिकृत

# विषय सूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ उप–महानगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरु १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ उप–महानगरपालिका पार्श्वचित्र तयारी विधि ३

१.६ उप–महानगरपालिका पार्श्वचित्र तयारीका सिमाहरु ३

**खण्ड २ : उप–महानगरपालिकाको वस्तुस्थिति चित्रण** ४

२.१ उप–महानगरपालिकाको संक्षिप्त परिचय ४

२.२ भूक्षेत्र (टोपोग्राफी) ९

२.२.१ भू–आकृति तथा माटोको बनोट १२

२.२.२ हावापानी १२

२.३ उप–महानगरपालिकामा रहेको सम्भाव्यता र अवसर १३

२.४ उप–महानगरपालिकाको अवसर र सम्भावनाहरु १६

२.५ उप–महानगरपालिकाको समस्या र चुनौती १७

२.६ उप–महानगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध १७

२.७ सिमसार क्षेत्र तथा जलश्रोत १८

२.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २०

२.९ मुख्य चाडपर्वहरु ३१

२.१० सँस्कृति, कला, भाषा र साहित्य ३३

**खण्ड ३ : जनसाङ्ख्यिक विवरण** ३५

३.१ जनसंख्याको विवरण ३५

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३७

३.३ उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३९

३.४ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण ४१

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ४२

३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ४३

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ४५

३.८ धर्मअनुसार जनसंख्याको विवरण ४७
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४९
३.१० घरमूलीको लैङ्गिक विवरण ५०
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५२
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ५३
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ५४
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ५५
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ५७
३.१६ जगको आधारमा घरको बनोटको विवरण ५८
३.१७ बसाई सराईको अवस्था ६०
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ६१
३.१९ मतदाता नामावली विवरण ६२

**खण्ड ४ : भू–उपयोग ६४**
४.१ उप–महानगरपालिकाको भू–उपयोगको विवरण ६४
४.२ शहरी विकासको स्वरुप ६५
४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ६६
४.३ क्रमिक बस्ती विकासको वर्तमान स्वरुप ६८
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ६९
४.५ प्रकोप पहिचान तथा विश्लेषण ७०
४.६ धरान उप–महानगरपालिकाको विपद् जोखिमको लेखाजोखा ७०
४.७ उप–महानगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ७३

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ७४**
५.१ उप–महानगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ७४
५.१.१ आय तथा खर्च तर्फको अनुमानित विवरण ७५
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ७५
५.३ आश्रित जनसंख्याको विवरण ७६
५.४ कृषि ७६
५.४.१ कृषि बालीमा लाग्ने रोग ७७
५.४.२ बाली पात्रो ७८
५.४.३ कृषि बजारीकरण ७९
५.४.४ जग्गाको उर्वराशक्ति ७९
५.५ सिंचाई ७९

५.६ पशुपालन ७९
५.६.१ पशु नश्ल ८०
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ८०
५.७ व्यापार तथा उद्योगको विवरण ८१
५.७.१ निकासी पैठारी स्थिति ८२
५.७.२ ढुवानी तथा भण्डार व्यवस्था ८२
५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ८३
५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ८३
५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ८४
५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू ८४
५.९ उप–महानगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ८६
५.१० बैंक तथा वित्तीय संस्थाहरुको विवरण ८६
५.११ सहकारी संस्थाको विवरण ८६
५.१२ संघ संस्था तथा विभिन्न समूहहरु ८९
खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ९१
६.१ यातायात ९१
६.१.१ बिद्यमान सडक सञ्जाल ९३
६.१.२ यातायात सेवा ९४
६.२ संचार ९६
६.२.१ उप–महानगरपालिकामा रहेका एफ.एम. रेडियोहरु तथा टेलिभिजन ९६
६.२.२ टेलिफोन/मोबाइल ९७
६.२.३ हुलाक सेवा ९७
६.२.४ पत्रपत्रिका ९७
६.३ विद्युत ९८
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९८
६.३.२ विद्युत प्राधिकरणको तथ्यांक विवरण ९९
६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण १००
खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा १०२
७.१ शिक्षा १०२
७.२ साक्षरता स्थिति १०७
७.२.१ शैक्षिक जनशक्तिको विवरण १०८
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण १०९

७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ११०
७.२.४ उप–महानगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १११
७.२.५ उप–महानगरपालिकामा रहेका विद्यार्थी संख्या विवरण ११२
७.२.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ११३
**७.३ स्वास्थ्य ११४**
७.३.१ शहरी सामुदायिक स्वास्थ्य केन्द्र ११५
७.३.२ गाउँघर क्लिनीक र नियमित खोप ११६
७.३.३ एच. आई. भी./एडसको अवस्था ११६
७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ११६
७.३.५ खोपको विवरण ११७
७.३.६ बाल्यकालमा हुने रोगका जोखिम ११७
७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर ११७
७.३.८ बालपोषण सम्वन्धी विवरण ११७
**७.४ खेलकुद तथा मनोरञ्जन ११८**
**७.५ नागरिक सुरक्षा सेवा ११९**
७.५.१ बृद्धबृद्धाहरूको अवस्था ११९
७.५.२ सामाजिक सुरक्षा १२०
**७.६ महिला तथा बालबालिका १२१**
७.६.१ महिला सम्बन्धी विवरण १२१
७.६.२ बालबालिका सम्बन्धी विवरण १२२
७.६.३ बालश्रमको अवस्था १२४
७.६.४ बालक्लब १२४
**७.७ अपाङ्गताको विवरण १२५**
**७.८ शान्ति सुरक्षा १२६**
७.८.१ सुरक्षा इकाईहरुको विवरण १२७
७.८.२ उप–महानगरपालिकामा सामाजिक अपराधको विवरण १२७
**७.९ खानेपानी तथा सरसफाई १२८**
७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण १२८
७.९.२ खानेपानीको वडागत विवरण १२९
७.९.३ शौचालयको विवरण १३१
७.९.४ वडागत शौचालयको संख्याको विवरण १३२
७.९.५ खुला दिशा मुक्त क्षेत्र १३४

७.१० फोहोर मैला व्यवस्थापन १३४
७.१०.१ धरान उप–महानगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन १३४
७.१०.२ दैनिक फोहरमैला व्यवस्थापन १३५

खण्ड ८ : वन तथा वातावरण १३६
८.१ प्राकृतिक वन तथा वनस्पती १३६
८.२ जैविक विविधता सम्वन्धी विवरण १३७
८.३ लघु वन पैदावार १३८
८.४ उप–महानगरपालिकामा पाईने वन्यजन्तु १३९
८.५ वनजंगल १४०
८.५.१ सामुदायिक वन १४१
८.५.२ धार्मिक वन १४३
८.५.३ सरकारद्वारा व्यवस्थित वन १४३
८.५.४ निजी वन १४३
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १४४
८.७ जडिबुटी सम्बन्धी विवरण १४४
८.८ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १४४
८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १४४
८.१० अतिक्रमण हटाई व्यवस्थापन १४५

खण्ड ९ : विकास सूचकांक र गरिबीको स्थिति १४६
९.१ मानव विकास सूचकको विवरण (HDI) १४६
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १४७
९.३ मानव विकास र गरीबी १४७
९.४ गरिबी न्यूनीकरण १४८
९.५ समग्र विकास स्थिति १४८

# तालिका सूची


तालिका नं. १: धरानको तापक्रम १२
तालिका नं. २: उप-महानगरपालिकामा रहेका खोला तथा नदिहरुको विवरण १८
तालिका नं. ३: धरान उप-महानगरपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बा संख्या २२
तालिका नं. ४: धरान उप-महानगरपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको नामावली २२
तालिका नं. ५: जनसंख्याको विवरण ३६
तालिका नं. ६: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३७
तालिका नं. ७: उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ४०
तालिका नं. ८: पहिलो विवाह गर्दाको उमेरको विवरण ४१
तालिका नं. ९: उमेर समूहअनुसार जनसंख्याको विवरण ४२
तालिका नं. १०: धरान उप-महानगरपालिकाको जातजातीको विवरण ४४
तालिका नं. ११: मातृभाषा अनुसार जनसंख्याको विवरण ४५
तालिका नं. १२: धर्मअनुसार जनसंख्याको विवरण ४७
तालिका नं. १३: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४९
तालिका नं. १४: घरमुलीको लैङ्गिक विवरण ५१
तालिका नं. १५: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५२
तालिका नं. १६: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ५३
तालिका नं. १७: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ५४
तालिका नं. १८: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ५५
तालिका नं. १९: छानाको आधारमा घरको बनोटको विवरण ५७
तालिका नं. २०: जगको आधारमा घरको बनोटको विवरण ५८
तालिका नं. २१: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण २०७३ ६१
तालिका नं. २२: धरान उप-महानगरपालिकाको मतदाता संख्या विवरण ६२
तालिका नं. २३: भू-उपयोग विश्लेषण ६५
तालिका नं. २४: उप-महानगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ७३
तालिका नं. २५: आ.व. २०७२ देखि २०७४ सम्मको आयतर्फको अनुमान विवरण ७५
तालिका नं. २६: आ.व. २०७३/०७४ को चालु खर्चको स्वीकृत अनुमान ७५
तालिका नं. २७: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ७५
तालिका नं. २८: आश्रित जनसंख्याको विवरण ७६
तालिका नं. २९: विभिन्न बालीमा लाग्ने रोग विवरण ७८
तालिका नं. ३०: बाली पात्रो ७८
तालिका नं. ३१: व्यवसाय तथा उद्योगको विवरण ८२

तालिका नं. ३२: बैंक तथा वित्तीय संस्थाहरुको विवरण ८६
तालिका नं. ३३: उप-महानगरपालिकामा रहेका सहकारी नामावली विवरण ८७
तालिका नं. ३४: सहकारी संस्थाको विवरण ८८
तालिका नं. ३५: सरकारी तथा गैर सरकारी संस्थाहरुको विवरण ९०
तालिका नं. ३६: बिद्यमान सडक सञ्जाल ९३
तालिका नं. ३७: सूचना तथा संचार ९६
तालिका नं. ३८: एफ.एम. रेडियो ९६
तालिका नं. ३९: बत्ती बाल्न प्रयोग गरिने श्रोत ९८
तालिका नं. ४०: आर्थिक वर्षअनुसार वितरित लाईन संख्या ९९
तालिका नं. ४१: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण १००
तालिका नं. ४२: उप-महानगरपालिकामा संचालित निजी तथा सरकारी शिक्षालयहरुको विवरण १०४
तालिका नं. ४३: साक्षरता दर १०७
तालिका नं. ४४: शैक्षिक जनशक्तिको विवरण १०८
तालिका नं. ४५: विषयगत शैक्षिक जनशक्तिको विवरण १०९
तालिका नं. ४६: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ११०
तालिका नं. ४७: उप-महानगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण १११
तालिका नं. ४८: विद्यार्थी विवरण ११२
तालिका नं. ४९: उप-महानगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण ११४
तालिका नं. ५०: खेलकुद तथा मनोरञ्जन स्थानको विवरण ११९
तालिका नं. ५१: सामाजिक सुरक्षा प्राप्त गर्नेहरुको संख्या विवरण १२०
तालिका नं. ५२: अपाङ्गताको विवरण १२६
तालिका नं. ५३: सुरक्षा इकाईहरुको विवरण १२७
तालिका नं. ५४: सामाजिक अपराधको विवरण १२७
तालिका नं. ५५: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत १२८
तालिका नं. ५६: खानेपानीको वडागत विवरण १२९
तालिका नं. ५७: शौचालयको प्रकार १३१
तालिका नं. ५८: वडागत शौचालय संख्याको विवरण १३२
तालिका नं. ५९: सरसफाई तथा वारुणयन्त्र १३५
तालिका नं. ६०: वनको प्रकार अनुसार रहेको क्षेत्र १४०
तालिका नं. ६१: सामुदायिक वन व्यवस्थापनको विवरण १४२
तालिका नं. ६२: उप-महानगरपालिकामा वन अतिक्रमण विवरण १४५
तालिका नं. ६३: मानव विकास सूचकको विवरण (HDI) १४६
तालिका नं. ६४: गरीबीको दरको विवरण १४७

# नक्सा सूची

| | | |
|---|---|---|
| नक्सा नं. १ : | उप-महानगरपालिकाको समग्र वस्तुस्थिति | ६ |
| नक्सा नं. २ : | उप-महानगरपालिकाको वडा विभाजन | ७ |
| नक्सा नं. ३ : | उप-महानगरपालिकाको उचाई वितरण | ८ |
| नक्सा नं. ४ : | उप-महानगरपालिकाको भिरालोपना | ११ |
| नक्सा नं. ५ : | नदि तथा खोलाहरुको विवरण | १९ |
| नक्सा नं. ६ : | धार्मिक तथा पर्यटकीय स्थल विवरण | २० |
| नक्सा नं. ७ : | उप-महानगरपालिकाको जनसंख्या विवरण | ३५ |
| नक्सा नं. ८ : | उप-महानगरपालिकाको वडा अनुसार क्षेत्रफल विवरण | ३८ |
| नक्सा नं. ९ : | उप-महानगरपालिकाको वस्ती क्षेत्र | ३९ |
| नक्सा नं. १० : | उप-महानगरपालिकाको भू-उपयोग | ६४ |
| नक्सा नं. ११ : | सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरुको विवरण | ९१ |
| नक्सा नं. १२ : | उप-महानगरपालिकाको सडक सञ्जाल | ९२ |
| नक्सा नं. १३ : | उप-महानगरपालिकामा बस पार्कको अवस्था | ९५ |
| नक्सा नं. १४ : | उप-महानगरपालिकामा रहेका शिक्षण तथा स्वास्थ्य संस्थाहरुको विवरण | १०२ |
| नक्सा नं. १५ : | खानेपानी वितरण सम्बन्धी विवरण | १३० |
| नक्सा नं. १६ : | उप-महानगरपालिकामा रहेका सार्वजनिक शौचालय | १३३ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ। विकासात्मक कृयाकलापमा तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले उप-महानगरपालिकामा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौँधौ योजना (२०७३/०७४-२०७५/०७६) ले पनि उप-महानगरपालिका वा स्थानीय तहहरूले तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि स्थानीय निकायहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि उप-महानगरपालिकाको वस्तुस्थिति झल्कने गरी उप-महानगरपालिका पार्श्वचित्र (Sub-Metro Municipality Profile) तयार गरिएको हो।

## १.२ उप-महानगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरु

यस उप-महानगरपालिका पार्श्वचित्र मूलत: धरान उप-महानगरपालिकाको आगामी योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ। यसका उद्देश्यहरु यसप्रकार छन्।

क) उप-महानगरपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) उप-महानगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) उप-महानगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने।

घ) उप-महानगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) उप-महानगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) उप-महानगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ)	उप-महानगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज)	उप-महानगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ)	उप-महानगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ)	स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम उप-महानगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । उप-महानगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले धरान उप-महानगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा उप-महानगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासका कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत उप-महानगरपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले उप-महानगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक उप-महानगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Sub-Metropolitan city Profile तयार गर्नु पनि एक हो । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा उप-महानगरपालिकाले उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ उप-महानगरपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ। उप-महानगरपालिका पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन्।

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ।
- ✓ भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वितीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै उप-महानगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अन्र्तवार्ता गरी उप-महानगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। उप-महानगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू उप-महानगरपालिका कार्यालय लगायत उप-महानगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ।

## १.६ उप-महानगरपालिका पार्श्वचित्र तयारीका सिमाहरु

राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम उप-महानगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। उप-महानगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित उप-महानगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले धरान उप-महानगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमितता‌मा बाँधेको छ। तथापी यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : उप-महानगरपालिकाको वस्तुस्थिति चित्रण

## २.१ उप-महानगरपालिकाको संक्षिप्त परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलको सुनसरी जिल्लामा अवस्थित यस धरान उप-महानगरपालिका, नेपालकै एक सुन्दर तथा विविध साँस्कृतिक विविधता भएको शहर हो। शहरको तिन तर्फबाट डाँडोले घेरेको, दक्षिण तिर चारकोशे झाँडी, दुवै तर्फ खोलाले घेरेको र थोरै दूरीमा पनि उचाइको धेरै फरक रहेको अर्थात् तराईको समथर मैदान देखि जम्मा ४ कि.मि. को दूरीमा ३०५ मी. देखि ७०० मी. सम्मको उचाईमा रहेको यस उप-महानगरपालिकालाई पहाड र तराईको संगम स्थल (भाबर प्रदेश) को रुपमा मानिन्छ। भौगोलिक हिसाबले ८७°१२'०४" देखी ८७°२१'२५" पूर्वी देशान्तर र २६°४२'३५" देखि २६°५२'४१" उत्तरी अक्षांश बीचमा रहेको धरान पूर्वाञ्चल विकास क्षेत्रको एउटा प्रमुख पर्यटकीय, व्यापारिक र शहरी क्षेत्र हो। यस उप-महानगरपालिका पर्यटकीय सम्भावनाका दृष्टिले एक मनोरम शहर हुनुका साथै पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको छ। यस आसपासमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थल तथा वस्तुहरुले यहाँको पर्यटकीय तथा साँस्कृतिक महत्वलाई दर्शाउँछ। करीब १९२.६१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस उप-महानगरपालिकाको उत्तरमा धनकुटा जिल्ला, पश्चिमतर्फ बराह नगरपालिका, दक्षिणमा इटहरी उप-महानगरपालिका र पूर्वमा मोरङ्ग जिल्ला रहेका छन्।

हालको आधुनिक धरान शहर रहेको स्थानमा सुरुमा घना जङ्गल रहेको र सो जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरुले तयार गर्ने गरेको धरान (धराप) बाट नै आजको धरान शहरको नामाकरण भएको भन्ने भनाई छ।


वि.स. १९५० तिर घना जङ्गल फँडानी गरेर सानो बस्तीबाट सुरुवात भएको धरान, वि.स. १९५९ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले चन्द्रनगर (हाल पुरानो बजार) र वि.स. १९९० तिर श्री ३ जुद्ध शमशेरले जुद्ध नगर (हालको नयाँबजार) बसालेको इतिहासमा पाइन्छ। वि.स. २०१० सालमा पूर्वाञ्चलको लागि ब्रिटिस गोर्खा भर्ती केन्द्र धरानमा स्थापना भए पछि मुख्य रुपमा धरानमा बसोबास तथा चहलपहल बढेको पाइन्छ। वि.स. २०१७ सालमा धरान नगरपालिका घोषित भएको धरान, वि.स. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कोशी अञ्चलको सदरमुकाम समेत घोषित भएको थियो। सुरुमा ११ वडाहरू मात्र रहेको धरानलाई वि.स. २०३५ सालमा पूर्वतर्फ रहेको बाँझगरा गाउँ पञ्चायत र पश्चिम तर्फ रहेको घोपा गाउँ पञ्चायतलाई गाभेर क्षेत्र विस्तार गरी १९ वडामा विभाजन गरिएकोमा २०७१ वैशाख २५ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार पाँचकन्या गा.वि.स.लाई पनि धरान उप-महानगरपालिका गाभी २३ वडा कायम गरियो। फेरी २०७१ मंसिर १६ गते नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय अनुसार विष्णुपादुका गा.वि.स.लाई धरान नगरपालिकामा गाभेर २७ वडा कायम गरि धरान नगरपालिकालाई उप-महानगरपालिका घोषित गरिएको हो र हाल नेपाल सरकारको निर्णयानुसार यस उप-महानगरपालिकालाई २० वटा वडाहरुमा पुन: संरचित गरिएको छ।

उष्ण मनसुनी प्रकारको हावापानी पाईने धरानको अधिकतम तापक्रम ३५ देखि ३६ डिग्री, न्यूनतम तापक्रम ९ देखि ११ डिग्री रहेको पाईन्छ। यस उप-महानगरपालिका नेपालको दोश्रो धेरै पानी पर्ने (वार्षिक २६२६ मि.मि.) स्थानमा रहेको छ। उप-महानगरपालिकामा सामुदायिक र संस्थागत गरी ८ वटा उ.मा.वि. तह, ३० वटा मा.वि, १० वटा नि.मा.वि र ५१ वटा प्रा.वि, ४ वटा क्याम्पस, १ विश्वविद्यालय, १ विशेष शिक्षालय (दृष्टिविहिन/बहिरा) र प्राविधिक शिक्षालय (सिटिभिटी) गरी जम्मा १२२ वटा शिक्षण संस्थाहरु संचालित छन्। सुनसरी जिल्लामा धरान उप-महानगरपालिकामा धेरै विकासको सम्भावना बोकेको उप-महानगरपालिका रुपमा रहेको छ। यसका अतिरीक्त यहाँका राजनैतिक दल र उत्प्रेरीत मानव संसाधन समेत यो उप-महानगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस उप-महानगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी राई जाति २८,५३६ जना (२०.७२ प्रतिशत), दोस्रोमा लिम्बू १६,०६१ (११.६६ प्रतिशत) र तेस्रोमा नेवार १५,२३७ (११.०६) हरुको बसोबास रहेको छ। यस उप-महानगरपालिका २० वडाहरु रहेका छन्। पूर्वाञ्चल क्षेत्रको दोश्रो ठूलो शहरी क्षेत्रको रुपमा रहेको यस नगरमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा सेवा व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीका अन्य मुख्य श्रोतमा व्यापार व्यवसाय, साना तथा ठूला उद्योगहरु, नोकरी र विकल्पमा वैदेशिक रोजगार विशेषत ब्रिटिस आर्मी रहेका छन्। शहरी क्षेत्रभन्दा केहि बाहिरका क्षेत्रहरुमा परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। यस उप-महानगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन्। अध्ययनका लागि यस उप-महानगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका विशेषत पूर्वी पहाडी जिल्लाहरुबाट समेत आउने गरेका छन्। विगत लामो समय सम्म स्थानीय निकायमा जनप्रतिनिधिको खाँचो, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा सहजता तथा आवश्यक आर्थिक व्यवस्थापनमा सहजता नहुनुले यस उप-महानगरपालिका क्षेत्रको अपेक्षित विकास भैरहेको देखिदैन। यद्यपी यस उप-महानगरपालिकाका घरहरु व्यवस्थित ढंगबाट अर्थात् सडकमा आधारित घर नम्बरीङ्ग भएको र उप-महानगरपालिकाको पूर्वाधार विकासमा अत्यधिक जनसहभागिता भएकाले स्कूल, सडक, खानेपानी विस्तार, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरु गर्न सफल भएको छ। उप-महानगरपालिकामा बसोबास गर्ने जागृत नगरबासीहरुले गर्दा उप-महानगरपालिका खुल्ला दिसा मुक्त तथा प्लास्टिक प्रयोग निषेधित र बालश्रम मुक्त क्षेत्र घोषणा गरिएको छ। यसरी विभिन्न क्षेत्रमा अग्रणी स्थानमा रहेको यस उप-महानगरपालिकामा ब्रिटिस सैनिकहरुको बाहुल्यता रहेको छ।


सडक यातायातको पहुँचको सुविधाका दृष्टिले बिराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान पुग्न सकिन्छ भने धरान हुँदै धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ। अगाडी उल्लेख भएजस्तै धरान पूर्वी पहाडी जिल्लाहरको एक प्रमुख प्रस्थान विन्दु हो।

विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, होलि, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, धान नाच, च्याब्रुङ्ग नाच, चासोक ताङनाम, उधौली/उभौली, दोकेनी, ढोल नाच, लाखे नाच, साकेला, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।


विविध जाति तथा जनजातिहरूको बसोबास स्थल र कला, साहित्य, सँस्कृति तथा खेलकुदको क्षेत्रमा ख्याति प्राप्त धरान हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर शहरको रूपमा विकास हुँदै पूर्वाञ्चलको मात्र नभइ नेपालकै नमुना उप-महानगरपालिका बन्न प्रयासरत छ ।




नक्सा नं. १ : उप-महानगरपालिकाको समग्र वस्तुस्थिति




नक्सा नं. २ : उप-महानगरपालिकाको वडा विभाजन




नक्सा नं. ३ : उप-महानगरपालिकाको उचाई वितरण

### उप-महानगरपालिका हुनको लागि आवश्यक आधारभुत मापदण्ड

नेपालको संविधानको धारा २९५ (३) अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगको गठन भएको र उक्त आयोगले स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समितिको कार्यविधिबमोजिम स्थानीय निकायहरू गठन गर्न अध्ययनसहित नेपाल सरकारलाई सुझाव पेश गरेको छ। सोहीअनुरुप उप-महानगरपालिका गठन हुनका लागि निम्नअनुसारका मापदण्डहरु आवश्यक पर्दछन्।

न्यूनतम जनसंख्या : १,५०,०००

आन्तरिक आम्दानी : १० करोड

शैक्षिक पुर्वाधार : स्नातकोत्तर तहसम्मको क्याम्पस रहेको हुनुपर्ने

आवश्यक कायम हुन सक्ने वडा संख्या : १९ देखि २७ सम्म

अन्य मापदण्ड:

- नगरपालिकाका लागि चाहिने सबै पूर्वाधार पुरा भएको हुनु पर्ने
- २०० सैयाको हस्पिटल भएको हुनु पर्ने
- रङ्गशाला वा खेलमैदान र कभर्ड हल भएको हुनु पर्ने
- सभा हल भएको हुनु पर्ने
- फोहोरमैला प्रशोधन केन्द्र, पशुवधशाला र शवदाह स्थल भएको हुनु पर्ने

## २.२ भूक्षेत्र (टोपोग्राफी)

धरान उप-महानगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृतिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

### Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।


यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई

सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### Slope 5-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृतिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृतिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमीका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाई गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाई प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाई भएको खण्डमा भू-क्षयीकरणको प्रवृति तुरुन्त शुरु हुन सक्दछ।




नक्सा नं. ४ : उप-महानगरपालिकाको भिरालोपना

## २.२.१ भू-आकृति तथा माटोको बनोट

पहाड र तराईको संगम स्थल अर्थात् भाबर प्रदेश रहेको यस उप-महानगरपालिकाको जमिन भिरालो प्रकारको छ। उप-महानगरपालिकाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यसअन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ। भूआकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ :

### (क) उत्तरी चुरे क्षेत्र

भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand Stone र Conglomerates को बाहुल्यता रहेको छ।

### (ख) मध्य भावर क्षेत्र :

चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ। यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ। यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ।

### (ग) दक्षिणी तराइ क्षेत्र :

उप-महानगरपालिकाको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ।


## २.२.२ हावापानी


जलवायुको हिसाबले यस उप-महानगरपालिका उष्ण तथा समशीतोष्ण प्रकारको हावापानी रहेको छ। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको तापक्रम अधिकतम ३५ देखि ३६ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ९ देखि ११ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस उप-महानगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. १:** धरानको तापक्रम

| Month | जनवरी | फेब्रुवरी | मार्च | एप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषत तापक्रम (°C) | १५.६ | १७.३ | २१.६ | २६ | २७ | २७.७ | २७.४ | २७.२ | २६.४ | २५ | २०.६ | १६.५ |
| न्यूनतम तापक्रम (°C) | ९.२ | १०.३ | १४.५ | १९.१ | २१.७ | २३.६ | २३.९ | २३.५ | २२.६ | २०.२ | १३.९ | ९.६ |
| अधिकतम तापक्रम (°C) | २२ | २४.४ | २८.७ | ३२.९ | ३२.४ | ३१.९ | ३०.९ | ३१ | ३०.३ | २९.९ | २७.४ | २३.४ |
| औषत वर्षा (मि.मि) | ११ | ९ | २२ | ४८ | १२९ | २६६ | ४७६ | ४४७ | २८७ | ९१ | ९ | ४ |

*स्रोत: जल तथा मौसम विभाग*




## २.३ उप-महानगरपालिकामा रहेको सम्भाव्यता र अवसर

उप-महानगरपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत उद्योग, व्यवसाय, व्यापार, नोकरी, यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस धरान उप-महानगरपालिकाको मुख्य बजार क्षेत्रमा हेर्दा उद्योग, व्यापार, नोकरी आदि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। यसका साथै पर्यटन व्यवसाय तथा सेवा क्षेत्रमा संलग्न रहेका परिवारहरुको संख्या पनि उच्च नै रहेको देखिन्छ भने उप-महानगरपालिकाको ग्रामिण क्षेत्रमा अधिकांश घरपरिवारहरुले कृषि पेशा अंगालेका देखिन्छन् । उप-महानगरपालिकामा रहेको ग्रामिण र खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।

उप-महानगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ शहरी प्रदुषण खेतीयोग्य जमिनको अतिक्रमण, जलवायू परिवर्तन, अव्यवस्थित शहरीकरण तथा अवैज्ञानिक कृषि प्रणालीले माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा अनुकुल र सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

उप-महानगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र उप-महानगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस उप-महानगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

उप-महानगरपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

उप-महानगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

धरान पर्यटकीय सम्भावना बोकेको शहर हो। नेपालको पूर्वी पहाडी जिल्लाहरूको प्रवेशद्वार तथा पहाड र तराईको संगम स्थल, भौगोलिक स्थिति, हावा पानी, यहाँ रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरू साथै यसका आसपासमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय महत्वका स्थल तथा वस्तुहरूले यसको पर्यटकीय सम्भावनाहरूलाई देखाउँछ।

धरानको शिरानमा रहेको विजयपुर डाँडा र त्यहाँ रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका मठमन्दिरहरु र ती मन्दिरमा विभिन्न समयमा लाग्ने धार्मिक मेलाहरू, बाह्रै मास चिसो हावा पानी पाइने भेडेटार तथा वेलायका युवराज चार्ल्स चढेको पहाड चार्ल्स प्वाइन्ट (भेडेटार भ्यू टावर) तथा धरानमा विकसित हुदै गरेका विभिन्न पार्कहरूले धरानलाई पर्यटकीय केन्द्रको रूपमा विकास हुन सहयोग पुऱ्याएका छन्। धरानको आसपासमा रहेका धार्मिक महत्वका स्थानहरू र त्यहाँ लाग्ने मेला वराहक्षेत्र, विष्णु पादुका, रामधुनी, पञ्चायनधाम आदिले पनि धरानको धार्मिक पर्यटकीय महत्वलाई थप टेवा पुऱ्याएका छन्। त्यस्तै कोशी टापु वन्यजन्तु आरक्षले पनि धरानको पर्यटकीय विकासलाई सहयोग पुऱ्याएको छ।

धरानबाट पूर्वी पहाडी जिल्लाका रमणीय ठाउँहरू धनकुटा, ताप्लेजुङ, कुम्भकर्ण हिमाल, कन्चनजंगा हिमाल, मकालु वरुण राष्ट्रिय निकुञ्ज, अरुण उपत्यका, तिनजुरे, मिल्के (लालीगुराँस क्षेत्र), गुफा पोखरी, सभा पोखरी, ह्यात्रुंग झरना आदिको प्रवेश मार्ग भएकोले पनि यसको पर्यटकीय महत्व उच्च रहेको छ।

धरानका विभिन्न जाति जनजातिहरूका सांस्कृतिक र परम्परागत रहनसहन तथा रितिरिवाजले पनि पर्यटकीय महत्वलाई सहयोग पुऱ्याएको छ। राई जातिको साकेला नाच (उँधौली उँभौली पूजा), लिम्बू जातिको धाननाच, नेवार जातिको लाखेनाच, गाईजात्रा, तामाङ्ग जातिको शेलो, गुरुङ्ग जातिको रोदीधर तथा क्षेत्रीवाहुन जातिको बालननाच तथा संगिनी आदिको लागि पनि धरान महत्वपूर्ण थलोको रुपमा रहेको छ।

यसरी विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु पर्यटकीय महत्वको गहनाका रुपमा रहेको यो उप-महानगरपालिका निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस उप-महानगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले स्वदेशमै रोजगार श्रृजना गर्न सके उप-महानगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त धरान उप-महानगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ उप-महानगरपालिका क्षेत्र भित्र रहेका जलक्षेत्रबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायीक रुपमा खेती गर्न सके उप-महानगरपालिका उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र उप-महानगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक हिसाबले उप-महानगरपालिका उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ सुनसरी जिल्लामा अवस्थित यस उप-महानगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले उप-महानगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- ✓ उप-महानगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.४ उप-महानगरपालिकाको अवसर र सम्भावनाहरु

यस धरान उप-महानगरपालिकाको विद्यमान अवसर तथा सम्भावनाहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, समथर भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसँग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको सञ्चालनमा व्यवस्था भएकोले शैक्षिक केन्द्रका रुपमा विकसित भैरहेको र थप विकसित बनाउन सकिने
- ✓ पर्यटन क्षेत्रको वृहत्तर विकास गर्न सकिने
- ✓ विकासमा उच्च जनसहभागिता सुनिश्चित गर्न सकिने

## २.५ उप-महानगरपालिकाको समस्या र चुनौती

यस धरान उप-महानगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ उप-महानगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखानाको अपेक्षित विकास नहुनु ।
- ✓ उप-महानगरपालिका क्षेत्रका कतिपय ग्रामिण क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ उप-महानगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ उप-महानगरपालिकायोग्य भूमि भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमिले उप-महानगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ बढ्दो शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु ।
- ✓ कतिपय स्थानमा आकासे पानीमा निर्भर सिचाई
- ✓ अधिकांश परम्परागत कृषि प्रणाली
- ✓ सार्वजानिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- ✓ योजनाबद्ध वस्ती विकासको अभाव ।
- ✓ वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव ।

## २.६ उप-महानगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगरमा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस उप-महानगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ। तराई क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू पहाड भित्रिने गर्दछन। पहाडका अन्य स्थानहरुको तुलनामा यस धरान नगर सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति निकै बढी देखिन्छ। पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा सेवा आउने जाने गर्दछन। मौसमी रोजगारको लागि तराईबाट पहाड चढ्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस उप-महानगरपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसँग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।


## २.७ सिमसार क्षेत्र तथा जलश्रोत

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। उप-महानगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि, ताल र पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। यस्ता जलक्षेत्रहरु विशेषत जल पर्यावरणयीय प्रणालीका प्रमुख आधारहरु हुन भने अन्य पर्यावरणीय प्रणालीका समेत अपरिहार्य अंगहरु हुन्। संसारमा विशाल नदिहरु मानव सभ्यताकै केन्द्रहरु हुन तर अव्यवस्थित र अत्याधिक मानविय कृयाकलापहरु प्रदुषण जलवायू परिवर्तन, भूमण्डलिय तापक्रम वृद्धि आदिले जलक्षेत्रहरु संकटमा परेका छन्। साथै मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा क्रमश सुक्ने र भू-क्षय भई पुरिने क्रम जारी छ। निम्न तालिकामा उप-महानगरपालिकाका प्रमुख खोला/नदिहरूको विवरण देखाइएको छ।

**तालिका नं. २:** उप-महानगरपालिकामा रहेका खोला तथा नदिहरुको विवरण


| क्र.सं. | नदीको नाम | लम्बाई (कि.मि.) |
|---|---|---|
| १ | कोशी | ५२ कि.मि. |
| २ | सुनसरी | ५३ कि.मि. |
| ३ | ट्याङ्ग्रा | ४६ कि.मि. |
| ४ | गडन | २९ कि.मि. |
| ५ | सर्दु | १८ कि.मि. |
| ६ | सेराहा | २५ कि.मि. |
| ७ | बुढी | २६ कि.मि. |
| ८ | सेउती | २० कि.मि. |

*स्रोत : जिल्ला वन कार्यालय, २०७३*




नक्सा नं. ५ : नदि तथा खोलाहरुको विवरण

## २.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




नक्सा नं. ६ : धार्मिक तथा पर्यटकीय स्थल विवरण

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ। पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो। अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन्। यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ। तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ।

धरान प्रसस्त पर्यटकीय सम्भावना बोकेको शहर हो। नेपालको पूर्वी पहाडी जिल्लाहरूको प्रवेशद्वार तथा पहाड र तराईको संगम स्थल, भौगोलिक स्थिति, हावा पानी, यहाँ रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरू साथै यसका आसपासमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय महत्वका स्थल तथा वस्तुहरूले यसको पर्यटकीय सम्भावनाहरूलाई देखाउँछ।

धरानको शिरानमा रहेको विजयपुर डाँडा र त्यहाँ रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका मठमन्दिरहरु र ती मन्दिरमा विभिन्न समयमा लाग्ने धार्मिक मेलाहरू, बाह्रै मास चिसो हावा पानी पाइने भेडेटार तथा वेलायका युवराज चार्ल्स चढेको पहाड चार्ल्स प्वाइन्ट (भेडेटार भ्यू टावर) तथा धरानमा विकसित हुँदै गरेका विभिन्न पार्कहरूले धरानलाई पर्यटकीय केन्द्रको रूपमा विकास हुन सहयोग पुऱ्याएका छन्। धरानको आसपासमा रहेका धार्मिक महत्वका स्थानहरू र त्यहाँ लाग्ने मेला वराहक्षेत्र, विष्णु पादुका, रामधुनी, पञ्चायनधाम आदिले पनि धरानको धार्मिक पर्यटकीय महत्वलाई थप टेवा पुऱ्याएका छन्। त्यस्तै कोशी टापु वन्यजन्तु आरक्षले पनि धरानको पर्यटकीय विकासलाई सहयोग पुऱ्याएको छ। यसका अतिरिक्त सप्तकोसी नदीमा र्‍याफ्टीङ्ग साथै चरतादेखि कोशी ब्यारेजसम्म नौका दौड, भेडेटारबाट प्याराग्लाइडीङ्ग, पञ्चकन्या नेचुरल पार्क, पञ्चकन्या जंगलको सिरानमा रहेको किराँत कालिन दरबारको भग्नावशेषको उत्खनन्, विष्णुपादुका बराहक्षेत्र केवलकार संचालन, बाबाधाम मेला, बुढासुब्बा मन्दिर, दन्तकाली मन्दिर, पिण्डेश्वर मन्दिर, हिमालयन महायन देछेन छ्योलिङ गुम्बा आदि विभिन्न धार्मिक तथा पुरातात्विक मन्दिरहरुले स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षण गरेको छ।

धरानबाट पूर्वी पहाडी जिल्लाका रमणीय ठाउँहरू धनकुटा, ताप्लेजुङ, कुम्भकर्ण हिमाल, कन्चनजंगा हिमाल, मकालु वरुण राष्ट्रिय निकुञ्ज, अरुण उपत्यका, तिनजुरे, मिल्के (लालीगुराँस क्षेत्र), गुफा पोखरी, सभा पोखरी, ह्यात्रुंग झरना आदिको प्रवेश मार्ग भएकोले पनि यसको पर्यटकीय महत्व उच्च रहेको छ।

धरानका विभिन्न जाति जनजातिहरूका सांस्कृतिक र परम्परागत रहनसहन तथा रितिरिवाजले पनि पर्यटकीय महत्वलाई सहयोग पुऱ्याएको छ। राई जातिको साकेला नाच (उँधौली उँभौली पूजा), लिम्बू जातिको धाननाच, नेवार जातिको लाखेनाच, गाईजात्रा, तामाङ्ग जातिको शेलो, गुरुङ्ग जातिको रोदीधर तथा क्षेत्रीवाहुन जातिको बालननाच तथा संगिनी आदिको लागि पनि धरान महत्वपूर्ण थलोको रुपमा रहेको छ।

**तालिका नं. ३:** धरान उप-महानगरपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बा संख्या

| क्र.सं. | विवरण | संख्या | क्र.सं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | मन्दिर (Temples) | ५० | ३ | चर्चहरू (Churches) | २१ |
| २ | गुम्बा (Monasteries) | ९ | ४ | मस्जिदहरू (Mosques) | १ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

**तालिका नं. ४:** धरान उप-महानगरपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको नामावली

| क्र.सं. | स्थान | मन्दिर/गुम्बा |
|---|---|---|
| १ | विजयपुर डाँडाको उत्तरी भागमा अवस्थित (पञ्चकन्या पार्क भित्र) | पञ्चकन्या मन्दिर |
| २ | विजयपुर डाँडाको मध्य पूर्वि भाग | बुढासुब्बा मन्दिर |
| ३ | विजयपुर डाडाको मध्य भाग | दन्तकाली मन्दिर |
| ४ | विजयपुर डाँडाको दक्षिण भाग | पिण्डेश्वर मन्दिर |
| ५ | धरान -१८ रत्नचोक | हिमालय महायान देछेन छयोलिङ गुम्बा |
| ६ | धरान-६, भानुचौक | धरान घण्टाघर |
| ७ | धरान-६, भानुचौक | भूकम्प स्मारक पार्क निर्माण |
| ८ | धरान -८, रेडियो नेपाल मार्गको दक्षिण तर्फ | यलम्बर सामुदायिक वन (पार्क) |
| ९ | धरान-१४ को उत्तर भागमा | पञ्चकन्या नेचुरल पार्क |
| १० | धरानबाट २२.६ कि.मी. उत्तर भागमा | भेडेटार |
| ११ | धरानबाट १४ कि.मी. पश्चिम भागमा | बराह क्षेत्र (कोशीटप्पु वन्य जन्तु आरक्षण केन्द्र) |
| १२ | धरान -२०, उत्तर भागमा | विष्णु पादुका |
| १३ | धरानबाट २५.७ कि.मी. दक्षिणमा | अखण्ड रामधुनी |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

### क) पञ्चकन्या मन्दिर



विजयपुर डाँडाको उत्तरी भागमा अवस्थित (पञ्चकन्या पार्क भित्र) यस पञ्चकन्या मन्दिर हिन्दूहरूका आदर्श नारी पंचकन्या ( पार्वती, द्रौपदी, तारा, मन्दोदरी र कुन्ती) को नामबाट यस मन्दिरको नाम रहेको छ। यस मन्दिरको निर्माण बारे ऐतिहासिक अभिलेख नपाइएका पनि सेनगढीका अन्तिम राजा नरेन्द्र सेनले यो मन्दिरको निर्माण गरेका हुन भन्ने भनाइ रहेको छ।

यस मन्दिरको प्रसाद खुवाएमा लाटा बहिरा केटाकेटीहरू बोल्न र सुन्न सक्ने हुन्छन् भन्ने विश्वास गरिन्छ । हाल धरान उप-महानगरपालिकाद्वारा संरक्षित वन क्षेत्र भित्र रहेको यो रमणीय मन्दिरमा दर्शनका अतिरिक्त वनभोज विवाह एवं व्रतबन्धका लागि समेत अत्यधिक संख्यामा मानिसहरू आवत जावत गर्दछन् ।

### ख) बुढासुब्बा मन्दिर

वि.सं. १८३० तिर नेपालको राष्ट्रिय एकीकरणको सिलसिलामा विजयपुरका तत्कालीन राजा बुद्धिकर्ण ख्वाङरायलाई गोरखाका राजाले मारे पछि उनलाई अन्तिम संस्कार गरिएको समाधि स्थल नै अहिलेका बुढासुब्बा मन्दिर हो भनी इतिहासकारहरू बताउँछन् । यद्यपि अहिले सम्म यो कसको समाधि हो भन्ने यकिन हुन सकेको छैन । किम्वदन्ती अनुसार बुढासुब्बालाई किराँत धर्मावलम्बीहरुको देवताको रूपमा लिइन्छ ।

विजयपुर डाँडाको मध्य पूर्वि भागमा अवस्थित रहेको यस बुढासुब्बा मन्दिरभित्र कुनै देव देवीको आकृतियुक्त प्रतिमा नभएर ३ वटा माटोका ढिस्को रहेका छ । यहाँका मगर जातिका पुजारीहरू बुढासुब्बालाई चढाएको कुखुराको कलेजोबाट जोखना पनि हेर्ने गर्दछन् । यहाँ कुखुरा र सुँगुरको मात्र बली चढाइन्छ । यहाँको बाँसको टुप्पो नहुनु, भुसुना र काग नआउनू तथा शीत नपर्नू यस क्षेत्रको अलौकिक विशेषता हो । आपतविपद र दुख विमार पर्दा बुढासुब्लाई सम्झिएर कुखुरा, सुँगुर, अण्डा, बिडी, रक्सी आदि भाकल गरेमा मनोकामना सिद्ध हुन्छ भन्ने गहिरो जन विश्वास रहेको छ । यहाँ विशेष गरेर बुधवार र शनिवार भाकल बुझाउनेहरूको ठूलो भिड लाग्ने गर्दछ ।



### ग)	दन्तकाली मन्दिर

स्वस्थानी व्रत कथामा उल्लेखित भए अनुसार सत्ययुगमा भगवान शिवले विरक्त भएर मृत पत्नी सतीदेवीको शवलाई बोकी हिँड्दा विभिन्न स्थानमा अंगहरु पतन हुने क्रममा दाँत पतन भएको स्थानको रुपमा मानिने यस दन्तकाली मन्दिर विजयपुर डाँडाको मध्य भागमा अवस्थित रहेको छ ।

हाल सम्म पनि सो ऐतिहासिक दाँत यहाँ सुरक्षित रहेको छ । पशुपन्छीको बलि चढाउने गरेको यस मन्दिरमा दशैको प्रतिपदा देखि नवमीसम्म विशेष पूजाआजा गरिन्छ ।




### घ)	पिण्डेश्वर मन्दिर

भारत वर्षको नामकरण पूर्वको १४ अरण्य मध्ये १० अरण्य रुद्राक्षरण्य धरानको यस पिण्डेश्वर बाबाधामलाई मानिन्छ । देवता र दानव संयुक्त रुपमा समुन्द्र मंथन गरी निकालेको अमृतको घडा लिई यस स्थानमा देवताहरू आएका थिए भन्ने मान्यता रहेको छ । यो विजयपुर डाँडाको दक्षिण भागमा अवस्थित छ ।




यस मन्दिरमा रहेका अती प्राचीन देवदेवीका कलात्मक मन्दिर र मूर्तिहरू जसमध्ये अष्टभुजा देवीको मन्दिर प्रसिद्ध छ । यहाँ चौबीसै घंटा निरन्तर बत्ति बाली राखिन्छ र यदि निभेको खण्डमा रामधुनी मन्दिरबाट दीप ल्याएर बाल्ने प्रचलन अद्यावधि कायमै छ । रुद्राक्षका रुखहरू यो मन्दिर वरिपरि पाइन्छ । श्रावण महिनाको प्रत्येक सोमवारका दिन चतरा सप्तकोसीको पानी ल्याएर चढाउने (बोलबम) प्रचलन रहेको यस मन्दिरमा बालाचतुर्दशीका दिन श्रदालुहरुले पितृ पुर्खाहरूको नाउमा सतबीउ छर्ने गर्दछन् ।

### ङ) हिमालय महायान देछेन छयोलिङ गुम्बा

वि.सं. २०३२ सालमा (धरान-१८, रत्नचोक) स्थापना भएको यस हिमालय महायान देछेन छयोलिङ गुम्बा धरानमा स्थापना भएको पहिलो गुम्बा हो । २०३० सालमा सानो गुम्बाको निर्माण गरि विभिन्न कृयाकलाप हुँदै आएको र २०५५ साल देखि चन्दादाताहरुबाट चन्दा संकलन गरि २०५८ मा पुन: निर्माण कार्य सम्पन्न भएको थियो ।

यस गुम्बामा मासिक दशमी पूजा, वार्षिक पूजा हुक्पा छेजी, दशैमा काटिने पशुको मुक्तिका लागि मार पूजा ञ्यूङने व्रत पूजा, बुद्ध जयन्ती, अन्य धार्मिक तथा सामाजिक कृयाकलापहरु आदि गरिदै आएका छन् ।

## च) धरान घण्टाघर

धरान उप-महानगरपालिकाको २० वर्षे दीर्घकालीन सोच अनुरूप पर्यटकहरूका लागि थप आकर्षण र धरान उप-महानगरपालिकाको छुट्टै पहिचान समेत गराउने उद्देश्यले धरान ६ भानुचौकमा कूल रु. ५६,३९,०००.०० को लागत अनुमानमा घण्टाघर निर्माण प्रारम्भ भई अन्तिम चरणमा पुगेको छ। उक्त घण्टाघर निर्माण गर्न धरान हङकङ मंचको सकृयतामा धरान लगायत विभिन्न ठाउँबाट हङकङ र मकाउमा गएर बस्ने नेपालीहरूबाट आर्थिक सहयोग प्राप्त भएको छ।



उक्त घण्टाघरको निर्माण गर्ने जिम्मा अमृत निर्माण सेवा प्रा.लि., धरान ३ ले लिएको छ। हङकङ स्थित घण्टाघरकै नमुनाको उक्त घण्टाघर जमिन भन्दा माथि ७६.५ फिट उचाइको रहने छ भने ५५ फिटको उचाइमा गएर एक पटकमा करिब ५० जना सम्मले वरिपरि परिक्रमा गर्दै दृश्यावलोकन गर्न सक्ने छन्। घण्टाघरको उत्तर तर्फ भूकम्प स्मारक (पार्क) समेत निर्माण गरिने छ।

## छ) भूकम्प स्मारक पार्क निर्माण

धरान उप-महानगरपालिका वडा नं ६ भानुचोकमा धरान घण्टाघर संगै उत्तरतर्फ भूकम्प स्मारक पार्क निर्माण भएको छ। धरानबाट जापान गएर बसोबास गर्ने नेपालीहरूको संगठन धरान-जापान समूहको आर्थिक सहयोगमा निर्माण गरिएको भूकम्प स्मारक पार्कमा २०४५ सालको भूकम्पमा धरानमा मृत्यु हुने व्यक्तिहरूको नाम शिलामा अंकित

गरिएको छ । ८ लाखको लागतमा निर्माण भएको उक्त स्मारक र पार्क निर्माण गर्न धरान जापान समूहबाट रु. ५ लाख प्राप्त भएको थियो भने बाँकी रु. ३ लाख स्थानीय चन्दा दाताहरूबाट घण्टाघर निर्माण अनुगमन समितिले संकलन गरी उक्त समितिबाट निर्माण कार्य गरिएको हो ।



२०४५ सालको भूकम्पले धरानलाई धेरै क्षति पुऱ्याएको र उक्त भूकम्पबाट नेपाल अधिराज्य भरमा ७०० जनाको मृत्यु भएकोमा ११४ जनाको मृत्यु धरानमानै भएकोले तीनै भूकम्पमा परी मृत्यु हुनेहरूको सम्झनामा यो स्मारक वनाइएको हो । उक्त स्मारक बनाउन २०५७ सालमा धरान शतवार्षिक महोत्सवको बेलानै शिलान्यास गरिएको थियो ।

### झ) यलम्बर सामुदायिक वन (पार्क)

राई भू.पू. सैनिकहरूले किराँत राई वृक्षारोपण तथा संरक्षण समूहको नामबाट वि.सं. २०५४ सालबाट शुरु गरेको वन संरक्षण हाल आएर यलम्बर सामुदायिक वनले प्रख्यात भएको छ । धरान ८ तिनकुनेबाट विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जाने बाटोको दक्षिणमा रहेको यो पार्क वि.सं. २०५५ सालमा यलम्वर सामुदायिक वनको रुपमा दर्ता भएको हो । हाल यस सामुदायिक वन ४ महिला सहित १७ सदस्यीय संचालक समिति मार्फत संचालित रहेको छ ।

### अन्य विशेषताहरू

- ✓ वन २० हेक्टर क्षेत्रफलमा रहेको छ ।
- ✓ धरानमै एउटा मात्र झोलुंगेपुल साथै आकर्षक माछा पोखरी
- ✓ मिनी जु (पशुपक्षीहरू )रहेको
- ✓ टेबुलटेनिस तथा व्याटमिन्टन कोर्ट समेत रहेको
- ✓ पिकनिक स्पटहरु रहेको

- ✓ खानेपानी तथा विजुलिवत्ती आदिको सुविधा भएको
- ✓ प्राकृतिक हावापानी तथा वातावरण रहेको ।
- ✓ शैक्षिक तथा मैत्री भ्रमणका लागि नि:शुल्क व्यवस्था रहेको ।

### ञ) पञ्चकन्या नेचुरल पार्क

धरान उप-महानगरपालिका वार्ड नं. १४ को उत्तर भागमा नगरपालिकाद्वारा संरक्षित करिब १२ हेक्टर जंगल क्षेत्रमा पञ्चकन्या नेचुरल पार्क रहेको छ। उक्त स्थान धरान बजार (भानुचौकवाट) लगभग ३ कि.मी. उत्तरमा रहेको छ।

#### विशेषताहरू

- ✓ पञ्चकन्या, पाथिभरा र विन्ध्यवासिनी देवीका मन्दिरहरू रहेको ।
- ✓ ऐतिहासिक शेनवंशी राजाको दरबारको भग्नावशेष समेत रहेको ।
- ✓ पिकनिक स्थलहरू रहेका ।
- ✓ खानेपानी तथा बिजुलीबत्ती को सुविधा रहेको ।
- ✓ हरियाली प्राकृतिक मनोरम वातावरण रहेको ।
- ✓ विभिन्न चराचुरुँगीहरुको आवाज सुन्न र धरान बजारको दृश्यावलोकन समेत गर्न सकिने ।

#### अन्य

- ✓ मन्दिर दर्शन गर्न जाने बाहेक प्रति व्यक्ति रु ५ टिकट दस्तुर लाग्ने छ ।
- ✓ उक्त स्थल सम्म जान भानुचौकबाट ट्याक्सी ट्याम्पो रिजर्भ लीन सकिन्छ पैदल यात्रा गर्दा करिब आधा घण्टा लाग्दछ ।

### ट) भेडेटार

धरान देखि १६ किलोमिटर उत्तरपूर्व दिशामा अवस्थित भेडेटार सुनसरी र धनकुटा जिल्लाको संगम स्थल हो । समुन्द्री सतह देखि १४२० मीटर उच्च पहाडी क्षेत्र मा रहेको र बाह्रैमास चिसो पहाडी हावा बहने हुनाले यहाँ गर्मी मौसममा शीतल हावा खान र जाडो मौसममा पिकनिकको लागि जानेहरुको भिड लाग्दछ। यहाँ २०४० सालमा वेलायतका युवराज चार्ल्स चढी चाल्स प्वाईन्ट नामकरण भएको एउटा अग्लो चुचुरो छ। जहाँ हाल भेडेटार भ्यू टावर बनेको छ।


वनभोजको लागि पूर्वी नेपालमा यो स्थान ज्यादै प्रसिद्ध रहेको छ। काम्फेक डाँडाबजार र रबी (पाँचथर मेची) रोड पनि यही बाट छुटिएको छ। यहाँ खान बस्नका लागि राम्रा होटेलहरू, बिजुली बत्ति, टेलिफोन सुविधा रहेको छ। यसका अतिरिक्त नेपाल टेलिभिजन शव स्टेसन, दूरसञ्चारको रिले टावर र कान्तिपुर एफ एम प्रसारणको टावर पनि यहाँ रहेका छन्। भेडेटारबाट केही पश्चिम तिर हिँडेर गएपछि पूर्वाञ्चलकै प्रसिद्ध दोस्रो पाथीभरा देवीको मन्दिरमा पुगिन्छ। भेडेटारबाट पूर्वी तराईको रमाइलो फाँट सप्तकोसीको मनोरम दृश्य र पहाडी क्षेत्रका कुम्भकर्ण, मकालु, कंचनजंघा जस्ता हिमालहरूको दृश्य अवलोकन गर्न सकिन्छ ।



धरानबाट भेडेटार सम्म जानका लागि यातायातका साधनहरूमा धरान धनकुटा रुटमा चल्ने वसहरु र रिजर्भका लागि ट्याक्सी तथा भेनहरु धरान भानुचोकमा सजिलै पाइन्छ ।

### ठ) बराह क्षेत्र (कोशीटप्पु वन्यजन्तु आरक्षण केन्द्र)

धरान देखि २१ कि.मी. पश्चिम उत्तर दिशामा कोका नदी र सप्तकोसीको संगम स्थलमा वराहक्षेत्र मन्दिर रहेको छ । ऐतिहासिक पूरातात्विक तथा प्राकृतिक दृष्टिकोणबाट पनि अत्यन्तै महत्वपूर्ण र मनोरम रहेको वराहक्षेत्र हिन्दूधर्मका चार पौराणिक क्षेत्रहरू मध्ये नेपालमा पर्ने २ क्षेत्रहरु (मुक्तिनाथ क्षेत्र र वराहक्षेत्र) मध्ये एक हो । हिन्दू धर्म ग्रन्थका अनुसार विष्णु भगवानका दश अवतारहरू मध्ये तेस्रो अवतार (बनेलरुप) बराह भगवानले यस स्थानबाटै जल समाधिस्थ पृथ्वीलाई पानीबाट माथि उठाई उद्धार गरेको कुरामा विश्वास गरिन्छ ।



यहाँ पितृ तर्पण (श्राद्ध) गर्न, विवाह व्रतबन्धका अतिरिक्त प्राकृतिक सौन्दर्य, मनमोहक पहाडी दृश्य तथा नौका विहार (र्‍याफटिङ्ग) का लागि पनि मानिसहरू आउने गर्दछन्। कार्तिक शुक्ल एकादशी देखि पूर्णिमा सम्म र माघे सक्रान्तिमा लाग्ने विशेष मेलामा भारत तथा भुटान देखि पनि तीर्थ यात्रीहरू आउने गर्दछन ।

## द) विष्णु पादुका

वराहक्षेत्र देखि ४ कि.मि. उत्तर, धरानबाट ४ कि.मि. उत्तर पश्चिमको बाटो २ घण्टाको पैदल यात्रा गरी पुगिने विष्णु पादुका मन्दिर महाभारत पर्वतको फेदी र कोका नदीको सिरानमा अवस्थित छ। मन्दिर भित्र पदचिह्न अंकित ढुंगा रहेको छ जसलाई भगवान विष्णुको पदछाप मानी विष्णु पादुका नामाकरण गरिएको हो।

विष्णु पादुकामा विष्णु भगवानले लक्ष्मी (बराही पृथ्वी) सहित भएर अर्षमा आदि दिव्य पितृहरूको श्राद्ध गरेका थिए भनी ब्रह्मपुराणको ११० अध्यायमा स्पष्ट उल्लेख भएको छ। तसर्थ भारत वर्षको गया भन्दा धेरै प्राचीन र महत्वपूर्ण तीर्थको रूपमा धर्मशास्त्रहरूले नै स्विकारेकोले पितृ श्राद्ध तर्पणका लागि यहाँ हिन्दू धर्मावलम्बीहरु विशेष गरेर पौष कृष्ण औंशीको दिन अपार भीडका साथ श्राद्ध गर्न आउने गर्दछन्।

कोका खोला, पहाड र जंगलको रमणीय संगमका कारण यो पवित्र क्षेत्र वनभोज र पर्यटकहरूको लागि आकर्षण त छदैछ यसका अतिरिक्त किराँत कालीन प्राचीन अवशेष प्रशस्त पाइने भएकोले ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ।

## ढ) अखण्ड रामधुनी

धरान देखि झुम्का हुँदै ३२ किमि जति दक्षिण पश्चिममा वरिपरि घना जंगलले घेरिएको फलफूल बगैंचाका बीचमा अखण्ड रामधुनी मन्दिर रहेको छ। यस मन्दिरमा जलीरहेको धुनि त्रेतायुगमा भगवान रामचन्द्रजीको वनवास कालमा सिकारको खोजी गदै यहाँ आई पुग्दा रात परे पछि जलाएको धुनी नै निरन्तर जलीरहेको भन्ने विश्वास छ र कथम् कदाचित् सो धुनी निभेमा धरानको पिण्डेश्वर बाबा धाममा रहेको अखण्ड दीपबाट आगो ल्याई प्रज्वलित गर्नु पर्ने मान्यता रहेको छ।

यहाँ धुनीको अतिरिक्त सेतो र कालो शालिग्राम ढुगां र शालीग्रामको शिव मूर्ति दर्शनीय छ। विशेषत: यहाँ विवाह पंचमी, वाला चतुर्दशी र रामनवमीका दिन धार्मिक मेला लाग्ने गर्दछ। पर्यटन सूचना केन्द्रले आगन्तुकहरूको सुविधाको लागि यहाँ धर्मशाला स्थापना गरेको छ।

रामधुनी सम्म जानका लागि बाटोको सुविधा छ। झुम्का (भादगाउँ, सिनिवारी गा.वि.स.) बाट रामधुनी सम्म नियमित यातायात नचल्ने हुनाले पैदल यात्रा गर्दा करिब ४५ मिनेटमा पुग्न सकिन्छ भने रिजर्भका लागि ट्याम्पो ट्याक्सी सजिलै पाउन सकिन्छ।

### ण) कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्र

सुनसरी जिल्लाको पश्चिममा सप्तकोसी नदीको तटमा १७५ वर्ग कि.मि. क्षेत्रफलमा रहेको यस कोशी टापु वन्यजन्तु आरक्षण केन्द्रको स्थापना वि.सं. २०३२ साल (सन् १९७६) मा भएको हो। धरानबाट ५० कि.मि. पश्चिममा र कुसाहा नहरबाट करिब ३० मिनेट पैदल यात्रा पछि यस आरक्षण केन्द्रमा पुग्न सकिन्छ। यस आरक्षणको मुख्य आकर्षणको रुपमा अर्नाहरु (जंगली भैँसी) रहेको छ।



यस आरक्षणमा विश्वमानै दुर्लभ मानिएका चराचुरुंगीहरु सहित ६५५ प्रजातिका चराचुरुंगीहरु पाइन्छन् भने १५ प्रकारका घस्रिने जीवहरू, २३ प्रकारका साना ठूला जनावर र १०५ प्रकारका माछाहरु पनि पाइन्छन्। अर्ना, हरिण, रतुवा, नीलगाई, पुड्के, बाँदर आदि जनावरको बासस्थान रहेको यस आरक्षणमा जाडो मौसममा रूसको साईवेरिया, मंगोलिया, चीन, तिब्बत, काजकस्थान, अफगानिस्तान, स्पेन, इरानबाट चराहरू बसाइ सरेर आउने गरेको पाइन्छ। लोसार, ठूलो धनेश, सुल्तानरीट, प्याराडाइज फिसिङ इगल, टफटेड, सोभलरडक, ब्रेस्टेट, ब्रान्डेट रेल, किङ फिसर आदि संसारमा नै दुर्लभ चराहरु यहाँ पाइन्छन्। एक दीनमा एक सय भन्दा बढी चराहरू देख्न सकिने यस आरक्षणको विशेषता हो। कोशीले बनाएको टापुहरूमा जलचर, थलचर र उभयचर प्राणीहरूले बासस्थान बनाएका छन्।

## २.९ मुख्य चाडपर्वहरु

यस उप-महानगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र मधेसी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै किराँत, बौद्ध, क्रिस्चियन र मुस्लिम धर्म मान्ने मानिसहरु पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष,

सोह्रश्राद्ध, करवा चौथ, कर्कट सक्रान्ति, भुर्की पूजन, बुद्धजयन्ती, विभिन्न ल्होसार उद्यौली, उभौली, साकेला, धाननाच पर्वहरु, ईद, वकरईद, मोहरम, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, असारे १५ आदि चाडपर्वहरु रहेका छन्। माघे संक्रान्ति र कात्तिके पूर्णिमामा बराह क्षेत्रमा मेला लाग्ने गर्दछ जहाँ हिन्दु र बौद्ध धर्म मान्ने व्यक्तिहरु जाने गर्दछन्। पौष औशीमा विष्णुपादुका मेला र श्रावणमा पिण्डेश्वरी मेला लाग्ने गर्दछ।

## क) सोनाम ल्होछार



सोनाम ल्होछार बौद्ध धर्मावलम्बीहरुको प्रमुखको धर्मको रुपमा मानिन्छ। ल्होछार तमु, ग्याबो र सोनाम तीन किसिमको हुन्छ। सोनाम ल्होछार तामाङहरूले नयाँ वर्षको आरम्भको रूपमा मनाउने पर्व हो। प्रत्येक वर्ष माघ महिनाको शुक्ल पक्षमा पर्ने प्रतिपदा तिथीको दिन मनाइने सोनाम ल्होछार र चिनिया नयाँ बर्ष एकै दिन मनाइन्छ। ल्होछार दुइ शब्द मिलेर बनेको छ। जसको अर्थ ल्हो अर्थात् वर्ष वा साल भन्ने हुन्छ भने छार वा सारको अर्थ नयाँ भन्ने हुन्छ। यसैले ल्होसारको अर्थ नयाँ वर्ष वा नयाँ साल भन्ने बुझिन्छ र, यसै अनुरूप यस चाडलाई मनाउने गरिन्छ। ल्होसार मनाउने समुदायले यस्ता ल्हो अर्थात वर्ष बाह्रवटा भएको विश्वास गर्छन्। बाह्र वर्षको नाम पशुपंछी र जीवजन्तुका नामबाट राखिएको हुन्छ। जस्तै : मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, सुँगुर वर्ष। यी बाह्र वर्गलाई यो समुदायले बाह्र राशिको रूपमा पनि लिने गरेको पाइन्छ। बाह्र वर्ष समाप्त भए पछि फेरि उही नाम दोहोऱ्याएर वर्ष गनिन्छ।

## ख) उधौली-उभौली

उधौली-उभौली पर्वलाई अर्को शब्दमा न्वागी पुजा पनि भनिन्छ। अन्नबाली पाकेको बेला आफ्ना देवीदेवता, पितृलाई अन्न तथा फलफूल चढाएर न्वागी पुजा गर्ने गरिन्छ। किराँतभित्र मुख्यगरी राई, लिम्बु, सुनुवार, याख्खा, जिरेल, सुरेल, हायु, धिमाललगायतका जातिहरू पर्ने भएकोले जाति, स्थान र संस्कार अनुसार यो पर्व मनाउने आ-आफ्नो तरिकाहरू रहेका छन्। परम्परा अनुसार किराँती धर्मगुरु(नेक्चोल्ङ) ले चुलोको पूजाबाट सुरु गर्ने यस चाडमा धर्मगुरुले साकेला थानमा कुखुराको बलि दिने गर्छन्। सो बलिपछि धर्मगुरुको आदेशबाट साकेला नाच सुरु गरिन्छ। यस पर्वको बेलामा बालबालिका, युवा, वृद्ध सबै आपसमा गोलो घेरा लगाएर परम्परागत रूपमा नाच्ने गर्छन्। सो नाच नेपालका विभिन्न सहरमा खासगरी युवा वर्गमा बढी प्रचलित र लोकप्रीय छ। यस चाडमा चेली, आफन्त, नातागोता, कुलकुटुम्बलाई आफ्नो घरमा बोलाएर विभिन्न परिकार ख्वाउने चलन रहेको छ। यस चाडलाई विशेषत मेलमिलापको

चाडको रूपमा पनि मनाउने गरिन्छ। बर्षभरिमा कसैसँग मनमुटाव रहेको खण्डमा साइनोले कान्छो व्यक्ति जेठो साइनोको घरमा कोसेली, उपहार बोकेर जाने र बोलचाल गर्ने चलन रहेको छ। साइनोमा जेठोले आफ्नो घरमा आएकालाई माया र आदर गर्नुपर्दछ यसरी यो चाडले मेलमिलाप, भेटघाटको अवसर पनि प्रदान गर्ने भएकोले सामाजिक सहिष्णुता कायम राख्न महत्वपूर्ण भूमिका रहेको पाइन्छ।

## २.१० सँस्कृति, कला, भाषा र साहित्य

धरान उप-महानगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी उप-महानगरपालिकाका रुपमा रहेको छ। उप-महानगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ। उप-महानगरपालिकामा रहेका नेवार समुदायहरुले श्रावण पूर्णिमा कृष्णाष्टमीमा लाखेनाच गर्ने चलन रहेको छ भने राईजातिका समुदायहरुले वैशाख पूर्णिमा र मंसीर पूर्णिमामा साकेला नाच गर्ने चलन छ । यसैगरी विवाह उत्सव मेला पर्व चाडपर्वमा लिम्बु जातीका समुदायहरुले धाननाच गर्दछन् भने विभिन्न उत्सव चाडपर्वमा तामाङ समुदायहरुले तामाङसेलो नाच्ने तथा गाउने गर्दछन्, मगर जातिका समुदायले मेला चाडपर्व हाटबजारमा हुर्रानाच गर्ने गर्दछन्, गुरुङ समुदायले मेलापर्व विशेष कार्यक्रममा रोदीघर गाउने चलन रहेको छ। यि विभिन्न किसिमका सँस्कृतिहरु प्रचलनमा रहेको यस धरान उप-महानगरपालिका कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन्।

### क) धान नाच



विशेषगरी पुर्वी नेपालमा बसोबास गर्ने लिम्बू जातिले परम्परागत सँस्कृतिलाई संरक्षण गर्दै मनाउने मनोरञ्जनात्मक नाचलाई धान नाच भनिन्छ । धान नाच लिम्बू जातिको प्रसिद्ध लोकनृत्य हो । यसलाई लिम्बू भाषामा यालक्मा भनिन्छ जुन लिम्बू जातिको श्रीजंगा लिपीबाट लिइएको हो । खेतिपाती लगाइसकेपछि फुर्सदको समयमा लिम्बू जातिका युवा र युवती परस्परमा सवाल-जवाफ गरी नाच्ने र गीत गाउँने गरि मनोरञ्जन गर्ने गर्छन् । केटाकेटी मिली नाचगान गरेता पनि उनिहरूमा रतिराग कुनै भाव नहुने र कसैले रतिराग भावनाले अरुलाई दु:ख दिएमा उसलाई दण्ड जरिवाना गर्ने चलन छ । तर केटाकेटीको मन मिलेमा विवाह गर्दा केहि फरक पर्दैन । लिम्बूहरुको धान नाचमा गाइने गीतलाई पालम भनिन्छ ।


### ख) साकेला नाच

किरात राईहरुको ऐतिहासिक थलो मानिएको ठाउँमा पूजाआजा गरिएसँगै महिनादिनसम्म साकेला पर्व मनाइने चलन छ । विशेषत : साकेला किरात राई, लिम्बू, याक्खा र सुनुवार समुदायले मुख्य पर्व मान्ने गरेका छन् । साकेला पर्वको अवसरमा परम्परागत भेषभूषामा सजिएका दाजुभाइ, दिदीबहिनी, बुबाआमा, इष्टमित्र भेला भएर गोलो घेरामा ढोल र झ्याम्टा बजाउँदै साकेला नाच्ने गरिन्छ । साकेला थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाकामा हात र खुट्टाले भाका टिप्दै साकेला सिली नाचिन्छ । अहिले किरात बसोवास रहेको प्रत्येक गाउँका युवायुवती, केटाकेटी, बूढापाकाको जमघट तथा साकेला गीत र नाचले गुञ्जायमान बनेको छ । साकेला पर्व अन्नबाली छर्ने बेला अर्थात् वैशाख पूर्णिमा र उठाउने बेला मङ्सिर पूर्णिमामा दुई पटक मनाइन्छ ।



# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा नं. ७ : उप-महानगरपालिकाको जनसंख्या विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै स्थानीय स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार धरान उप-महानगरपालिकाको जनसंख्या १,३७,७०५ रहेको छ जस मध्ये पुरुष ४६.९६ प्रतिशत (६४,६७१ जना) र महिला ५३.०४ प्रतिशत (७३,०३४ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८८.५५ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७१५ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस उप-महानगरपालिकाको कुल जनसंख्या मध्ये ६४.७६ प्रतिशत (८९,१८१ जना) १५ देखि ५९ वर्ष उमेर समूहका, २७.०८ प्रतिशत (३७,२८७ जना) १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.१६ प्रतिशत (११,२३७ जना) ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार धरान उप-महानगरपालिकामा ३२,६९३ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस उ.म.न.पा.को कुल जनसंख्या मध्ये १.२२ प्रतिशत (१,६७९ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ८६७ जना पुरुष र ८१२ जना महिला छन्। हाल यस उप-महानगरपालिकामा प्रति परिवार औषत ४.२१ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

**तालिका नं. ५:** जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १,३७,७०५ |
| पुरुष | ६४,६७१ (४६.९६%) |
| महिला | ७३,०३४ (५३.०४%) |
| लैंगिक दर | ८८.५५ |
| जम्मा घरधुरी | ३२,६९३ |
| औषत परिवार आकार | ४.२१ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ८३.१४ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७१५ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


**तालिका नं. ६:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ०.४९ | ४.१४ | १,१९९ | ४,९५८ | २,४५८ | २,५०० | १००२७ |
| २ | ०.१७ | ४.९१ | ५४० | २,६४९ | १,३०१ | १,३४८ | १५३८४ |
| ३ | ०.१३ | ४.६८ | १,०३४ | ४,८३८ | २,३७२ | २,४६६ | ३६९९३ |
| ४ | २३.०५ | ४.५६ | ७१३ | ३,२५१ | १,५५४ | १,६९७ | १४१ |
| ५ | १०.६४ | ४.३५ | १,७७९ | ७,७३९ | ३,६११ | ४,१२८ | ७२८ |
| ६ | ४.६० | ४.३१ | १,३७१ | ५,९११ | २,७१३ | ३,१९८ | १२८६ |
| ७ | ०.१९ | ४.२१ | ७७७ | ३,२७५ | १,५८४ | १,६९१ | १६८६८ |
| ८ | १९.६२ | ४.१४ | २,८१८ | ११,६७९ | ५,६३७ | ६,०४२ | ५९५ |
| ९ | ०.२१ | ४.०२ | १,०२२ | ४,११३ | २,०८४ | २,०२९ | १९५१६ |
| १० | ०.२२ | ३.९३ | १,३८४ | ५,४४४ | २,६०५ | २,८३९ | २४५५६ |
| ११ | १.३५ | ४.३२ | २,७०८ | ११,७०३ | ५,४१७ | ६,२८६ | ८६५६ |
| १२ | ०.२८ | ४.३७ | ७९६ | ३,४८२ | १,६४६ | १,८३६ | १२६०७ |
| १३ | ३.४० | ४.०८ | २,०३४ | ८,३०२ | ३,७८० | ४,५२२ | २४४४ |
| १४ | २.४७ | ४.२४ | ८५१ | ३,६०९ | १,७३७ | १,८७२ | १४६३ |
| १५ | २५.५४ | ४.२१ | ४,७२६ | १९,८७९ | ९,२१३ | १०,६६६ | ७७८ |
| १६ | १.४३ | ४.०५ | २,७६३ | ११,१९९ | ५,१७३ | ६,०२६ | ७८३४ |
| १७ | १४.५९ | ४.३२ | २,६१० | ११,२८६ | ५,१२५ | ६,१६१ | ७७४ |
| १८ | ७.२१ | ३.६२ | १,६२० | ५,८७२ | २,७१५ | ३,१५७ | ८१४ |
| १९ | २८.३० | ४.४४ | १,१५४ | ५,१२५ | २,३१३ | २,८१२ | १८१ |
| २० | ४८.७२ | ४.२७ | ७९४ | ३,३९१ | १,६३३ | १,७५८ | ७० |
| | १९२.६१ | ४.२१ | ३२,६९३ | १३७,७०५ | ६४,६७१ | ७३,०३४ | ७१५ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


वडागत जनसंख्याको विवरण






नक्सा नं. ८ : उप-महानगरपालिकाको वडा अनुसार क्षेत्रफल विवरण

नेपाल सरकारको निर्णयानुसार यस उप-महानगरपालिकालाई २० वटा वडाहरुमा पुन: संरचित गरिएको छ । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं १५ रहेको छ जसमा जम्मा जनसंख्या १९,८७९ (पुरुष ९,२१३ जना र महिला १०,६६६ जना) रहेको छ । यस वडाको औसत परिवार आकार ४.२१ र घरधुरी संख्या ४,७२६ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. २ रहेको छ जसको जनसंख्या २,६४९ (पुरुष १,३०१ जना र महिला १,३४८ जना) रहेको छ भने घरधुरी संख्या ५४० र औसत परिवार संख्या ४.९१ रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




नक्सा नं. ९ : उप-महानगरपालिकाको वस्ती क्षेत्र

## ३.३ उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ।

तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरुपयोग बढेर आफुखुसी विवाह गरेका घटनाहरू पनि सुनिन्छ।


राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

**तालिका नं. ७:** उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | २३,४२३ | २६,७८५ | १,१८६ | १,०४८ | ५८७ | ७७ | १३७ | ५३,२४३ |
| **महिला** | २१,३९६ | ३६,५५२ | २८१ | ५८४ | ३,०२२ | १०३ | ३४५ | ६२,२८३ |
| **जम्मा** | ४४,८१९ | ६३,३३७ | १,४६७ | १,६३२ | ३,६०९ | १८० | ४८२ | १,१५,५२६ |
| **प्रतिशत** | ३८.८० | ५४.८२ | १.२७ | १.४१ | ३.१२ | ०.१६ | ०.४२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस उप-महानगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा ६३,३३७ जना (५४.८२ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने १,४६७ जना (१.२७ प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने १,६३२ जना (१.४१ प्रतिशत), विधुवा/विधुर ३,६०९ जना (३.१२ प्रतिशत), पारपाचुके भएका १८० जना (०.१६ प्रतिशत) र छुट्टिएका ४८२ जना (०.४२ प्रतिशत) रहेका छन्। उप-महानगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ९,७६७ (८.३८ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ९०५ (१.७८ प्रतिशत) ले बढी रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।





## ३.४ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. ८:** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १४२ | ५५३ | ६,०६२ | ११,५४२ | ७,६६० | २,८०१ | ८०९ | २०४ | ६५ | ३८ | २९,८७६ |
| **महिला** | ५४९ | ३,४४३ | १९,६११ | १२,६८२ | ३,५०६ | ८८१ | २६० | १०१ | ४६ | १७ | ४१,०९६ |
| **जम्मा** | ६९१ | ३,९९६ | २५,६७३ | २४,२२४ | ११,१६६ | ३,६८२ | १,०६९ | ३०५ | १११ | ५५ | ७०,९७२ |
| **प्रतिशत** | ०.९७ | ५.६३ | ३६.१७ | ३४.१३ | १५.७३ | ५.१९ | १.५१ | ०.४३ | ०.१६ | ०.०८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। धरान उप-महानगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या २५,६७३ अर्थात् सबैभन्दा बढी (३६.१७ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २४,२२४ (३४.१३ प्रतिशत) देखिन्छ। तेस्रोमा २५ देखि २९ वर्ष उमेरसमूहको संख्या ११,१६६ (१५.७३ प्रतिशत) रहेको छ भने १० बर्षदेखि १४ वर्ष उमेर समूहसम्मका बालबालिकाको पहिलो विवाह गर्दाको जनसंख्या ३,९९६ (५.६३ प्रतिशत) रहेको देखिन्छ। उप-महानगरपालिकामा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


**तालिका नं. ९: उमेर समूहअनुसार जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | ४,७८५ | ४,४४५ | ९,२३० | ६.७० | १.०८ |
| ५-९ | ६,६४३ | ६,३०६ | १२,९४९ | ९.४० | १.०५ |
| १०-१४ | ७,६५२ | ७,४५६ | १५,१०८ | १०.९७ | १.०३ |
| १५-१९ | ८,१११ | ८,३०५ | १६,४१६ | ११.९२ | ०.९८ |
| २०-२४ | ६,४९८ | ८,४६५ | १४,९६३ | १०.८७ | ०.७७ |
| २५-२९ | ५,०६३ | ७,५२५ | १२,५८८ | ९.१४ | ०.६७ |
| ३०-३४ | ४,६५३ | ६,११० | १०,७६३ | ७.८२ | ०.७६ |
| ३५-३९ | ४,०५६ | ५,१६७ | ९,२२३ | ६.७० | ०.७८ |
| ४०-४४ | ३,८८० | ४,४१४ | ८,२९४ | ६.०२ | ०.८८ |
| ४५-४९ | ३,१६१ | ३,४८० | ६,६४१ | ४.८२ | ०.९१ |
| ५०-५४ | २,८६७ | ३,०५९ | ५,९२६ | ४.३० | ०.९४ |
| ५५-५९ | २,१२९ | २,२३८ | ४,३६७ | ३.१७ | ०.९५ |
| ६०-६४ | १,७२६ | २,११४ | ३,८४० | २.७९ | ०.८२ |
| ६५-६९ | १,२८८ | १,४३९ | २,७२७ | १.९८ | ०.९० |
| ७०-७४ | ९४३ | १,०७५ | २,०१८ | १.४७ | ०.८८ |
| ७५-७९ | ५८९ | ७२३ | १,३१२ | ०.९५ | ०.८१ |
| ८०-८४ | ३९० | ४१३ | ८०३ | ०.५८ | ०.९४ |
| ८५-८९ | १७२ | १९४ | ३६६ | ०.२७ | ०.८९ |
| ९०-९४ | ४७ | ७६ | १२३ | ०.०९ | ०.६२ |
| ९५+ | १८ | ३० | ४८ | ०.०३ | ०.६० |
| जम्मा | ६४,६७१ | ७३,०३४ | १३७,७०५ | १००.०० | ०.८९ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस उप-महानगरपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या ३७,२८७ ( २७.०८ प्रतिशत) रहेको छ, १५-४४ वर्ष उमेर समूहको जनसंख्या ७२,२४७ (५२.४७ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ८९,१८१ (६४.७६ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ७३,०३४ (५३.०४ प्रतिशत) र पुरुषको जनसंख्या ६४,६७१ (४६.९६ प्रतिशत) रहेको छ र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ६.०७ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथिको उमेर समूहको संख्या ११,२३७ (८.१६ प्रतिशत) रहेको छ। तथ्याङ्कले उप-महानगरपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस उप-महानगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

उमेर समूहअनुसार जनसंख्याको विवरण





## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

यस उप-महानगरपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार सुनसरी जिल्लामा अवस्थित यस धरान उ.म.न.पा. मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी राई जाति २८,५३६ जना (२०.७२%), दोस्रोमा लिम्बू १६,०६१ (११.६६%) र तेस्रोमा नेवार १५,२३७ (११.०६%) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १०:** धरान उप-महानगरपालिकाको जातजातीको विवरण

| क.सं. | जातजाति | जम्मा | प्रतिशत | क.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | राई | २८,५३६ | २०.७२ | १० | गुरुङ | २,६७५ | १.९४ |
| २ | लिम्बू | १६,०६१ | ११.६६ | ११ | कुलुङ | २,०३६ | १.४८ |
| ३ | नेवार | १५,२३७ | ११.०६ | १२ | घर्ती/भुँजेल | १,८६६ | १.३६ |
| ४ | क्षेत्री | १४,६९२ | १०.६७ | १३ | मुसलमान | १,८१३ | १.३२ |
| ५ | तामाङ | १०,००३ | ७.२६ | १४ | मारवाडी | १,६८४ | १.२२ |
| ६ | ब्राम्हण पहाडी | ९,७६४ | ७.०९ | १५ | थारु | १,५६८ | १.१४ |
| ७ | कामी | ८,५२६ | ६.१९ | १६ | सार्की | १,४८९ | १.०८ |
| ८ | मगर | ५,८१० | ४.२२ | १७ | अन्य | १२,९७७ | ९.४२ |
| ९ | दमाई/ढोली | २,९६८ | २.१६ | | जम्मा | १३७,७०५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८.*




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. ११: मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ५८,५१५ | ४२.४९ |
| २ | लिम्बू | १३,८५१ | १०.०६ |
| ३ | नेवार | १०,१६० | ७.३८ |
| ४ | राई | ८,१८२ | ५.९४ |
| ५ | तामाङ | ८,१७१ | ५.९३ |
| ६ | वान्तवा | ८,०४२ | ५.८४ |
| ७ | मैथिली | ४,४८६ | ३.२६ |
| ८ | मगर | ४,३३१ | ३.१५ |
| ९ | चाम्लिङ्ग | ३,५९६ | २.६१ |
| १० | कुलुङ्ग | २,१२८ | १.५५ |
| ११ | गुरुङ | १,७३९ | १.२६ |
| १२ | साम्पाङ | १,४३६ | १.०४ |
| १३ | अन्य | १३,०६८ | ९.४९ |
| | जम्मा | १३७,७०५ | १००.०० |

*स्रोत : धरान दर्पण २०७१*

यस उप-महानगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस उप-महानगरपालिकामा सबैभन्दा बढी राई जातिहरुको बसोबास रहेता पनि राष्ट्रिय भाषा नेपाली नै बोल्नेहरुको संख्या बढी रहेको पाइन्छ। नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ५८,५१५ (४२(४९ प्रतिशत) रहेको देखिन्छ। दोस्रोमा लिम्बू भाषा १३,८५१ (१०.०६ प्रतिशत), तेस्रोमा नेवारी भाषा १०,१६० (७.३८ प्रतिशत) र चौथोमा राई भाषा बोल्नेहरुको संख्या ८,१८२ (५.९४ प्रतिशत) रहेको पाइन्छ। यसैगरी तामाङ बोल्नेहरुको संख्या ८,१७१ (५.९३ प्रतिशत), वान्तवा ८,०४२ (५.८४ प्रतिशत), मैथिली ४,४८६ (३.२६ प्रतिशत), मगर ४,३३१ (३.१५ प्रतिशत), चाम्लिङ्ग ३,५९६ (२.६१ प्रतिशत), कुलुङ्ग २,२१८ (१.५५ प्रतिशत) र गुरुङ्ग १,७३९ (१.२६ प्रतिशत) आदि रहेका छन्। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




### क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ। यस उप-महानगरपालिकाको कुल जनसंख्या १,३७,७०५ मध्ये ६२.६१ प्रतिशत (८६,२११ जना) जनसंख्या आदिवासी (राई, लिम्बू, नेवार, तामाङ, मगर, गुरुङ, कुलुङ आदि) रहेको छ। जसमा सबैभन्दा बढी राई जातिको संख्या २८,५३६ (२०.७२ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा उच्च रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाँक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुको आफ्नो मौलिक संस्कृतिलाई भने आधुनिकताको प्रभावका बीच अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा धरान उप-महानगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल निर्णायक तहमा जुन सहभागिता देखिएको छ। लामो समय देखि यस उप-महानगरपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत अति अगाडी परेको देखिन्छ।

### ख) सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ। जातजातिको हिसाबले धरान उप-महानगरपालिकामा सातौ ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग ९.९० प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय

भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत र माध्यामिक तहमा अध्ययन गर्ने छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भएपनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। धरानको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।


## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

**तालिका नं. १२:** धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | किरात | बौद्ध | क्रिश्चियन | इस्लाम | प्रकृति | जैन | शिख | बोन | बहाई | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **७९,५०७** | ३२,४२४ | १५,९७२ | ७,०१३ | १,८१२ | ३१९ | ८५ | १५ | ९ | २ | ५४७ | १,३७,७०५ |
| **५७.७४** | २३.५५ | ११.६० | ५.०९ | १.३२ | ०.२३ | ०.०६ | ०.०१ | ०.०१ | ०.०० | ०.४० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस उप-महानगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या १,३७,७०५ जनाको लगभग ५७.७४ प्रतिशत (७९,५०७ जना) हिन्दु, २३.५५ प्रतिशत (३२,४२४ जना) किरात धर्मावलम्बीहरु, ११.६० प्रतिशत (१५,९७२ जना) बौद्ध, ५.०९ प्रतिशत (७,०१३ जना) क्रिश्चियन, १.३२ प्रतिशत (१,८१२ जना) इस्लाम, ०.२३ प्रतिशत (३१९ जना) प्रकृति, ०.०६ प्रतिशत (८५ जना) जैन र सबैभन्दा कम शिख र बहाई धर्मावलम्बीहरु १५ र ७ जना रहेको पाईन्छ। माथिको तालिकामा धरान उप-महानगरपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट उप-महानगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




यस उप-महानगरपालिकामा पूर्वाञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका पहाडी जिल्लाहरूबाट बसाइसराई गरी आएका वैदिक आर्यहरू, मधेसी मूलका मानिसहरु र यहाँका आदिवासी/जनजाति राई, लिम्बु, नेवार समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस उप-महानगरपालिकाका प्राय: जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि राई समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। उप-महानगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ति, मागी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउने गर्दछन्। बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ। यसैगरी ईस्लामहरुले ईद, वकरईद आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन्। पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन्। तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्। साँस्कृतिक विविधता धरान उप-महानगरपालिकाको विशिष्टता हो। विशेषत ब्रिटिस लाहुरे, हङकङ, सिङ्गापुर लगायत विश्वका विभिन्न राष्ट्रमा अन्य रोजगार तथा स्थायी बसोबासका

लागि यहाँका बासिन्दाहरु बाहिरिएकोले यस उप-महानगरपालिकामा वैदेशिक प्रभावले आधुनिक र उत्तर आधुनिक जीवनशैली समेतको विशेष प्रभाव रहेको छ। युवायुवतीहरु गीत संगित, मनोरञ्जन खेलकुद, ब्यूटी कन्टेस्ट आदिमा साथै आधुनिक फेशन मोडलिङ, चलचित्र, म्यूजिक भिडियो, सामाजिक सञ्जाल आदितर्फ निकै आकर्षित भएको देखिन्छ। तथापी मौलिक सँस्कृतिको जगेर्नामा समेत यहाँको आदिवासी समुदाय उत्तिकै लागेको र आम नागरिकहरुमा व्यापक सामाजिक र राजनैतिक चेतनाको विकास भएको देखिन्छ।


## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

**तालिका नं. १३:** परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५२९ | ६३५ | २८ | ७ | १,१९९ |
| २ | २७५ | २६० | ४ | १ | ५४० |
| ३ | ४५७ | ५६० | ७ | १० | १,०३४ |
| ४ | ६९४ | ९ | १ | ९ | ७१३ |
| ५ | १,६६१ | ९४ | १ | २३ | १,७७९ |
| ६ | १,२३३ | ८३ | १ | ५४ | १,३७१ |
| ७ | ३१५ | ४४६ | ० | १६ | ७७७ |
| ८ | १,४१० | १,००२ | १३५ | २७१ | २,८१८ |
| ९ | ३८७ | ६१० | ११ | १४ | १,०२२ |
| १० | ५३६ | ७९७ | ५ | ४६ | १,३८४ |
| ११ | २,०४२ | ६०१ | १० | ५५ | २,७०८ |
| १२ | ३६१ | ४१८ | १२ | ५ | ७९६ |
| १३ | १,२६९ | ६६६ | ६५ | ३४ | २,०३४ |
| १४ | ५६६ | १७० | २६ | ८९ | ८५१ |
| १५ | २,९६३ | १,४८१ | ३० | २५२ | ४,७२६ |
| १६ | १,५६१ | ९२१ | १७ | २६४ | २,७६३ |
| १७ | १,९०९ | ३२७ | ४ | ३७० | २,६१० |
| १८ | ३०१ | २४१ | १,०७७ | १ | १,६२० |
| १९ | ६४५ | ४४५ | १३ | ५१ | १,१५४ |
| २० | ७८६ | १ | ३ | ४ | ७९४ |
| **जम्मा** | १९,९०० | ९,७६७ | १,४५० | १,५७६ | ३२,६९३ |
| **प्रतिशत** | ६०.८७ | २९.८७ | ४.४४ | ४.८२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा धरान उप-महानगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस उप-महानगरपालिकामा जम्मा ३२,६९३ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या १९,९०० (६०.८७ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ९,७६७ (२९.८७ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी १,४५० (४.४४ प्रतिशत) र अन्य घरधुरीको संख्या १,५७६ (४.८२ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. १५ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (२,९६३) सबैभन्दा बढी रहेको पाइन्छ। त्यसैगरी वडा नं. २ मा सबैभन्दा कम (२७५) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## ३.१० घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ। यसै तथ्यांकलाई आधार मानी स्थानीय सरकारको रुपमा गठित गाउँपालिका/नगरपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ।

**तालिका नं. १४: घरमुलीको लैङ्गिक विवरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ८६३ | ३३६ | ११९९ |
| २ | ४१९ | १२१ | ५४० |
| ३ | ७६० | २७४ | १०३४ |
| ४ | ५१३ | २०० | ७१३ |
| ५ | १११२ | ६६७ | १७७९ |
| ६ | ८३३ | ५३८ | १३७१ |
| ७ | ५७७ | २०० | ७७७ |
| ८ | १८८८ | ९३० | २८१८ |
| ९ | ७५६ | २६६ | १०२२ |
| १० | ८६१ | ५२३ | १३८४ |
| ११ | १६७५ | १०३३ | २७०८ |
| १२ | ५७९ | २१७ | ७९६ |
| १३ | ११८३ | ८५१ | २०३४ |
| १४ | ६४६ | २०५ | ८५१ |
| १५ | २६०५ | २१२१ | ४७२६ |
| १६ | १६७२ | १०९१ | २७६३ |
| १७ | १३७४ | १२३६ | २६१० |
| १८ | ८९० | ७३० | १६२० |
| १९ | ६३४ | ५२० | ११५४ |
| २० | ६११ | १८३ | ७९४ |
| **जम्मा** | २०४५१ | १२२४२ | ३२६९३ |
| **प्रतिशत** | ६२.५५ | ३७.४५ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ३२,६९३ घरधुरी संख्या रहेको यस उप-महानगरपालिकामा ६२.५५ प्रतिशत घरमा चाहिँ पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ३७.४५ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। उप-महानगरपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरुमा पुरुषहरु बढि घरमुली भै मुख्य जिम्मेवारी लिएको पाइन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा अन्तर रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ। यसलाई तल स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण


**तालिका नं. १५:** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्व भएको | घरमा स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा | वडा नं. | घरमा स्वामित्व भएको | घरमा स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२३ | ९७६ | ० | १,१९९ | १२ | १५३ | ६३१ | १२ | ७९६ |
| २ | ८१ | ४५८ | १ | ५४० | १३ | ६०० | १,४१८ | १६ | २,०३४ |
| ३ | २२४ | ८०३ | ७ | १,०३४ | १४ | १७२ | ६७२ | ७ | ८५१ |
| ४ | ६९ | ६३४ | १० | ७१३ | १५ | १,०४४ | ३,६७० | १२ | ४,७२६ |
| ५ | १६२ | १,५९९ | १८ | १,७७९ | १६ | ८१७ | १,९१८ | २८ | २,७६३ |
| ६ | ३३४ | १,०३० | ७ | १,३७१ | १७ | ४८२ | २,११२ | १६ | २,६१० |
| ७ | ११४ | ६५५ | ८ | ७७७ | १८ | २२९ | १,३८१ | १० | १,६२० |
| ८ | ५६२ | २,२२० | ३६ | २,८१८ | १९ | २९६ | ८४५ | १३ | १,१५४ |
| ९ | १७८ | ८४० | ४ | १,०२२ | २० | २७ | ७६७ | ० | ७९४ |
| १० | २११ | १,१७१ | २ | १,३८४ | जम्मा | ६,५९६ | २५,८७२ | २२५ | ३२,६९३ |
| ११ | ६१८ | २,०७२ | १८ | २,७०८ | प्रतिशत | २०.१८ | ७९.१४ | ०.६९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा धरान उप-महानगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ६,५९६ (२०.१८ प्रतिशत) र स्वामित्व नभएको

घरधुरी संख्या २५,८७२ (७९.१४ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २२५ (०.६९ प्रतिशत) रहेको छ। जुन प्राप्त तथ्यांक अनुसार यस उप-महानगरपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं. १६:** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | जग्गामा स्वामित्व भएको | जग्गामा स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा | वडा नं. | जग्गामा स्वामित्व भएको | जग्गामा स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३५५ | ८४४ | ० | १,१९९ | १२ | २६७ | ५१७ | १२ | ७९६ |
| २ | १६३ | ३७६ | १ | ५४० | १३ | ७७० | १,२४८ | १६ | २,०३४ |
| ३ | ३३३ | ६९४ | ७ | १,०३४ | १४ | २८७ | ५५७ | ७ | ८५१ |
| ४ | १४३ | ५६० | १० | ७१३ | १५ | १,६६२ | ३,०५२ | १२ | ४,७२६ |
| ५ | २२० | १,५४१ | १८ | १,७७९ | १६ | १,१०३ | १,६३२ | २८ | २,७६३ |
| ६ | ५५९ | ८०५ | ७ | १,३७१ | १७ | ७६२ | १,८३२ | १६ | २,६१० |
| ७ | २२१ | ५४८ | ८ | ७७७ | १८ | ५६५ | १,०४५ | १० | १,६२० |
| ८ | ८७१ | १,९११ | ३६ | २,८१८ | १९ | ३९६ | ७४५ | १३ | १,१५४ |
| ९ | ३०७ | ७११ | ४ | १,०२२ | २० | ७६ | ७१८ | ० | ७९४ |
| १० | ३४९ | १,०३३ | २ | १,३८४ | जम्मा | १०,२२५ | २२,२४३ | २२५ | ३२,६९३ |
| ११ | ८१६ | १,८७४ | १८ | २,७०८ | प्रतिशत | ३१.२८ | ६८.०४ | ०.६९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

केन्द्रीय तथ्याङ्क विभाग, २०६८ अनुसार यस धरान उप-महानगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको नभएको तथ्यांकको आधारमा मुल्याङ्कन गर्दा जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या १०,२२५ (३१.२८ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या २२,२४३ (६८.०४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

**तालिका नं. १७:** अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
|---|---|---|---|---|
| **२०६८** | ३२,६९३ | १०,१५७ | २२,४९९ | ३७ |
| **प्रतिशत** | १००.०० | ३१.०७ | ६८.८२ | ०.११ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

लामो समय सम्म विशेष काम अध्ययन, व्यवसाय वा अन्य प्रयोजनको लागि आफ्नो स्थायी वासस्थान छोडि अन्यत्र रहने जनसंख्याको हिस्सालाई अनुपस्थित जनसंख्या भनिन्छ। अनुपस्थित घरधुरी संख्या ३१.०७ प्रतिशत अर्थात १०,१५७ घरधुरी अनुपस्थिति रहेको देखिन्छ भने ६८.८२ प्रतिशत अर्थात् २२,४९९ उपस्थित रहेको देखिन्छ। जसमा थाहा नभएको जनसंख्या ३७ जना भएको देखिन्छ। तथ्याङ्क अनुसार यस उप-महानगरपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा वैदेशिक रोजगारको सिलसिलामा ठूलो संख्या अनुपस्थित रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १८:** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४७ | ९७४ | १२६ | २३ | २ | २ | २५ | १,१९९ |
| २ | २८ | ४०१ | ८२ | १९ | ० | ० | १० | ५४० |
| ३ | ६२ | ७३७ | ६१ | ७८ | ४ | ४४ | ४८ | १,०३४ |
| ४ | १५८ | ३१ | ५१ | ४५७ | १ | ६ | ९ | ७१३ |
| ५ | ३५ | २३१ | ३५५ | १,११३ | १ | २९ | १५ | १,७७९ |
| ६ | २ | २७३ | ४४१ | ६२६ | ३ | १५ | ११ | १,३७१ |
| ७ | १० | ६३२ | ८४ | ३९ | ० | ० | १२ | ७७७ |
| ८ | ६२ | १,७९८ | ५२० | ३६७ | ४ | २९ | ३८ | २,८१८ |
| ९ | ७ | ७६२ | १७५ | ३५ | ० | १२ | ३१ | १,०२२ |
| १० | ७ | १,१७९ | १४५ | ३२ | २ | ६ | १३ | १,३८४ |
| ११ | ४३ | १,४४७ | ४७० | ६३० | २ | ६२ | ५४ | २,७०८ |
| १२ | १२ | ६१० | १५८ | ६ | ० | ३ | ७ | ७९६ |
| १३ | १४२ | १,२९९ | १५९ | ३३६ | १ | ५८ | ३९ | २,०३४ |
| १४ | १७२ | ३१२ | १३२ | २०० | १३ | १६ | ६ | ८५१ |
| १५ | १२३ | ३,२३५ | २६५ | ९९७ | २ | ५३ | ५१ | ४,७२६ |
| १६ | ४९ | २,०२८ | २१३ | २०९ | ३ | २३३ | २८ | २,७६३ |
| १७ | २० | ९०६ | ६३० | ९२८ | २ | १०६ | १८ | २,६१० |
| १८ | ८ | १,४६६ | ११५ | ७ | ० | ० | २४ | १,६२० |
| १९ | ८ | ७४८ | २९५ | ६१ | १ | ४१ | ० | १,१५४ |
| २० | १३५ | २१ | ३५५ | २७६ | ० | ४ | ३ | ७९४ |
| जम्मा | १,१३० | १९,०९० | ४,८३२ | ६,४३९ | ४१ | ७१९ | ४४२ | ३२,६९३ |
| प्रतिशत | ३.४६ | ५८.३९ | १४.७८ | १९.७० | ०.१३ | २.२० | १.३५ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस धरान उप-महानगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाबाट बनेको बाहिरी गारोको प्रयोग गर्ने घरधुरी संख्या सबैभन्दा बढी अर्थात् १९,०९० (५८.३९ प्रतिशत) छ भने सबैभन्दा कम काँचो इँटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ४१ (०.१३ प्रतिशत) रहेको छ। यसैगरी बाँसजन्य सामाग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६,४३९ (१९.७० प्रतिशत), काठ तथा फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या ४,८३२ (१४.७८ प्रतिशत), माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बनेको घरधुरी संख्या १,१३० (३.४६ प्रतिशत) रहेको छ भने अन्य ७१९ (२.२० प्रतिशत) र उल्लेख नगरिएको ४४२ (१.३५ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी सिमेन्टको जोडाई भएको इँटा तथा ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या वडा नं. १५ मा (३,२३५ घरधुरी) रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. २० मा जम्मा २१ घरधुरी संख्या रहेको पाईयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १९:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ४२९ | ० | ७३१ | ८ | ३ | २६ | १,१९९ |
| २ | १३ | २२६ | ९ | २७६ | ३ | ० | १३ | ५४० |
| ३ | २ | ४७२ | ० | ५०९ | २ | २ | ४७ | १,०३४ |
| ४ | १४८ | ५४७ | ० | ७ | २ | ० | ९ | ७१३ |
| ५ | ४९ | १,६६४ | २ | ३१ | ११ | ६ | १६ | १,७७९ |
| ६ | ३९ | १,२३४ | ७ | ७७ | ३ | ० | ११ | १,३७१ |
| ७ | ३ | २२५ | २ | ५२८ | ४ | ० | १५ | ७७७ |
| ८ | २२ | १,४३० | १२ | १,२९८ | १३ | ३ | ४० | २,८१८ |
| ९ | ४ | ३६३ | ६ | ६१२ | ३ | ० | ३४ | १,०२२ |
| १० | १० | ३५५ | ५ | ९९३ | ८ | ० | १३ | १,३८४ |
| ११ | २२ | १,६६८ | ४ | ९३४ | १८ | ३ | ५९ | २,७०८ |
| १२ | ५ | ३०३ | २ | ४६५ | १३ | १ | ७ | ७९६ |
| १३ | १५ | १,२३३ | २ | ७३२ | ८ | १ | ४३ | २,०३४ |
| १४ | ६ | ६७३ | ० | १६५ | १ | ० | ६ | ८५१ |
| १५ | ५८ | २,०९६ | १४ | २,४८३ | १२ | ५ | ५८ | ४,७२६ |
| १६ | ११ | १,२४१ | ४ | १,४५९ | १४ | ४ | ३० | २,७६३ |
| १७ | १९ | २,०८५ | ६ | ४७७ | ३ | २ | १८ | २,६१० |
| १८ | १ | १९३ | ४ | १,३८६ | ८ | ० | २८ | १,६२० |
| १९ | ४ | ५५१ | १ | ५९१ | १ | ६ | ० | १,१५४ |
| २० | १०८ | ६७५ | १ | १ | ४ | २ | ३ | ७९४ |
| जम्मा | ५४१ | १७,६६३ | ८१ | १३,७५५ | १३९ | ३८ | ४७६ | ३२,६९३ |
| प्रतिशत | १.६५ | ५४.०३ | ०.२५ | ४२.०७ | ०.४३ | ०.१२ | १.४६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस धरान उप-महानगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा जस्ता, टिन तथा च्यादरको छानो भएको घरको संख्या सबैभन्दा धेरै १७,६६३ (५४.०३ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै टायल, खपडा, झिङ्गटी तथा ढुङ्गाको छाना रहेको घरधुरी संख्या ८१ (०.२५ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी संख्या १३,७५५ (४२.०७ प्रतिशत), खर, पराल तथा छ्वाली भएको घरधुरी संख्या ५४१ (१.६५ प्रतिशत) र काठ तथा फल्याकको छाना रहेको घरधुरी १३९ (०.४३ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण


**तालिका नं. २०:** जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५१ | ५०३ | ४७९ | १३७ | ४ | २५ | १,१९९ |
| २ | १६ | १५३ | २५६ | १०५ | ० | १० | ५४० |
| ३ | १७६ | ५७६ | १७२ | ५२ | १२ | ४६ | १,०३४ |
| ४ | १४१ | २७ | ० | ५३६ | ० | ९ | ७१३ |
| ५ | ३८६ | ३०६ | ५१ | ९८८ | ३४ | १४ | १,७७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ९ | २१५ | ८६ | १,०३० | २० | ११ | १,३७१ |
| ७ | ८ | ४८६ | १५९ | १११ | २ | ११ | ७७७ |
| ८ | २३९ | १,४५२ | ४२६ | ६४३ | २० | ३८ | २,८१८ |
| ९ | ६७ | २४० | ५५८ | १२० | ६ | ३१ | १,०२२ |
| १० | ४ | ७६२ | ३९५ | २०८ | २ | १३ | १,३८४ |
| ११ | ६३ | १,०३४ | ५१२ | १,०३५ | १० | ५४ | २,७०८ |
| १२ | १५ | ३५६ | २५६ | १६२ | ० | ७ | ७९६ |
| १३ | २९१ | ९३८ | ३३६ | ३६१ | ६९ | ३९ | २,०३४ |
| १४ | २६० | २२० | १३७ | १९६ | ३२ | ६ | ८५१ |
| १५ | ४१५ | १,३७१ | १,९७० | ८८४ | ३९ | ४७ | ४,७२६ |
| १६ | २२५ | १,४५४ | ७२९ | २९७ | ३१ | २७ | २,७६३ |
| १७ | ४२२ | ८४१ | ३०३ | ८८३ | १४३ | १८ | २,६१० |
| १८ | ९ | ५२२ | ९५४ | १११ | ० | २४ | १,६२० |
| १९ | ७ | ३२८ | ४५५ | ३३९ | २५ | ० | १,१५४ |
| २० | २७० | १८ | ० | ५०२ | १ | ३ | ७९४ |
| **जम्मा** | ३,०७४ | ११,८०२ | ८,२३४ | ८,७०० | ४५० | ४३३ | ३२,६९३ |
| **प्रतिशत** | ९.४० | ३६.१० | २५.१९ | २६.६१ | १.३८ | १.३२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

धरान उप-महानगरपालिकामा परिवारले प्रयोग गरेको सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ११,८०२ (३६.१० प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको घरधुरी ८,७०० (२६.६१ प्रतिशत), ढलान पिल्लरसहितको जग भएका घरधुरी ८,२३४ (२५.१९ प्रतिशत) र सबैभन्दा कम माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाको जग भएको घरधुरी संख्या ३,०७४ (९.४० प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### क) भवन निर्माणका किसिमहरु

धरान उप-महानगरपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढि सिमेन्टको जोडाई भएको भवन रहेको पाईयो जसले कुल भवनहरु मध्ये ५८.३९ प्रतिशत ओगटेको देखिन्छ। यसैगरी कुल भवनहरु मध्ये बाँसजन्य सामग्री भएको भवनहरुको संख्या १९.७० प्रतिशत, काठ तथा फल्याक भएको १४.७८ प्रतिशत र सबैभन्दा कम काँचो इँटाको गारो भएको ०.१३ प्रतिशत भएको पाईएको छ।

### ख) भवन संवेदनशीलता

शहरहरुमा भइरहेको जनसंख्या वृद्धि र मापदण्ड विपरित अव्यवस्थित शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको उपलब्धता पहुँच र पूर्व तयारीको आधारमा संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। पहाडका जिल्लाहरुमा प्राचिन समयदेखि नै बसाई सराईको प्रचलन थियो। यस धरान उप-महानगरपालिकामा छिमेकी गा.वि.स. एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम तिब्र रुपमा बढीरहेको देखिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन्। तिमध्ये मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार

र रोजगारका अवसरहरु हुन् । यस उप-महानगरपालिकाको मलिलो माटो र सुगम उप-महानगरपालिका भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो रहेको छ । यसैगरी पर्यटकीय सम्भावनाका दृष्टिले एक मनोरम शहर हुनुका साथै पूर्वी पहाडी जिल्लाहरुको मूल प्रवेशद्वारको रुपमा रहेको र सडक यातायातको पहुँचको सुविधाका दृष्टिले विराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान पुग्न सकिने र धरान हुँदै धनकुटा, भोजपुर संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिने हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ। उप-महानगरपालिकाको जनसंख्या वृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्वहरु मध्ये एक बसाइसराई पनि हो।

त्यस्तै प्रवासी नेपालीहरूका साथै अन्य लगानीको प्रमुख र आकर्षक क्षेत्र उप-महानगरपालिकामा कृषि जग्गा जमिन खरिद गरी स्थायी रुपमा उप-महानगरपालिकामै बसोबास गर्न थालेको पाइन्छ। बेरोजगारीको समस्या उप-महानगरपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत उप-महानगरपालिकाबाट बढ्न थालेको छ। पूर्व ब्रिटिस सैनिकहरुको बाहुल्यता रहेको यस उप-महानगरपालिकामा आफ्ना अग्रजहरुको अनुशरण गर्दै ब्रिटिस लगायत हङकङ, सिंगापुर र अन्य विदेशी सेनामा जाने युवाहरूको संख्या निकै ठुलो रहेको छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

**तालिका नं. २१:** व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण २०७३

| महिना | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | |
| बैशाख | ३०९ | २०१ | ५१० | २३ | ३७ | ६० | १५८ | ११३ | १८४ | २५२ | ३ |
| जेष्ठ | १७९ | १५६ | ३३५ | १७ | ३१ | ४८ | ११७ | १०२ | ३६ | २६० | ४ |
| असार | ३१३ | ३४५ | ६५८ | २६ | २९ | ५५ | १२३ | ११२ | १७४ | २६९ | २ |
| श्रावण | १११ | ९९ | २०७ | ३१ | ४४ | ७४ | ११२ | ९६ | ५७ | १६१ | ७ |
| भाद्र | ८२ | १०८ | २०३ | २५ | ४२ | ६७ | १०३ | १०९ | ५९ | १७५ | ३ |
| आश्विन | ६७ | ६४ | १३१ | २० | ३८ | ५८ | ५८ | ७४ | ३६ | १२६ | २ |
| कार्तिक | ८५ | ९१ | १४६ | ३० | ३२ | ५५ | १०४ | ७० | ३२ | ७० | ५ |
| मंसिर | १९८ | १८१ | ३७९ | २६ | ३५ | ६१ | १०६ | १२५ | ११७ | २४२ | ४ |
| पौष | १३१ | १२९ | २६० | ३७ | १६ | ५३ | १२३ | १०५ | १०६ | २५६ | २ |
| माघ | १७८ | १९६ | ३७४ | २५ | २६ | ५१ | १२० | ९९ | १०० | २४१ | ३ |
| फाल्गुन | १०७ | १०७ | २१४ | २९ | २८ | ५७ | १०० | ९१ | ७१ | २०८ | ३ |
| चैत्र | १०७ | ९१ | १९८ | २९ | ३६ | ६५ | ८१ | ६२ | ५५ | १२१ | ६ |
| जम्मा | १८६७ | १७६८ | ३६१५ | ३१८ | ३९४ | ७०४ | १३०५ | ११५८ | १०२७ | २३८१ | ४४ |

*श्रोत : धरान उप-महानगरपालिका कार्यालय, २०७४*

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

उप-महानगरपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। विवाह दर्ताको स्थिति हेर्दा उप-महानगरपालिकामा २०७३ सालमा १३०५ जनाको विवाह दर्ता भएको देखिन्छ भने ४४ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा ११५८ घरपरिवारले बसाई सराई दर्ता गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१९ मतदाता नामावली विवरण

यस उप-महानगरपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या ७९,२९० रहेका छन्। उप-महानगरपालिकामा पुरुषको तुलनामा महिला मतदाता ५००४ जनाले बढि रहेका छन्। जहाँ पुरुषको संख्या ३७,१४३ जना र महिलाको संख्या ४२,१४७ जना रहेको छ। यस उप-महानगरपालिकामा २० वटा वडामा २८ ओटा निर्वाचन केन्द्र रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २२: धरान उप-महानगरपालिकाको मतदाता संख्या विवरण


| क्र.सं. | मतदान केन्द्र | मतदाता संख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | सुनसरी उद्योग वाणिज्य संघ, धरानको कार्यालय भवन | ६७१ | ६४५ | १३१६ | १ |
| २ | सेकेण्डरी वोर्डिङ स्कूल लक्ष्मी सडक | ७७४ | ७४३ | १५१७ | १ |
| ३ | शारदा बालिका विद्यालयको पुरानो भवन सिंहदेवि चोक | ४९९ | ४५७ | ९५६ | २ |
| ४ | शिक्षा निकेतन मा.वि., निकेतन रोड | ५१० | ५१७ | १०२७ | २ |
| ५ | भानु स्मृति मा.वि., भानु स्मृतिपथ, धरान | १३४८ | १३४७ | २६९५ | ३ |
| ६ | कालिका आधारभूत विद्यालय, देविथान | ४१३ | ४२६ | ८३९ | ४ |
| ७ | पञ्चकन्या आधारभूत विद्यालय, पत्राङवारी | ५३० | ४७४ | १००४ | ४ |
| ८ | जनता आधारभूत विद्यालय, ठिंगावारी | २२४३ | २४१९ | ४६६२ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | श्री सरस्वती मा.वि., पानवारी | १८७४ | २०८६ | ३९६० | ६ |
| १० | श्री सिद्धिनेवा परिषद् | ८३६ | ९४९ | १७८५ | ७ |
| ११ | ल्यावोरेटरी मा.वि.सिद्धार्थमार्ग | १५६४ | १८८१ | ३४४५ | ८ |
| १२ | शहिद स्मृति मा.वि., शहिदस्मृति मार्ग | १३७३ | १५२९ | २९०२ | ८ |
| १३ | सुनसरी खेलकुद भवन | १०७० | ११०१ | २१७१ | ९ |
| १४ | पञ्चायत माध्यामिक विद्यालय, धरान | १४१० | १६४२ | ३०५२ | १० |
| १५ | ज्ञानोदय माध्यामिक विद्यालय, न्युरोड | ३३७४ | ४१२३ | ७४९७ | ११ |
| १६ | गीता मन्दिर महेन्द्रपथ | ३१५ | २९० | ६०५ | १२ |
| १७ | पब्लिक मा.वि., चतारालाइन | ८५० | ९१० | १७६० | १२ |
| १८ | अमर सेवा समाज, धरान | २१९१ | २५६२ | ४७५३ | १३ |
| १९ | पंचायत दन्तकाली मा.वि., पिण्डेश्वरी मार्ग | ११४९ | १२१९ | २३६८ | १४ |
| २० | पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय, ज्ञानचक्षु मार्ग | २१०७ | २५२५ | ४६३२ | १५ |
| २१ | शिक्षा सदन मा.वि., बाफ्रगरा | २६८४ | ३२६१ | ५९४५ | १५ |
| २२ | चन्द्र संस्कृत मा.वि., भूपि मार्ग | २९९२ | ३५२० | ६५१२ | १६ |
| २३ | ज्वालामुखी मा.वि., नन्दपुर | ३४२ | ४०८ | ७५० | १७ |
| २४ | पञ्चकन्या मा.वि., रेल्वे | २७९१ | ३३५७ | ६१४८ | १७ |
| २५ | कारमेल इंलिस बोर्डिङ स्कूल, बुद्धमार्ग | ७९१ | ९७३ | १७६४ | १८ |
| २६ | किंरातेश्वर मा.वि., बालकचोक | १३६५ | १७२९ | ३०९४ | १९ |
| २७ | भालढुंगा माध्यामिक विद्यालय, भालुढुंगा | ७८६ | ७४२ | १५२८ | २० |
| २८ | सुलिकोट प्राथमिक विद्यालय, सुलिकोट कोकाहा | २९१ | ३१२ | ६०३ | २० |
| | जम्मा | ३७१४३ | ४२१४७ | ७९२९० | |

*स्रोत : निर्वाचन आयोग, २०७४*

# खण्ड ४ : भू-उपयोग

## ४.१ उप-महानगरपालिकाको भू-उपयोगको विवरण




नक्सा नं. १० : उप-महानगरपालिकाको भू-उपयोग

तालिका नं. २३: भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (कि.मी.) | प्रतिशत |
|---|---|---|
| **खेती योग्य जमिन** | ४५.९८ | २३.८७ |
| **वनजंगल** | १३५.२० | ७०.२० |
| **जलश्रोत** | ०.०१ | ०.०१ |
| **बसोबास क्षेत्र** | ३.४५ | १.७९ |
| **नदि क्षेत्र** | ७.०९ | ३.६८ |
| **चट्टान क्षेत्र** | ०.८७ | ०.४५ |
| **जम्मा** | १९२.६० | १००.०० |

*स्रोत : GIS Map विश्लेषणबाट निकालिएको, २०७४*

धरान उप-महानगरपालिकाको विधमान भू-उपयोग हेर्दा कुल क्षेत्रफलको २३.८७ प्रतिशत (४५.९८ वर्ग कि.मी.) खेती योग्य जमिनको रुपमा रहेको छ भने ७०.२० प्रतिशत (१३५.२० वर्ग कि.मी.) वनले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये केही जमिन मौसमी वर्षामा निर्भर रहेको छ। उप-महानगरपालिकामा बगिरहेका केहि खोलानालाको किनारमा अवस्थित यस उप-महानगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै जलक्षेत्र ०.०१ प्रतिशत (०.०१ वर्ग कि.मी.) जग्गा ओगटेको पाइन्छ। धरान उप-महानगरपालिकामा बसोबास क्षेत्र १.७९ प्रतिशत (३.४५ वर्ग कि.मी.) जमिन ओगटेको छ। त्यस्तै नदि क्षेत्रले ३.६८ प्रतिशत तथा चट्टान क्षेत्रले ०.४५ प्रतिशत क्षेत्रफल ओगटेको छ। उप-महानगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा उप-महानगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

## ४.२ शहरी विकासको स्वरुप

पर्यटकीय सम्भावनाका दृष्टिले धरान एक मनोरम शहर हुनुका साथै पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको छ। धरान उप-महानगरपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरु बिराटनगर, इटहरीबाट कोशी राजमार्ग हुँदै धरान र धरान हुँदै धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जस्ता जिल्ला, पहाडी र विभिन्न शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा उप-महानगरपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको छ। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, पूर्वाञ्चल विकास क्षेत्रको प्रमुख शैक्षिक व्यापारिक तथा पर्यटकीय स्थल भएका कारण उप-महानगरपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ। यसका अतिरिक्त केही क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। जिल्लाका अधिकांश भू-भागबाट उप-महानगरपालिकामा बसाइसराइको क्रम तिव्ररुपमा

बढिरहेको छ। उप-महानगरपालिकाको प्रायजसो क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना रहेको र उप-महानगरपालिकाबासीहरुबीच पूर्वाधार विकासमा अत्यधिक जनसहभागिता रहेकोले बाटो, खानेपानी, ढल निकास इत्यादीको विकास भएको देखिन्छ। साक्षरता प्रतिशत बढि रहेको यस उप-महानगरपालिकामा जनसमुदायहरुमा जागृत भावना भएका जनशक्तिले गर्दा उप-महानगरपालिकालाई बालश्रम मुक्त, खुल्ला दिसा मुक्त तथा प्लास्टिक प्रयोग निषेधित क्षेत्र घोषणा गर्न सहयोग पुगेको छ।




### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु उप-महानगरपालिका क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन। जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन्।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन। जग्गा र घरधनीको सहमतिमा उप-महानगरपालिका विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ। यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ। नेपालको संविधान जग्गा विकास सम्बन्धी काम उप-महानगरपालिका आफैले गर्न सक्छ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन। जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ। यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चौर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ। पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ। यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ। जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन्। विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन्। यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):**

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ । काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन् ।

## ४.३ क्रमिक बस्ती विकासको वर्तमान स्वरुप

पहाड र तराईको संगम स्थलमा अवस्थित यस धरान उप-महानगरपालिकाको जलवायु बसोबासको लागि तराई तथा पहाडका अन्य नगरहरुमध्ये उपयुक्त मानिएको छ। शहरी तथा ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, रोजगार जस्ता सुविधाहरू समेत अन्य नगरहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा उप-महानगरपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न नगरहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

उप-महानगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

घर निर्माणको किसिमलाई हेर्दा उप-महानगरपालिकाको कुल ३२,६९३ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ३६.१० प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ५८.३९ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ४२.०७ प्रतिशत छन्। आवास घर निर्माणमा धरान उप-महानगरपालिकाको स्थिति राम्रो रहेको छ। उप-महानगरपालिकामा कुल ९,७६७ (२९.८७ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने १९,९०० (६०.८७ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। उप-महानगरपालिकाभित्र १,४५० (४.४४ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा उप-महानगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगर विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरू तथा शहरी सडकहरुमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।

- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ प्रकोप पहिचान तथा विश्लेषण



धरान उप-महानगरपालिका भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, महामारी, हावाहुरी लगायतका प्रकोप घटनाहरुबाट प्रभावित भइरहने उप-महानगरपालिका हो। विगतका ४२ वर्षयता जिल्ला तथा उप-महानगरपालिकामा भएका प्रकोपका घटनाहरुलाई हेर्ने हो भने यहाँ भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ्ग, शितलहर र सडक दुर्घटना नै मुख्य रुपमा देखिएका छन्। यसमध्ये पनि सुनसरी जिल्ला तथा धरान उप-महानगरपालिकामा प्रकोप भन्ने बित्तिकै वि.सं. २०४५ सालको भूकम्प र २०६५ सालको बाढीलाई स्मरण गराउँछ जसका कारण यस जिल्लाका सबै गाउँपालिका तथा नगरपालिका कुनै न कुनै रुपमा प्रभावित भएका थिए। जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि सुनसरी जिल्लाले विभिन्न प्रकोपहरुको पहिचान गरी जिल्लाका सबै गाउँपालिका र नगरपालिकाहरुलाई जोखिमको हिसाबले उच्च, मध्यम र निम्न गरी ३ स्तरमा वर्गीकरण गरेको छ। जसअनुसार धरान उप-महानगरपालिकामा विगतका भूकम्पहरुको अनुभवका आधारमा भूकम्पीय प्रकोपको जोखिम उच्च रहेको छ। त्यसबाहेक बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्रकोपको जोखिम पनि मध्यम खालको देखिन्छ। उप-महानगरपालिकासँग जोडिएका गाविसहरु तथा सर्दु र सेउती खोलाको छेउमा हुने पहिरोका घटनाहरुले वर्षेनी धरान उप-महानगरपालिकालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा क्षति पुऱ्याईरहेको छ।

## ४.६ धरान उप-महानगरपालिकाको विपद् जोखिमको लेखाजोखा

धरान उप-महानगरपालिका समुद्री सतहबाट ४००-५०० मी. को औसत उचाईमा शिवालिक पहाड र तराईको बीच भागमा अवस्थित छ। पूर्व र पश्चिममा उत्तर दक्षिण भएर बग्ने सेउति र सर्दुखोलाको कारण धरानमा बाढीको प्रकोप उच्च रहेको छ। त्यस्तै शहरको मध्य भाग भएर बग्ने खहरेखोलाहरुको कारण पनि शहरको मध्य भाग खहरे बाढीको बढी प्रकोपमा छ। नदिकटान, पहिरो आदिका कारण धरान उप-महानगरपालिकाका धेरै क्षेत्रहरु प्रभावित छन्।

समग्र धरान महानगरपालिकाको जनसंख्या एव वडागत घरधुरी संख्यामा भएको वृद्धिलाई हेर्दा धरान महानगरपालिकाको शहरीकरण भित्री भागबाट दक्षिण-पश्चिम र पूर्वतर्फ  विस्तार हुँदै गएको देखिन्छ। यद्यपि उप-महानगरपालिकाको सीमानामा पर्ने सर्दु र सेउती खोलाले पूर्व र पश्चिम तर्फको विस्तारलाई निश्चित क्षेत्रमा सिमित गराएको छ।



उप-महानगरपालिका भूकम्पीय दृष्टिले जोखिमयुक्त क्षेत्रमा रहेको छ। धरान उप-महानगरपालिका २०४५ सालको भूकम्पका कारण गम्भिर क्षति व्यहोरेको शहर हो। जसमा उप-महानगरपालिकाभित्र १२८ जनाको मृत्यु, २११७ घाईते, तथा २५०० घरहरु क्षतिग्रस्त भएका थिए, भने २०६८ असोज १ को भूकम्पका कारण पनि क्षति व्यहोरेको थियो। त्यस्तै बाढीको सन्दर्भमा सर्दुखोला र सेउती खोलाको किनारमा रहेको बस्तीहरुमा बाढीको जोखिम निकै ठूलो रहेको छ। यसका साथै शहरको केन्द्रभाग भएर बग्ने खहरे खोलाहरुको कारण पनि शहरको मध्यभाग खहरे बाढीको जोखिममा रहेको छ। बाढीको कारण घरहरु मात्र नभई बाटो, पूल, विद्यालय तथा अन्य सार्वजनिक सम्पत्तिहरु, भौतिक संरचनाहरुको वर्षेनी क्षति भईरहेको छ। जसको पुननिर्माणका लागि ठूलो धनराशी खर्च भैरहेको छ।

नदी किनारामा अतिक्रमण तथा अनधिकृत रुपमा बनाईएका घरहरु तथा बस्तीहरुमा बाढीको जोखिम धेरै उच्च रहेको छ। बसाई सरी आएका र रोजगारीको खोजी, अभावमा रहेका मानिसहरुको यस क्षेत्रमा बसोबास विशेषगरी

विगतका केही वर्षहरुमा ह्वात्तै बढेको देखिन्छ । जहाँ बाढीको कारण वर्षेनी जसो घरहरुको पुननिर्माण गरिरहनु पर्ने हुन्छ । यसरी धरान उप-महानगरपालिकाको विभिन्न क्षेत्रमा बाढी पहिरोको समस्या वर्षेनी भइरहने र जोखिमको मात्रामा पनि हरेक वर्ष वृद्धि भइरहेको छ । बाढी जस्तै भूस्खलनको कारण पनि धरान उप-महानगरपालिकाको विभिन्न स्थान जोखिममा रहेका छन् । उप-महानगरपालिकाको उत्तर पूर्वमा रहेको विजयपुर डाँडा लगायत यस वरिपरिका क्षेत्रहरु, उप-महानगरपालिकाको उत्तरी भागमा यस प्रकारको जोखिममा रहेका मुख्य क्षेत्रहरु हुन् । उच्च तीब्रतायुक्त भूकम्पको अवस्थामा कारणवश सर्दुखोला नदी अवरुद्ध हुन गई कृत्रिम बाँध सृजना हुन गएको अवस्थामा धरान उप-महानगरपालिकाको ठूलो क्षेत्र खासगरी सुकुम्बासी वस्तीहरु, जहाँ घरहरु नदी किनारामा रहेका छन्, बाढीले ठूलो क्षति पुऱ्याउन सक्ने देखिन्छ । सर्दुखोला किनाराका बस्तीहरुमा बाढी तथा पहिरोका कारण वर्षेनी क्षति भैरहेको देखिन्छ ।

धरान आगलागीको दृष्टिले पनि जोखिमयुक्त शहर हो । पुराना तथा काठले बनेका, तथा फुसको छाना भएका घरहरु, घना र नदी किनारमा बसाईएका सुकुम्बासी वस्तीहरुमा आगलागीका मुख्य जोखिमयुक्त क्षेत्रहरु हुन्, यी मध्ये सर्दु किनार लगायतका स्थानहरु मुख्य छन् ।

महामारीको दृष्टिले पनि धरान उपमानगरपालिका जोखिमयुक्त छ । अस्पतालको पहुँच सापेक्षित रुपमा सजिलो भएपनि शुद्ध खानेपानकिो अभाव, गर्मीयाममा आवश्यक मात्रामा जल-आपूर्ति हुन नसक्नु र सरसफाईको उपयुक्त सावधानी अपनाउन नसक्नु, जनचेतनाको अभाव आदि यसका मुख्य कारणहरु हुन् । महामारीको दृष्टिले वैशाख देखि भाद्र महिना बढी संवेदनशिल रहिआएको छ । नियमति रुपमा शुद्ध खानेपानी आपूर्ति, आधारभूत सरसफाई सुविधाको अभाव तथा फोहर संकलनमा समस्या आदि धरान उप-महानगरपालिकाका मुख्य समस्याहरु हुन् ।

भवन निर्माण संहिता लागु गरिएको दृष्टिले धरान अग्रणी उप-महानगरपालिका हो । उक्त संहिताको वडा तथा समुदाय तहमै प्रभावकारी कार्यान्वयनका लागि थप पहल हुनु जरुरी रहेको छ । भूकम्पीय जोखिम न्यूनीकरणका लागि भवन संहिताको कार्यान्वयनमा समुदाय स्तरबाटै पहल हुँदा अझ बढी सुरक्षित निर्माण गर्न सकिन्छ । यसरी धरान उप-महानगरपालिकाको विभिन्न क्षेत्रहरु कुनै न कुनै रुपमा प्रभावित हुने देखिन्छ। यसरी समग्रमा धरान उप-महानगरपालिकाले बढ्दो जनसंख्यासँगै वर्षेनी रुपमा व्यहोर्दै आइरहेका बाढी, पहिरो, आगलागी, महामारी, खानेपानीको अभाव, भूकम्पीय दृष्टिले जोखिमयुक्त भवनहरु, नदी किनारामा रहेका बस्तीहरु, जनचेतनाको कमी जस्ता कारण यहाँको विपद् जोखिम बढिरहेको छ । शहरलाई व्यवस्थित रुपमा विकसित गर्दै लैजानको लागि उपयुक्त भूउपयोग योजनाको अभावका कारण विपद् सम्वेदनशिल क्षेत्रहरुमा बस्ती विस्तार भईरहेको देखिन्छ, जसका कारण धेरै जनसंख्या जोखिमको अवस्थामा छन् ।

## ४.७ उप-महानगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. २४:** उप-महानगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औँ स्थानमा रहेको र उप-महानगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | सर्दु र सेउती खोलामा आउने बाढीबाट धरानमा बढी क्षति हुने गरेको छ । | साउन र भाद्र |
| ३ | पहिरो | उप-महानगरपालिकाको उत्तरी भेगमा बढी मात्रामा पहिरोले क्षती पुऱ्याउने गरेको छ। | साउन, भाद्र र असोज |
| ४ | आगलागी | एल.पी.ग्यास प्रयोगको बेवास्ता तथा अन्य आगजनी वस्तुहरु प्रयोग गर्दा ध्यान नदिंदा, वनजंगलका झारपातहरु बाल्दा हावाले अन्य क्षेत्रहरुमा आगो सल्किदा | वैशाख, माघ, फाल्गुण र चैत्र |
| | हुरीबतास | मौसमी प्रभावले | चैत्र - बैशाख र केही कम मात्रामा फाल्गुणमा |
| ४ | महामारी | विशेष गरी झाडा पखाला जस्ता महामारीको प्रकोप | असार, साउन र भाद्र |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | जंगली हात्तीको आक्रमण हुने सम्भावना, बाँदर आक्रमण, तथा सर्पदंशका कारण हुने क्षति | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*जिल्ला समन्वय समिती, सुनसरी २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ उप-महानगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

उप-महानगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, व्यापार, व्यवसाय, नोकरी, सेवामूलक व्यवसाय, वन, मत्स्यपालन, उद्योग, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस उप-महानगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा उप-महानगरपालिकाका अधिकांश ग्रामिण घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् भने शहरी क्षेत्रमा नोकरी, व्यापार, उद्योग तथा सेवामूलक व्यवसायमा लागेका मानिसहरुको बाहुल्यता छ। उप-महानगरपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण उप-महानगरपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ। भारतसँगको सहज आवागमन, कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, १ नं प्रदेशको प्रमुख व्यापारिक स्थलहरुमध्ये एक धरान भएका कारण उप-महानगरपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ। त्यसैगरी उप-महानगरपालिकामा ठूलो संख्यामा रहेको जलक्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। यस धरान उप-महानगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानून, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू उप-महानगरपालिकाको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस उप-महानगरपालिका रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस उप-महानगरपालिकाका मानिसहरु औद्योगिक विकास तर्फ समेत लागिरहेका देखिन्छ। यस उप-महानगरपालिकाको अर्को मुख्य आर्थिक विकल्प वैदेशिक रोजगार रहेको देखिन्छ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये सुनसरी जिल्ला र विशेषत: धरान उप-महानगरपालिका महत्वपूर्ण स्थान रहेको छ। धरानमा राणाकालीन समयको गोश्वारा अड्डा रहेका भवनहरू, वार्षिकरुपमा करिब २० हजार दर्शनार्थीहरूको भीड लाग्ने बेहडाबाबा मेला, विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू उप-महानगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। पर्यटन व्यवसाय, ट्राभल एजेन्सी, ट्रेकीङ्ग एजेन्सी, होटेलहरु, होमस्टे, मील, फर्निचर उद्योग, पशुपालन आदि यस उप-महानगरपालिकामा रहेका मुख्य व्यवसायहरु हुन्। साथै यो उप-महानगरपालिका पर्यटकीय तथा व्यापारिक दृष्टिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। धरान उप-महानगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्र भएको हुँदा उप-महानगरपालिकामा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ।

### ५.१.१ आय तथा खर्च तर्फको अनुमानित विवरण

**तालिका नं. २५:** आ.व. २०७२ देखि २०७४ सम्मको आयतर्फको अनुमान विवरण

| क्र.सं. | विवरण | आ.व. २०७२/०७३ को अनुमान | आ.व. २०७२/०७३ को संशोधित अनुमान | आ.व. २०७३/०७४ को अनुमान |
|---|---|---|---|---|
| १ | विभिन्न करहरु | ४,२५,००,००० | २,९२,००,००० | ३,५९,५०,००० |
| २ | सेवा, शुल्क तथा दस्तुर | ५,०८,७५,००० | ४,१६,००,००० | ४,५३,५०,००० |
| ३ | सम्पत्ति बहाल | ३५,००,००० | ३२,५०,००० | ३४,३०,००० |
| ४ | अन्य आय | ३५,००,००० | ९,५०,००० | ११,५०,००० |
| ५ | श्रोत बाँडफाँडबाट प्राप्त | १,१५,००,००० | २,१५,००,००० | २,१५,००,००० |
| ६ | जिम्मेवारी | ० | १,५३,४६,६०० | ० |
| ७ | जनसहभागिता | ३,००,००,००० | ३,००,००,००० | २,००,००,००० |

*स्रोत : आ.व. २०७३/७४ को वार्षिक नगर विकास योजना*

**तालिका नं. २६:** आ.व. २०७३/०७४ को चालु खर्चको स्वीकृत अनुमान

| बजेट शिर्षक | आ.व. २०७३/०७४ को स्वीकृत श्रोतगत अनुमान | | | |
|---|---|---|---|---|
| | न.पा. श्रोत | न.पा. अनुदान चालु | LGCDP चालु | जम्मा |
| **चालु खर्च** | ४,८८,२१,००० | १,७५,००,००० | १,५०,५०,००० | ८,१३,७१,००० |

*स्रोत : आ.व. २०७३/७४ को वार्षिक नगर विकास योजना*

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं. २७:** आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| **१,३७,७०५** | ४०,१४८ (४५.३२) | ४८,४५८ (५४.६८) | ८९,१८१ (६४.७६) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

उप-महानगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ४०,१४८ (४५.३२ प्रतिशत), महिलाको संख्या ४८,४५८ (५४.६८ प्रतिशत) देखिन्छ। आर्थिकरुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता ९.३६ प्रतिशत रहेको छ भने उप-महानगरपालिकाको कुल जनसंख्याको ८९,१८१ अर्थात् ६४.७६ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ३५.२४ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं. २८:** आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ३७,२८७ | ७६.८४ | ११,२३७ | २३.१६ | ४८,५२४ | ३५.२४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ३७,२८७ (७६.८४ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ११,२३७ (२३.१६ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ४८,५२४ (३५.२४ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मंत्रालय, सहकारी तथा गरिवी निवारण मंत्रालय र केन्द्रिय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

उप-महानगरपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि २३.८७ प्रतिशत उपयोगी क्षेत्र रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ। उप-महानगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। धरान उपमनपाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ।

### (क) हिउँदे बाली

उप-महानगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा गहुँ, उखु, मसुरो, चना, अरहर, मास, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आरु, आलु, मसला बाली आदि रहेका छन्।

### (ख) वर्षे बाली

उप-महानगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, मुग, आलु, कागती, निबुवा, आँप, लिची, कटहर, केरा, मसला बाली, अदुवा आदि छन्।

## ५.४.१ कृषि बालीमा लाग्ने रोग

उप-महानगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन्। यसैगरी मकैमा डाँठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन्। मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

**तालिका नं. २९:** विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारो तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

## ५.४.२ बाली पात्रो

**तालिका नं. ३०:** बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

### ५.४.३ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ। उप-महानगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका ढाँचाहरु अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ। कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन्। उप-महानगरपालिकामा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

### ५.४.४ जग्गाको उर्वराशक्ति

उप-महानगरपालिकाको ठूलो क्षेत्रफल समथर भू-भागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि रहेको छ। विगतमा धरान उप-महानगरपालिकामा रहेका उर्वरा क्षेत्र हाल क्रमिक बस्ती विकास र वैज्ञानिक कृषि योजनाको अभावमा प्रभावसँगै उर्वरभूमिको पूर्ण सदुपयोग भएको छैन। खास गरी उप-महानगरपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि रहेको पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

## ५.५ सिंचाई

उप-महानगरपालिका सतह एवं भूमिगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र उप-महानगरपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ।

भूमिगत सिंचाई : उप-महानगरपालिकामा भूमिगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

## ५.६ पशुपालन

उप-महानगरपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट उप-महानगरपालिकाबासीहरुको जीविकोपार्जनमा सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म,

गाइ, भैंसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि उप-महानगरपालिकामा उपलब्ध रहेको छ। उप-महानगरपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

### ५.६.१ पशु नश्ल

उप-महानगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशु पालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन। त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिने हुँदा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु उत्तम हुन्छ। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा उप-महानगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस उप-महानगरपालिका निकै बढी मात्रामा रहेको देखिन्छ। उप-महानगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। उप-महानगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस उप-महानगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आयतर आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस उप-महानगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। उप-महानगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत उप-महानगरपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

## ५.७ व्यापार तथा उद्योगको विवरण

यस उप-महानगरपालिका पूर्वाञ्चलको प्रमुख व्यापारिक केन्द्रको रुपमा रहेको छ। यस उप-महानगरपालिका मार्फत् विभिन्न पहाडी तथा तराई जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, धरान उप-महानगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस उप-महानगरपालिकाबाट हुने गरेको पाइन्छ।



ठूलो भूमिमा विस्तार भएको अधिकांश भाग पहाडी र केही भाग समथर जमिन भएको, पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धतालगायतका विभिन्न कारणले उप-महानगरपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु कृषि पेशामै रहेकोले उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागि सकेका छैनन्। तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। उप-महानगरपालिकामा मझौला उद्योगहरु २४, साना उद्योगहरु १०४ गरी जम्मा १२८ उद्योगहरु संचालनमा रहेका छन् भने विभिन्न व्यवसायहरु जस्तै होटल, लज, गेष्टहाउस ७८, रेष्टुरेन्ट ४५, पसलहरु १९५० र अन्य व्यवसायहरु ४०० गरी जम्मा २६०१ व्यवसायहरु रहेका छन्। उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सरफ, प्लाष्टीक उद्योग, कोईला तथा जैविक मल उत्पादन उद्योग, बेत वाँसबाट वन्ने सामाग्री उत्पादन उद्योग, बेदबाँस उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग, ऋसर उद्योग, इट्टा उद्योग, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस उप-महानगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन्। त्यसैगरी साप्ताहिक रुपमा लाग्ने धरान उप-महानगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि उप-महानगरपालिका आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

**तालिका नं. ३१:** व्यवसाय तथा उद्योगको विवरण

| मझौला उद्योगहरु | साना उद्योगहरु | होटल/लज/गेष्ट हाउस | रेष्टुरेन्ट | पसलहरु | अन्य व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|
| २४ | १०४ | ७८ | ४५ | १९५० | ४०० | २६०१ |
| ०.९२ | ४.०० | ३.०० | १.७३ | ७४.९७ | १५.३८ | १००.०० |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

### ५.७.१ निकासी पैठारी स्थिति

उप-महानगरपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.७.२ ढुवानी तथा भण्डार व्यवस्था

उप-महानगरपालिकाभित्र उत्पादित मालसामानहरू उप-महानगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेको छन्। उप-महानगरपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण

आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। उप-महानगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ।

उप-महानगरपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले चाही त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा संकलन गरि ठूलो परिमाणमा विक्री गर्दछन्। उप-महानगरपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य उप-महानगरपालिका तथा भारतीय सामाग्रीसँगको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सूचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट उप-महानगरपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा वृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस उप-महानगरपालिका लागि परेको छ। उप-महानगरपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सूचना भएको र उप-महानगरपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

उप-महानगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य उप-महानगरपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

उप-महानगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य उप-महानगरपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) वनजन्य

वन जंगलमा आधारित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु उप-महानगरपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ। उप-महानगरपालिकामा उत्पादीत बाँसको प्रयोग केहि मात्रामा घरेलु उद्योग तथा आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

### ५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- ✓ कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने वस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुर्‍याइरहेका छन्।
- ✓ इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू उप-महानगरपालिकाको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू

उप-महानगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस उप-महानगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। उप-महानगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

उप-महानगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

उप-महानगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपंछी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यवसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र उप-महानगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस उप-महानगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

उप-महानगरपालिकामा भएका जलक्षेत्रहरूलाई माछापालन, सिंचाई, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई उप-महानगरपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

उप-महानगरपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, खयर, सिसौ, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। उप-महानगरपालिका, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, उप-महानगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त जमिन, पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको यस उप-महानगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ।

उप-महानगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

उप-महानगरपालिकाका आसपासमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थल तथा वस्तुहरुले यहाँको पर्यटकीय तथा साँस्कृतिक महत्वलाई दर्शाउँछ। बुढासुब्बा मन्दिर, बाराही मन्दिर, कोशीटापु वन्यजन्तु आरक्ष, विष्णुपादुकाको मन्दिर, भेडेटार, घन्टाघर, दन्तकाली मन्दिर, पिण्डेश्वरी मन्दिर, पञ्चकन्या मन्दिर, बाबाधाम आदि उप-महानगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। उप-महानगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

उप-महानगरपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस उप-महानगरपालिकाका युवाहरूलाई व्यवसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा उप-महानगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.९ उप-महानगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

उप-महानगरपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो उप-महानगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। उप-महानगरपालिका, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, उप-महानगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त जमिन, पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको र सडक यातायातको पहुँचको सुविधाका दृष्टिले विराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान र धरान हुँदै धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिने हुँदा उप-महानगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा उप-महानगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१० बैंक तथा वित्तीय संस्थाहरुको विवरण

उप-महानगरपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यस बाहेक उप-महानगरपालिकामा संचालित अन्य बैंक तथा वित्तीय संस्थाहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने उप-महानगरपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। निजी वित्तीय संस्थाहरु ९ र बैंक ७ गरी जम्मा १६ बैंक तथा वित्तीय संस्थाहरु उप-महानगरपालिकामा संचालित छन्।

**तालिका नं. ३२:** बैंक तथा वित्तीय संस्थाहरुको विवरण

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाहरु | संख्या | क्र.सं. | बैंक तथा वित्तीय संस्थाहरु | संख्या |
|---|---|---|---|---|---|
| १ | निजी वित्तीय संस्थाहरु | ९ | २ | बैंक | ७ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

## ५.११ सहकारी संस्थाको विवरण

उप-महानगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई उप-महानगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

तालिका नं. ३३: उप-महानगरपालिकामा रहेका सहकारी नामावली विवरण

| क्र.सं. | संस्थाको नाम | क्र.सं. | संस्थाको नाम |
|---|---|---|---|
| १ | अँधेरी लघु उद्दम स.सं.लि. | ४९ | बराह बचत तथा ऋण स.सं.लि. |
| २ | अनमोल बचत तथा ऋण स.सं.लि. | ५० | बरुण बचत तथा ऋण स.सं.लि. |
| ३ | अमर बचत तथा ऋण स.सं.लि. | ५१ | बसन्तटार कृषि स.सं.लि. |
| ४ | आत्मनिर्भर बचत तथा ऋण स.सं.लि. | ५२ | बालाजी दुग्ध उत्पादक स.सं.लि. |
| ५ | आषिश बचत तथा ऋण स.सं.लि. | ५३ | बिजयपुर बचत तथा ऋण स.सं.लि. |
| ६ | उत्साह कृषि स.सं.लि. | ५४ | बुढासुब्बा बचत तथा ऋण स.सं.लि. |
| ७ | उद्यमशिल बचत तथा ऋण स.सं.लि. | ५५ | बुद्धिकर्ण कृषि स.सं.लि. |
| ८ | उपकार बचत तथा ऋण स.सं.लि. | ५६ | भर अभर बचत तथा ऋण स.सं.लि. |
| ९ | औजार प्रकाशन स.सं.लि. | ५७ | भविष्य बचत तथा ऋण स.सं.लि. |
| १० | कर्मशिल शिक्षाकर्मी बचत तथा ऋण स.सं.लि. | ५८ | भानुपाथिभरा बचत तथा ऋण स.सं.लि. |
| ११ | किराँतेश्वर कृषि स.सं.लि. | ५९ | भालुढुंगा मौरीपालन स.सं.लि. |
| १२ | कुशल बचत तथा ऋण स.सं.लि. | ६० | माता बचत तथा ऋण स.सं.लि. |
| १३ | कृति बचत तथा ऋण स.सं.लि. | ६१ | मिलिजुली बचत तथा ऋण स.सं.लि. |
| १४ | कृपा बचत तथा ऋण स.सं.लि. | ६२ | मेरो बचत तथा ऋण स.सं.लि. |
| १५ | गोरखा बचत तथा ऋण स.सं.लि. | ६३ | मेलमिलाप बचत तथा ऋण स.सं.लि. |
| १६ | गौधारा महिला बचत तथा ऋण स.सं.लि. | ६४ | यती बचत तथा ऋण स.सं.लि. |
| १७ | चक्रकुण्ड कृषि सहकारी संस्था लि. | ६५ | योजना बचत तथा ऋण स.सं.लि. |
| १८ | चिरञ्जिवी बचत तथा ऋण स.सं.लि. | ६६ | रेल्वे आपसी बचत तथा ऋण स.सं.लि. |
| १९ | चेतना बचत तथा ऋण स.सं.लि. | ६७ | विद्याधारी बचत तथा ऋण स.सं.लि. |
| २० | चेलीबेटी बचत तथा ऋण स.सं.लि. | ६८ | शिखर बचत तथा ऋण स.सं.लि. |
| २१ | जगेडा बचत तथा ऋण स.सं.लि. | ६९ | शिरिजंगा बचत तथा ऋण स.सं.लि. |
| २२ | जनसन्देश सञ्चार स.सं.लि. | ७० | शुभ जागृती महिला बचत तथा ऋण स.सं.लि. |
| २३ | जयप्रेम बचत तथा ऋण स.सं.लि. | ७१ | शुभलक्ष्मी बचत तथा ऋण स.सं.लि. |
| २४ | जल्पादेवी बचत तथा ऋण स.सं.लि. | ७२ | शुभारम्भ बचत तथा ऋण स.सं.लि. |
| २५ | ज्ञानकुञ्ज शिक्षक बचत तथा ऋण स.सं.लि. | ७३ | शुलभ बचत तथा ऋण स.सं.लि. |
| २६ | ज्वालामुखी पशुपालन स.सं.लि. | ७४ | श्रमजिवी बचत तथा ऋण स.सं.लि. |
| २७ | झरना बचत तथा ऋण स.सं.लि. | ७५ | श्रीगणेश बचत तथा ऋण स.सं.लि. |
| २८ | ढिङ्गाबारी बचत तथा ऋण स.सं.लि. | ७६ | श्रेय बचत तथा ऋण स.सं.लि. |
| २९ | दक्षिणा बचत तथा ऋण स.सं.लि. | ७७ | स.सं.लि., पाँचकन्या |
| ३० | दन्तकाली बचत तथा ऋण स.सं.लि. | ७८ | समय बचत तथा ऋण स.सं.लि. |
| ३१ | दर्शन बचत तथा ऋण स.सं.लि. | ७९ | सम्मान बचत तथा ऋण स.सं.लि. |
| ३२ | दिव्यज्योती महिला एकता बचत तथा ऋण स.सं.लि. | ८० | सयपत्री नारी विकास बचत तथा ऋण स.सं.लि. |
| ३३ | दृष्टि बचत तथा ऋण स.सं.लि. | ८१ | सयपत्री बचत तथा ऋण स.सं.लि. |
| ३४ | देवार्श बचत तथा ऋण स.सं.लि. | ८२ | सल्लेरी बचत तथा ऋण स.सं.लि. |

| | | | |
|---|---|---|---|
| ३५ | नमो : बचत तथा ऋण स.सं.लि. | ८३ | सहभागी कृषि स.सं.लि. |
| ३६ | निशान बचत तथा ऋण स.सं.लि. | ८४ | सहयात्री बचत तथा ऋण स.सं.लि. |
| ३७ | नौलो बचत तथा ऋण स.सं.लि. | ८५ | साना किसान कृषि स.सं.लि., पाँचकन्या |
| ३८ | न्यू जनकल्याणकारी बचत तथा ऋण स.सं.लि. | ८६ | सारथी बचत तथा ऋण स.सं.लि. |
| ३९ | पञ्चकन्या बचत तथा ऋण स.सं.लि. | ८७ | सिद्धकाली बचत तथा ऋण स.सं.लि. |
| ४० | पराग बचत तथा ऋण स.सं.लि. | ८८ | सुनकोशी बचत तथा ऋण स.सं.लि. |
| ४१ | परिश्रमी बचत तथा ऋण स.सं.लि. | ८९ | सुम्निमा बचत तथा ऋण स.सं.लि. |
| ४२ | पवित्र बचत तथा ऋण स.सं.लि. | ९० | सुरक्षित बचत तथा ऋण स.सं.लि. |
| ४३ | पहिलो कदम बचत तथा ऋण स.सं.लि. | ९१ | सूर्य किरण बचत तथा ऋण स.सं.लि. |
| ४४ | पानस बचत तथा ऋण स.सं.लि. | ९२ | सेहरा खोला कृषि स.सं.लि. |
| ४५ | पिण्डेश्वर बचत तथा ऋण स.सं.लि. | ९३ | हरिलक्ष्मी बचत तथा ऋण स.सं.लि. |
| ४६ | पूर्वेली बचत तथा ऋण स.सं.लि. | ९४ | हाम्रो पाँचकन्या स्वास्थ्य स.सं.लि. |
| ४७ | प्रकृती बचत तथा ऋण स.सं.लि. | ९५ | हिउँचुली बचत तथा ऋण स.सं.लि. |
| ४८ | प्रभु बचत तथा ऋण स.सं.लि. | ९६ | ज्योतीपुञ्ज बचत तथा ऋण स.सं.लि. |


*स्रोत : सुनसरी जिल्लाको सहकारी गतिविधि २०७४*

उप-महानगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, दुग्ध, पशुपालन, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ८०, बहुउद्देश्यीय १, कृषि ८, लघुउद्यम १, सूचना तथा संचार २, दुग्घ १, स्वास्थ्य १, पशुपालन १ र अन्य १ गरी जम्मा ९६ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३४:** सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या | | क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण | ८० | | ६ | दुग्ध | १ |
| २ | बहुउद्देश्यीय | १ | | ७ | स्वास्थ्य | १ |
| ३ | लघुउद्यम | १ | | ८ | पशुपालन | १ |
| ४ | कृषि | ८ | | ९ | अन्य | १ |
| ५ | सूचना तथा संचार | २ | | | जम्मा | ९६ |

*स्रोत : सुनसरी जिल्लाको सहकारी गतिविधि २०७४*




## ५.१२ संघ संस्था तथा विभिन्न समूहहरु


यस उप-महानगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश उप-महानगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरुमा USAID/RUDO/South Asia ले धरान वातावरणीय नक्सांकन आयोजना र धरानमा ठोस फोहोरमैला व्यवस्थापनको संभाव्यता अध्ययनका लागि सहयोग गर्दै आएको छ भने UNICEF द्वारा उप-महानगरपालिकामा २०५१ सालदेखि नै बाल विकास, मातृ विकास, स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन हुँदै आएको छ। समुदायमा आधारित बाल विकास केन्द्रहरु, शहरी बाल शिक्षा, अभिभावक शिक्षा कार्यक्रम, बाल पत्रकारिता, डकाव कार्यक्रम, विभिन्न जनचेतना मूलक क्रियाकलापहरु तथा सिपमुलक तालिमहरु प्रदान गर्दै आएको छ। यसका अतिरिक्त उप-महानगरपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन्। यस उप-महानगरपालिकामा सक्रिय सरकारी तथा गैर सरकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३५:** सरकारी तथा गैर सरकारी संस्थाहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना | विषयगत क्षेत्र |
|---|---|---|---|
| १ | सम्यक शिक्षा समूह | धरान | सामाजिक परिचालन शिक्षा |
| २ | पौरखी नेपाल | धरान | वैदेशिक रोजगार सम्बन्धी |
| ३ | सामाजिक न्याय मञ्च, सुनसरी | धरान | उद्यम विकास |
| ४ | सुन्दर समाज विकास केन्द्र | धरान | दलित अधिकार, सामाजिक |
| ५ | उष्का नेपाल | धरान | सडक बालवालिका |
| ६ | युवा दृष्टि सुनसरी | धरान | सामाजिक परिचालन शिक्षा |
| ७ | सहयोगी महिला समूह | इटहरी | होटल/रेष्टुरेण्ट/मनोरञ्जन |
| ८ | Forward Nepal, Chitwan | विराटनगर | दैवी प्रकोप/विपद् व्यवस्थापन |
| ९ | प्लान इन्टरनेसनल नेपाल | इटहरी | महिला तथा बालबालिका |


*स्रोत : सुनसरी जिल्ला वस्तुगत विवरण, २०७४*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार




नक्सा नं. ११ : सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरुको विवरण

## ६.१ यातायात




नक्सा नं. १२ : उप-महानगरपालिकाको सडक सञ्जाल

### ६.१.१ बिद्यमान सडक सञ्जाल :

**तालिका नं. ३६:** बिद्यमान सडक सञ्जाल

| पक्की सडक (कि.मि.) | ग्राभेल (कि.मि.) | जम्मा (कि.मी.) |
|---|---|---|
| २३० | ४४४.६ | ६७४.६ |

*स्रोत : GIS Map विश्लेषणबाट निकालिएको, २०७४*


धरान उप-महानगरपालिकाको बाटो-घाटोको स्थिति हेर्दा पक्की सडक २३० कि.मि र ग्राभेल सडक ४४४.६ कि.मि. गरी जम्मा ६७४.६ कि.मि. बाटो रहेको छ ।



## ६.१.२ यातायात सेवा

पूर्वाञ्चल विकास क्षेत्रको सुनसरी जिल्लामा रहेको यस धरान उप-महानगरपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छ। पूर्वी पहाडी जिल्लाहरुको प्रवेशद्वारको रुपमा रहेको यस उप-महानगरपालिकामा सडक यातायातको पहुँचले बिराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान र धरान हुँदै धनकुटा, भोजपुर, संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ। यसरी देशका सबै मुख्य शहरी क्षेत्रहरुसम्म जोड्ने सडक सञ्जाल राम्रो रहेको छ। उप-महानगरपालिकामा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा उप-महानगरपालिकाका सबै वडाहरुमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। उप-महानगरपालिकाका सबै वडाहरुमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको भरपर्दो सुविधाले उप-महानगरपालिकाबासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छ। उप-महानगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। उप-महानगरपालिकामा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकल, सिटी सफारी, टेम्पोहरूको समेत उपयोग गरिएको देखिन्छ। उप-महानगरपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ। सुनसरी जिल्लाका अन्य नगरपालिकाहरु तथा पूर्वाञ्चलका अन्य जिल्लाहरूको तुलनामा धरानको आन्तरिक र जिल्ला बाहिरको बससेवाको सञ्जाल व्यापक रहेको देखिन्छ। यसका अतिरिक्त यस उप-महानगरपालिकाबाट देशका विभिन्न भागहरूमा समेत दिवा तथा रात्री बस सञ्चालनमा रहेका छन्।






नक्सा नं. १३ : उप-महानगरपालिकामा बस पार्कको अवस्था

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नुपर्ने देखिन्छ।

त्यस्तै उप-महानगरपालिकाबाट ४० किमीको दुरीमा (लगभग १ घन्टा) विराटनगर विमानस्थल रहेको छ। काठमाडौंको गोंगबु बर्सपार्कबाट दिनको ३:३० बजे हिडेको बस अर्को दिनको बिहान ६ बजे धरान उप-महानगरपालिकामा पुग्दछ।

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। वि.सं. २०४७ सालसम्म संचार माध्ययमहरु सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रामा बढ्दै गएको छ। धरान उप-महानगरपालिकामा ५ स्थानीय निजी एफ.एम स्टेसनहरु प्रसारणमा रहेका छन्। यसबाहेक रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। नगरमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध रहेको छ। उप-महानगरपालिकामा World Link, ADSL, NCell, NTC, Classic Tech., Broadlink, Subisu र Techminds Network आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन्। नेपाल टेलिभिजन र विभिन्न केबलद्वारा नेपाली, हिन्दी, अंग्रेजी च्यानलहरु धरान उप-महानगरपालिकाबासीहरुले हेर्दै आएका छन् भने धरान केवल नेटवर्कद्वारा संचालित नयाँ स्थानीय च्यानल क्रिती टेलीभिजन च्यानल उप-महानगरपालिकाको प्रायजसो स्थानहरुमा प्रसारण भैरहेको देखिन्छ।

**तालिका नं. ३७:** सूचना तथा संचार

| क्र.सं. | सूचना तथा संचार | संख्या | | क्र.सं. | सूचना तथा संचार | संख्या |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय पत्रपत्रिका | ११ | | ४ | रेडियो रिले ट्रान्समिटर | १ |
| २ | वितरित टेलिफोन लाइन | ८६१५ | | ५ | इन्टरनेट सेवा प्रदायक | ३ |
| ३ | सार्वजनिक टेलिफोन बुथ | १६ | | ६ | केवल टि.भि. प्रसारक | २ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

### ६.२.१ उप-महानगरपालिकामा रहेका एफ.एम. रेडियोहरु तथा टेलिभिजन

**तालिका नं. ३८:** एफ.एम. रेडियो

| क्र.सं. | एफ्.एम्. रेडियो | मेगाहर्ज | | क्र.सं. | एफ्.एम्. रेडियो | मेगाहर्ज |
|---|---|---|---|---|---|---|
| १ | स्टार एफ्.एम्. | ९५.६ मे.हर्ज | | ४ | दन्तकाली एफ्.एम्. | ८८.५ मे.हर्ज |
| २ | विजयपुर एफ्.एम्. | ९८.८ मे.हर्ज | | ५ | रेडियो घन्टाघर एफ्.एम्. | ९५.१ मे.हर्ज |
| ३ | रेडियो धरान एफ्.एम्. | ८८.८ मे.हर्ज | | | | |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

यस उप-महानगरपालिकामा विभिन्न ५ वटा निजी स्थानीय एफ्.एम्. रहेको छ । यस उप-महानगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ । जुन सुविधाबाट यस उप-महानगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ ।

उप-महानगरपालिकाबासीहरुलाई विभिन्न सूचना तथा मनोरञ्जन उपलब्ध गराउँदै आएका टेलिभिजनहरुमा नेपालको राष्ट्रिय स्तरको नेपाल टेलिभिजन पनि एक हो भने अन्य काठमाडौंबाट संचालन हुने सबै च्यानलहरु रहेका छन् । यसका साथै हिन्दी, अंग्रेजी च्यानलहरु पनि प्रसारण हुन्छन् । धरान केवल नेटवर्कद्वारा संचालित नयाँ टेलिभिजन कृती टेलिभिजन च्यानलले पनि उप-महानगरपालिकाको प्रायजसो स्थानहरुलाई ओगटेको छ। यसरी उप-महानगरपालिकामा जम्मा २ स्थानीय केवल नेटवर्कद्वारा उप-महानगरपालिका बासीहरुलाई मनोरन्जन दिदै आएको पाइन्छ ।

## ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस उप-महानगरपालिकाका २० ओटै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

## ६.२.३ हुलाक सेवा

उप-महानगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल उप-महानगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। उप-महानगरपालिकामा रहेका हुलाक कार्यालयहरुबाट उप-महानगरपालिकाभित्र र उप-महानगरपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् । यद्यपी संचारको तिब्र विकासले गर्दा हाल हुलाक सेवा प्रयोगकर्ताहरुको संख्या भने घटेको छ ।

## ६.२.४ पत्रपत्रिका

धरान उप-महानगरपालिकामा दैनिक, साप्ताहिक र मासिक गरी जम्मा ११ ओटा पत्रपत्रिकाहरु नियमित रुपमा प्रकाशित भैरहेका छन् । यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरु (गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, द काठमाडौं पोष्ट, हिमालयन टाइम्स आदि) समेत उप-महानगरपालिकाका विभिन्न वडाहरुमा पाइन्छ। उप-महानगरपालिकामा प्रकाशित पत्रपत्रिकाहरुमा द ब्लास्ट टाइम्स, द मर्निङ्ग टाइम्स बढी प्रचलित छन् ।

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस धरान उप-महानगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। उप-महानगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ३१,१३६ (९५.२४ प्रतिशत) रहेको छ। त्यस्तै उप-महानगरपालिकाका कुल घरधुरीको १,०६५ (३.२६ प्रतिशत) ले मट्टितेल, १३३ (०.४१ प्रतिशत) ले गोबरग्याँस र २२ (०.०७ प्रतिशत) घरधुरीले मात्रामा सोलारको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. १५ रहेको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ३९: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १,१५७ | २४ | ५ | ० | ० | १३ | १,१९९ |
| २ | ५१७ | १२ | ७ | १ | ० | ३ | ५४० |
| ३ | १,००६ | १५ | २ | ० | १ | १० | १,०३४ |
| ४ | ५८८ | ११७ | ० | ० | ० | ८ | ७१३ |
| ५ | १,६१८ | १२२ | ४ | ४ | २२ | ९ | १,७७९ |
| ६ | १,२६४ | ९४ | २ | १ | ३ | ७ | १,३७१ |
| ७ | ७५९ | ७ | ९ | ० | ० | २ | ७७७ |
| ८ | २,६९४ | ६२ | १५ | १ | २२ | २४ | २,८१८ |
| ९ | १,००३ | ११ | १ | ० | १ | ६ | १,०२२ |
| १० | १,३५९ | १५ | ३ | ० | २ | ५ | १,३८४ |
| ११ | २,५५४ | ८५ | २२ | ३ | ७ | ३७ | २,७०८ |
| १२ | ७८२ | ७ | २ | ० | ० | ५ | ७९६ |
| १३ | १,९५४ | ३९ | १३ | १ | ० | २७ | २,०३४ |
| १४ | ८१८ | २६ | २ | ० | १ | ४ | ८५१ |
| १५ | ४,५३७ | १३० | २१ | ५ | ७ | २६ | ४,७२६ |
| १६ | २,६६७ | ७६ | ६ | २ | २ | १० | २,७६३ |
| १७ | २,४२२ | १५३ | १० | २ | ५ | १८ | २,६१० |
| १८ | १,५९४ | ४ | २ | १ | ० | १९ | १,६२० |
| १९ | १,१३३ | १७ | ३ | ० | १ | ० | १,१५४ |
| २० | ७१० | ४९ | ४ | १ | २६ | ४ | ७९४ |
| जम्मा | ३१,१३६ | १,०६५ | १३३ | २२ | १०० | २३७ | ३२,६९३ |
| प्रतिशत | ९५.२४ | ३.२६ | ०.४१ | ०.०७ | ०.३१ | ०.७३ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ६.३.२ विद्युत प्राधिकरणको तथ्यांक विवरण

**तालिका नं. ४०:** आर्थिक वर्षअनुसार वितरित लाईन संख्या

| क्र.सं. | ग्राहकको वर्गीकरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ |
|---|---|---|---|---|
| १ | व्यापारिक | १७१९ | १८११ | १८४६ |
| २ | ग्राहस्थ | ० | ० | ० |
| ३ | औद्योगिक | २८३९ | २८६९ | २९३६ |
| ४ | सिंचाई | १६८ | १८७ | २१२ |
| ५ | गैर-व्यवसायिक | २२५५ | २३५३ | २४२६ |
| ६ | सडक बत्ति | २२८ | २२८ | २२८ |
| ७ | अस्थायी आपुर्ति | ५७ | ९३ | ३२४ |
| ८ | मठ मन्दिर | ८३६ | ८९४ | ९३२ |
| ९ | खानेपानी | ६० | ६० | ७१ |
| १० | सरकारी | ० | ० | ० |
| ११ | अस्थायी | ० | ० | ० |
| १२ | सामुदायिक | ० | ० | ० |
| १३ | प्राधिकरण अन्तर्गत | ० | ० | ० |
| १४ | आन्तरिक | ७२ | ७२ | ७७ |
| १५ | मनोरञ्जन | ० | ० | ० |
| १६ | जम्मा | ८२३४ | ८५६७ | ९०५२ |

*स्रोत : सुनसरी जिल्लाको वस्तुगत विवरण २०७४*

### ६.३.३ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ४१:** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुइँठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५४ | १४ | १,०११ | ० | ३ | ० | ४ | १३ | १,१९९ |
| २ | ३६ | ३६ | ४६५ | ० | ० | ० | ० | ३ | ५४० |
| ३ | १५५ | ३५ | ८२४ | १ | १ | ० | ९ | ९ | १,०३४ |
| ४ | ७०१ | १ | २ | ० | १ | ० | ० | ८ | ७१३ |
| ५ | १,४२९ | १० | ३१७ | १ | ११ | २ | १ | ८ | १,७७९ |
| ६ | १,११२ | २ | १२० | २ | १२८ | ० | ० | ७ | १,३७१ |
| ७ | ६० | २७ | ६८५ | ० | ० | ० | ३ | २ | ७७७ |
| ८ | ८५१ | ६६ | १,८७१ | २ | ० | ० | ६ | २२ | २,८१८ |
| ९ | १५७ | ७७ | ७५० | ० | ० | ० | ३३ | ५ | १,०२२ |
| १० | ११९ | १८ | १,२३८ | १ | ० | ० | ३ | ५ | १,३८४ |
| ११ | १,१७२ | २१ | १,४६३ | २ | ६ | २ | ५ | ३७ | २,७०८ |
| १२ | १०२ | १७ | ६६७ | ० | ० | १ | ४ | ५ | ७९६ |
| १३ | ५७८ | ८ | १,४११ | १ | ६ | २ | १ | २७ | २,०३४ |
| १४ | २९४ | ४ | ५११ | ० | ३४ | ० | ४ | ४ | ८५१ |
| १५ | १,०८९ | ८६ | ३,५११ | २ | ७ | ३ | २ | २६ | ४,७२६ |
| १६ | ४४० | १९ | २,२८० | १ | ११ | ० | ३ | ९ | २,७६३ |
| १७ | १,७९८ | ८ | ७७७ | २ | ३ | ० | ४ | १८ | २,६१० |
| १८ | ६० | ९ | १,५३० | १ | १ | ० | ० | १९ | १,६२० |
| १९ | ३१२ | १५ | ८२५ | ० | १ | ० | १ | ० | १,१५४ |
| २० | ७८६ | १ | १ | ० | ० | २ | ० | ४ | ७९४ |
| जम्मा | ११,४०५ | ४७४ | २०,२५९ | १६ | २१३ | १२ | ८३ | २३१ | ३२,६९३ |
| प्रतिशत | ३४.८९ | १.४५ | ६१.९७ | ०.०५ | ०.६५ | ०.०४ | ०.२५ | ०.७१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*


वि.सं. २०६८ को जनगणना अनुसार धरान उप-महानगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा एल.पी. ग्याँस सबैभन्दा बढी २०,२५९ (६१.९७ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा काठ तथा दाउरा प्रयोग गर्ने घरधुरी संख्या ११,४०५ (३४.८९ प्रतिशत), मट्टितेल प्रयोग गर्ने घरधुरी संख्या ४७४ (१.४५ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने २१३ (०.६५ प्रतिशत) रहेका छन् भने गुइँठा तथा ठोरहा प्रयोग गर्ने घरधुरी १६ (०.०५ प्रतिशत)

र सबैभन्दा कम १२ (०.०४ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी एल.पी. ग्याँस प्रयोग गर्ने वडा नं. १५ मा ३,५११ घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराइको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा




नक्सा नं. १४ : उप-महानगरपालिकामा रहेका शिक्षण तथा स्वास्थ्य संस्थाहरुको विवरण

## ७.१ शिक्षा

चौधौ योजनाको ५ वटा रणनीतिक स्तम्भहरुमध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक हो। कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ धरान उप-महानगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

संविधान तथा योजनाको ठुला ठुला वहस भएता पनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन। शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ। देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो। यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ। निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन। आज व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ।

शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनश्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ।




शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस उप-महानगरपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार उप-महानगरपालिकामा आधारभूत विद्यालय सामुदायिक ११ वटा र निजी ५० वटा छन् भने माध्यमिक विद्यालय सामुदायिक २० वटा र संस्थागत २६ वटा सञ्चालनमा रहेका छन्। जिल्लाका अन्य नगरपालिका/गाउँपालिका तथा पूर्वाञ्चलका अन्य जिल्लाहरुको तुलनामा यस उप-महानगरपालिकामा प्राविधिक शिक्षा लिने अवसर धेरै नै रहेको देखिन्छ। उप-महानगरपालिकामा संस्थागत ५ प्राविधिक शिक्षालय (सिटिभिटी) रहेका छन्। यसैगरी दृष्टिविहीन तथा बहिराहरुका लागि विशेष शिक्षालय सरकारी स्तरमा ३ वटा रहेको पाइन्छ भने विश्वविद्यालय (वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान) १ रहेको छ। उप-महानगरपालिकामा निजी ९ र सरकारी १ गरी जम्मा १० वटा पुस्तकालयहरु रहेको पाइन्छ।

**तालिका नं. ४२:** उप-महानगरपालिकामा संचालित निजी तथा सरकारी शिक्षालयहरुको विवरण

| क्र.सं. | विश्व विद्यालय |
|---|---|
| १ | B.P. Koirala Institute of Health Sciences |
| | कलेज |

| | |
|---|---|
| १ | Mahendra Multiple Campus - Tribhuvan University |
| २ | Central Campus of Technology (Hattisar)Dharan -14[6] |
| ३ | Purwanchal Campus - Tribhuvan University[7] |
| ४ | Dharan College of Management - Affiliated to the Purbanchal University |
| ५ | Birendra Memorial College - Affiliated to the Tribhuvan University |
| ६ | Dharan Multiple Campus, Dharan-16, Affiliated to the Tribhuvan University[8] |
| ७ | Alpine College, Dharan-10 |
| ८ | Dharan Model College, Dharan-4 |
| ९ | Bharavi Science |
| १० | Dharan City College, Dharan-12 |
| ११ | National Multiple College, Dharan-4 |
| १२ | Kaushiki Campus, Dharan-16 |
| १३ | Sagarmatha College |
| १४ | Dharan Adarsha College[9] |
| १५ | Pindeshwor Vidyapeeth - Affiliated to the Nepal Sanskrit University |
| १६ | Sunsari Technical College, Dharan-4 |
| १७ | Dharan Mega College, Dharan-12 |
| **विद्यालयहरु** | |
| १ | Oasis English High School, Dharan - 11 |
| २ | Children's Academy English Boarding School, (Pindeshowr Chowk) Dharan - 15 |
| ३ | Shree Shiksha Sadan Higher Secondary School, Dharan - 15 |
| ४ | Carmel High School, Dharan-18 |
| ५ | Sainik Awasiya Mahavidyalaya (SAMD), Dharan-13 |
| ६ | Saraswati English Boarding School, Dharan-8 |
| ७ | Koshi Secondary English Boarding School, Dharan-8 |
| ८ | Gem Secondary Boarding School, Dharan 18 |
| ९ | National Academy of Applied Science and Technology (NAAST College), Dharan-16 NAAST College |
| १० | Dharan Higher Secondary school (DHSS), Dharan-04 |

| | |
|---|---|
| ११ | Shree Public Higher Secondary School (Phushre), Dharan-13 |
| १२ | Eureka Higher Secondary School, Dharan-04 |
| १३ | Navjyoti Catholic English School (recently upgraded = College), Dharan 15 |
| १४ | Shree Public Higher secondary school, Dharan 12 |
| १५ | Secondary Boarding School, Dharan 04 |
| १६ | Shree Sarada Balika Higher Secondary School, Dharan-16 |
| १७ | Summit higher Secondary Boarding School, Dharan-9 |
| १८ | Bishnu Memorial Higher Secondary School, Dharan-9[10] |
| १९ | Vijayapur Higher Secondary School, Dharan 14[11] |
| २० | Aims Academy |
| २१ | Pravat Higher Secondary School, Dharan-12 |
| २२ | Shree Shikshya Niketan Higher Secondary School, Dharan-6 |
| २३ | Depot Higher Secondary School, Dharan 18[12] |
| २४ | Delhi Public School, Dharan-18 |
| २५ | Gyanodaya Secondary Boarding School, Dharan -15 |
| २६ | Gyanodaya Secondary High School, Dharan-11 |
| २७ | Sunakhari Academy, Dharan |
| २८ | Shree Panchakanya Secondary School, Dharan-17 |
| २९ | Prithvi Cambridge English School, Dharan-19 |
| ३० | Small Heaven English Boarding School, Dharan-13 |
| ३१ | Sion School, Dharan- 16 |
| ३२ | Shree Laboratory Higher Secondary School, Dharan-8 |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा धरान उप-महानगरपालिका यस सुनसरी जिल्लाका अन्य गाउँपालिका/नगरपालिकाको तुलनामा अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस उप-महानगरपालिकाको साक्षरता दर ८३.१४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो उप-महानगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस उप-महानगरपालिकाको पुरुषको साक्षरता दर ८९.७७ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ७७.३६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १२.४१ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४३:** साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | २,११६ | १,९०९ | २१ | २२ | १२९ | ३८४ | ० | १ | २,२६६ | २,३१६ |
| २ | १,१५० | १,०६३ | ७ | ६ | ५३ | १९१ | ० | ० | १,२१० | १,२६० |
| ३ | १,९२७ | १,७६५ | १० | २९ | २२७ | ४९४ | ० | ३ | २,१६४ | २,२९१ |
| ४ | १,०६० | ९५६ | ३९ | ३६ | ३१२ | ५४५ | ० | ० | १,४११ | १,५३७ |
| ५ | २,५६५ | २,५२८ | १०९ | १३४ | ५४७ | १,०७२ | १ | २ | ३,२२२ | ३,७३६ |
| ६ | २,११२ | २,१२५ | २९ | ३९ | २९७ | ७७९ | १ | १ | २,४३९ | २,९४४ |
| ७ | १,३२० | १,२५४ | २० | १९ | ११२ | २८९ | १ | २ | १,४५३ | १,५६४ |
| ८ | ४,६५६ | ४,३२० | ८४ | ११४ | ४३० | १,१६१ | ३ | ४ | ५,१७३ | ५,५९९ |
| ९ | १,७०९ | १,५२१ | ६ | ९ | १९० | ३३७ | ० | ० | १,९०५ | १,८६७ |
| १० | २,२३२ | २,२१७ | ४ | २२ | १२६ | ४०२ | ० | ० | २,३६२ | २,६४१ |
| ११ | ४,३५० | ४,३८९ | ८८ | १५१ | ४९३ | १,२५२ | ४ | ६ | ४,९३५ | ५,७९८ |
| १२ | १,४४० | १,३९७ | १९ | ३३ | ५९ | २६४ | ० | १ | १,५१८ | १,६९५ |
| १३ | ३,१७४ | ३,४२५ | ३६ | ५५ | १८७ | ७०७ | ० | ० | ३,३९७ | ४,१८७ |
| १४ | १,४५९ | १,२९८ | २६ | ४७ | ११५ | ३८८ | ० | २ | १,६०० | १,७३५ |
| १५ | ७,५२५ | ७,६८६ | ९८ | १४८ | ६८५ | २,०१० | ३ | ७ | ८,३११ | ९,८५१ |
| १६ | ४,३२४ | ४,३८० | ५२ | ८९ | ३१२ | १,०८७ | १ | २ | ४,६८९ | ५,५५८ |
| १७ | ३,९४५ | ४,०४२ | ३४ | ८५ | ५४३ | १,४८८ | ० | १ | ४,५२२ | ५,६१६ |
| १८ | २,३९४ | २,६५६ | २० | ३८ | ५१ | २३४ | १ | ० | २,४६६ | २,९२८ |
| १९ | १,९८५ | २,१०२ | १५ | ३२ | ११५ | ४८४ | १ | २ | २,११६ | २,६२० |
| २० | १,१८२ | १,०९२ | ३९ | २९ | २३९ | ५१४ | ० | ० | १,४६० | १,६३५ |
| **जम्मा** | ५२,६२५ | ५२,१२५ | ७५६ | १,१३७ | ५,२२२ | १४,०८२ | १६ | ३४ | ५८,६१९ | ६७,३७८ |
| **प्रतिशत** | ८९.७७ | ७७.३६ | १.२९ | १.६९ | ८.९१ | २०.९० | ०.०३ | ०.०५ | १००.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

धरान उप-महानगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. १८ मा ९३.६२ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ९७.०८ प्रतिशत र महिला साक्षरता दर ९०.७१ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वडा नं. ४ मा रहेको छ। जसमा कुल साक्षरता दर ६८.३९ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७५.१२ प्रतिशत र महिला साक्षरता दर ६२.२० प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस धरान उप-महानगरपालिका शैक्षिक हिसाबमा देशको अग्र स्थानमा नै रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।





## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ४४:** शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १,६१० | १५,१७७ | १०,०२३ | ७,७४४ | ९,४५६ | ४,६७६ | २,५२० | ९०७ | ३३ | १,६९२ | १३९ | ५३,९७७ |
| **महिला** | १,५०६ | १४,६३८ | १०,३९१ | ८,००७ | ९,८३८ | ४,६४१ | १,६२१ | ४१२ | २० | २,१४५ | १६५ | ५३,३८४ |
| **जम्मा** | ३,११६ | २९,८१५ | २०,४१४ | १५,७५१ | १९,२९४ | ९,३१७ | ४,१४१ | १,३१९ | ५३ | ३,८३७ | ३०४ | १०७,३६१ |
| **प्रतिशत** | २.९० | २७.७७ | १९.०१ | १४.६७ | १७.९७ | ८.६८ | ३.८६ | १.२३ | ०.०५ | ३.५७ | ०.२८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा धरान उप-महानगरपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा ३,११६ (२.९० प्रतिशत) जना स्कूल नगएका, २९,८१५ (२७.७७ प्रतिशत) प्राथमिक तह, २०,४१४ (१९.०१ प्रतिशत) नि.मा.वि. तह, १५,७५१ (१४.६७ प्रतिशत) मा.वि. तह, १९,२९४ (१७.९७ प्रतिशत) एस.एल.सी. तह, ९,३१७ (८.६८ प्रतिशत) प्रमाणपत्र तह, ४,१४१ (३.८६ प्रतिशत) स्नातक तह, १,३१९ (१.२३ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।





## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ४५:** विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनियरिङ, विनिर्माण र निर्माण | कानून | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | कम्प्युटिङ्ग | अन्य | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ४,३५२ | ४,४५३ | १,१८३ | १,२२१ | ४८१ | ३२३ | १९० | ३८७ | ६२ | ४३ | ५८ | २०६ | १,८१८ |
| **प्रतिशत** | २९.४५ | ३०.१३ | ८.०१ | ८.२६ | ३.२६ | २.१९ | १.२९ | २.६२ | ०.४२ | ०.२९ | ०.३९ | १.३९ | १२.३० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा उप-महानगरपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस उप-महानगरपालिकामा सबैभन्दा बढी व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ४,४५३ (३०.१३ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषय लिएर पढ्नेको जनसंख्या ४,३५२ (२९.४५ प्रतिशत), तेस्रो स्थानमा विज्ञान विषय लिएर पढ्नेको संख्या १,२२१ ( ८.२६ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

**तालिका नं. ४६:** उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गैरहेको जनसंख्या | | | हाल विद्यालय नगएको जनसंख्या | | | उल्लेख नगरिएको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| **५-१० वर्ष** | ८२०० | ७६७५ | १५८७५ | ७४३३ | ६९०४ | १४३३७ | ५८८ | ५६२ | ११५० | १७९ | २०९ | ३८८ |
| **११-१५ वर्ष** | ७५९७ | ७६४९ | १५२४६ | ६९३५ | ७०८१ | १४०१६ | ५३८ | ४२४ | ९६२ | १२४ | १४४ | २६८ |
| **१६-२० वर्ष** | ८१३१ | ८५१५ | १६६४६ | ५४१९ | ५६१२ | ११०३१ | २४८४ | २६०४ | ५०८८ | २२८ | २९९ | ५२७ |
| **जनसंख्या** | २३९२८ | २३८३९ | ४७७६७ | १९७८७ | १९५९७ | ३९३८४ | ३६१० | ३५९० | ७२०० | ५३१ | ६५२ | ११८३ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ५ देखि १० वर्ष उमेर समूहको १४,३३७ जनसंख्या विद्यालय गइरहेको देखिन्छ। जसमा ७४३३ पुरुष र ६९०४ महिला जनसंख्या रहेको छन्। त्यस्तै ११ देखि १५ वर्ष उमेर समूहको कुल जनसंख्याको १४,०१६ विद्यालय गएको देखिन्छ भने ९६२ जनसंख्या विद्यालय नगरएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

*(नोट : शंसोधित नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ।)*

## ७.२.४ उप-महानगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। उप-महानगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय सरकारको रूपमा उप-महानगरपालिकाको समग्र विकासको निम्ति उप-महानगरपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस उप-महानगरपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। उप-महानगरपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय ५१ र माध्यामिक विद्यालय ३८, कलेज ४, विश्वविद्यालय १, विशेष शिक्षालय (दृष्टिविहीन तथा बहिरा) ३ र प्राविधिक शिक्षालय (सिटिभिटी) ५ गरी जम्मा १२२ वटा शिक्षण संस्थाहरु रहेका छन्। यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४७:** उप-महानगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| तह | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| **आधारभूत (१-५) (Primary)** | ४५ | ६ | ५१ |
| **आधारभूत (१-८) (Lower Secondary)** | ५ | ५ | १० |
| **माध्यामिक (१-१०) (Secondary)** | १८ | १२ | ३० |
| **माध्यामिक (१-१२) (Secondary)** | ८ | ० | ८ |
| **कलेज (College)** | ० | ४ | ४ |
| **विश्वविद्यालय (वि.पि.स्वा.वि.प्रा) (Deemed University)** | ० | १ | १ |
| **पुस्तकालय (Library)** | ९ | १ | १० |
| **विशेष शिक्षालय (दृष्टिविहिन/वहिरा) (Special Education)** | ० | ३ | ३ |
| **प्राविधिक शिक्षालय (सिटिभिटी) (Technical School CTVT)** | ५ | ० | ५ |
| **जम्मा** | ९० | ३२ | १२२ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

### ७.२.५ उप-महानगरपालिकामा रहेका विद्यार्थी संख्या विवरण

धरान उप-महानगरपालिकामा २०७३ साल सम्ममा ३६,५१६ जना छात्रछात्राहरु अध्ययनरत रहेका छन्। जसमा १७,६१२ जना छात्रा र १८,९०४ जना छात्रहरु रहेका छन्। तहगत रुपमा विद्यार्थीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४८:** विद्यार्थी विवरण

| तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| **आधारभूत (१-५)** | ७७७४ | ८६३५ | १६४०९ |
| **आधारभूत (६-८)** | ५०५० | ५६५७ | १०७०७ |
| **माध्यामिक (९-१०)** | ३१४५ | ३२८२ | ६४२७ |
| **माध्यामिक (११-१२)** | १६४३ | १३३० | २९७३ |
| **जम्मा** | १७,६१२ | १८,९०४ | ३६,५१६ |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, २०७३*

### ७.२.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु उप-महानगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** उप-महानगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

## ७.३ स्वास्थ्य

पूर्वाञ्चल विकास क्षेत्रको तराई तथा पहाडको संगमस्थलमा अवस्थित यस उप-महानगरपालिका सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल देखिन्छ। राजनितिक रुपमा २० वडाहरुमा विभाजित यस उप-महानगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छन्। सुनसरी जिल्लाको सदरमुकाम रहेको यस उप-महानगरपालिकामा ६५० शैया क्षमता भएको BPKIHS अस्पताल रहेको छ। धरान उप-महानगरपालिकाद्वारा ८ स्वास्थ्य क्लिनिकहरु संचालित छन् भने सरकारी स्तरको स्वास्थ्य चौकी १ र १७ निजी क्लिनिकहरु रहेको पाइन्छ तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ ।



**तालिका नं. ४९:** उप-महानगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| अस्पताल (सरकारी र निजी) | स्वास्थ्य क्लिनिक | स्वास्थ्य चौकी | निजी क्लिनिकहरु |
|---|---|---|---|
| १ (६५० शैया) | ८ | १ | १७ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस उप-महानगरपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

### ७.३.१ शहरी सामुदायिक स्वास्थ्य केन्द्र

धरान उप-महानगरपालिकाको दीर्घकालीन सोच मध्ये धरानलाई स्वास्थ्य उपचारका लागि पूर्वाधारयूक्त शहर बनाउन साथै गरिव पिछडिएका र अशिक्षित सबैले सर्व सुलभ तरिकाबाट सामान्य स्वास्थ्य उपचार प्राप्त गर्न सकुन भन्ने अभिप्रायले गरिब तथा पिछडिएका वस्तिहरूलाई प्राथमिकता दिएर धरान उप-महानगरपालिकाद्वारा विभिन्न वडामा मातृ शिशु स्वास्थ्य क्लिनिकहरूको संचालन गरी आएकोमा सो को प्रभावकारी नतिजाहरूका कारण सो क्लिनिकहरूको कार्यक्षेत्र विकास र विस्तार गरी हाल शहरी सामुदायिक स्वास्थ्य केन्द्रको रूपमा विकास गरेर लगिएको छ। हाल त्यस्ता केन्द्रहरू वडा नं ११, १३, १४, १५, १६ र १७ गरी जम्मा ६ वटा संचालनमा छन्।

सम्बन्धित वडाका वडावाजीहरूको भेलाबाट जिल्ला संचालक समितिको गठन गरी संचालन भई रहेका क्लिनिकहरु जिल्ला जनस्वास्थ्य कार्यालयबाट केहि औषधिहरू उपलब्ध हुन्छ भने धरान उप-महानगरपालिकाले समेत संचालनका लागि बजेट विनियोजन गर्दै आएको छ।

#### क) केन्द्रका उद्देश्यहरु

- ✓ मातृ तथा शिशुजन्य रोगको रोकथाम गर्ने।
- ✓ मातृ मृत्युदरमा कमी ल्याउने।
- ✓ शहरी युवा युवतीहरूको प्रजनन स्वास्थ्य स्थितिलाई बढाउने।
- ✓ नवजात शिशुको मृत्यु दर र गर्भ अवस्थामा देखिने समस्याहरुलाई न्यूनीकरण गर्ने।

#### ख) क्लिनिकबाट हुने क्रियाकलापहरू

- ✓ गर्भवती महिलाहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने।
- ✓ भिटामिन आइरन चक्की जस्ता औषधि नि:शुल्क वितरण गर्ने।
- ✓ बालबालिकाका लागि नियमित खोप दिने।
- ✓ बच्चाहरूको तौल लिने।
- ✓ महिलाहरूलाई परिवार नियोजन सम्बन्धी अस्थायी साधन वितरण गर्ने।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। उप-महानगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। उप-महानगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार सुनसरी जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर नेपालमा १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.५ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। बाल्य र शिशु अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने स्न २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सकारात्मक सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। धरान उप-महानगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य

कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी उप-महानगरपालिकाको खेलकुद र अनुशासन विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस उप-महानगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि उप-महानगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भए पछि तत्कालिन जिल्ला विकास समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, उप-महानगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन, बास्केटबल, भलिबल जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रिय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।



धेरै अगाडी देखि नै यस उप-महानगरपालिकामा खेलकुद क्षेत्रको विकास भएको पाइन्छ। उप-महानगरपालिकाका धेरैजसो खेलाडीहरु अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरुमा नेपालको तर्फबाट सहभागी हुँदै आएको देखिन्छ। फुटबल, मार्टसल आर्ट्स र क्रिकेटमा प्रसिद्ध रहेको यस उप-महानगरपालिकामा राष्ट्रियस्तरको खेलकुद रंगशाला एक मात्र रहेको छ। नेपालकै ठूलो र प्रख्यात १८ होल गल्फ कोर्स यसै उप-महानगरपालिकामा रहेको छ। धरान फुटबल क्लब उप-महानगरपालिकाको प्रमुख सक्रिय संस्था हो जसले उप-महानगरपालिकामा फुटबल खेललाई अगाडि बढाउन सहयोग गर्दै आएको छ। धरान उप-महानगरपालिकाको सहयोगमा धरान फुटबल क्लबद्वारा आयोजित बुढा सुब्बा गोल्ड क्लब फुटबल प्रतियोगीता हरेक वर्षको अगस्ट र सेप्टेम्बरमा हुने गरेको छ जहाँ राष्ट्रिय स्तरका समूहहरु सहभागी भएका हुन्छन्। उप-महानगरपालिकाका युवा/युवतीहरु bboying dance मा बढी रुचि देखिएको पाइन्छ। उप-महानगरपालिकाको नजिकै रहेको भेडेंटार पहाड विभिन्न साहसिक क्रियाकलापहरुका लागि प्रशिद्ध छन्। जहाँ पाराग्लाईडिङ्ग, माउन्टेन बाईकीङ्ग, क्यानोइङ्ग आदिका लागि पर्यटकहरु आउने गर्दछन्।

यस्तै यस उप-महानगरपालिकामा प्रशस्त पार्क तथा उद्यान र वाटिकाहरू रहेका छन्। भूकम्प स्मारक पार्क, यलम्बर सामुदायिक वन (पार्क), सप्तरंगी पार्क र पंचकन्या नेचुरल पार्क उप-महानगरपालिकाका महत्वपूर्ण पार्कहरू हुन् भने गणेश ताकिज र शिव चलचित्र मन्दिर गरी जम्मा २ वटा सिनेमा हलहरु तथा ५ वटा सिटी हलहरु रहेका छन्। ऐतिहासिक किराँत राज्य संग्राहलय उप-महानगरपालिकाबाट विजयपुर जाने बाटोमा हाल निर्माणाधिन अवस्थामा रहेको छ।

**तालिका नं. ५०:** खेलकुद तथा मनोरञ्जन स्थानको विवरण

| नाम | संख्या |
|---|---|
| स्टेडियम (Stadium) | १ |
| खेलकुद हल (Sports Hall) | १ |
| १८ होल गल्फ कोर्स (18 hole golf course) | १ |
| स्वीमिङ्ग पुल (Swimming Pools) | ३ |
| टेनिस कोर्ट (Tennis Courts) | ५ |
| वास्केटवल कोर्ट (Basket Ball Courts) | ३ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस धरान उप-महानगरपालिकामा, ७० वर्ष उमेर नाघेका ३.३९ प्रतिशत (४,६७० जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा

नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस नगरमा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.७९ प्रतिशत (३,८४० जना) , ६५-६९ वर्षका १.९८ प्रतिशत (२,७२७ जना) र ७० भन्दा माथी गरी जम्मा ८.१६ प्रतिशत (११,२३७ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन र यस स्थितिलाई कसरी सहज बनाउने र उप-महानगरपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

### ७.५.२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ ले समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवम् दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरेको छ। यसै अनुरुप धरान उप-महानगरपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ। जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५१:** सामाजिक सुरक्षा प्राप्त गर्नेहरुको संख्या विवरण

| वडा नं. | जेष्ठ नागरिक | | एकल महिला | विधवा महिला | लोपोन्मुख आ ज | पूर्ण अशक्त अपाङ्ग भएका | आंशिक अशक्त अपाङ्ग भएका | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | अन्य | | | | | | | |
| १ | १२ | १६८ | ७० | १०० | ० | १ | ७ | ५ | ३६३ |
| २ | ७ | १०१ | ६९ | ६६ | ० | ५ | ८ | १ | २५७ |
| ३ | १४ | ११० | ८२ | १४३ | ० | ९ | १५ | १२ | ३८५ |
| ४ | ५ | १५२ | ५० | ८२ | ० | ९ | ६ | ३ | ३०७ |
| ५ | ९५ | २६४ | ८० | १६३ | ० | १२ | २४ | १०८ | ७४६ |
| ६ | ५७ | ३११ | ८३ | १२१ | ० | २० | २४ | ५७ | ६७३ |
| ७ | ४ | ११९ | ५२ | ७१ | ० | २ | १७ | ९ | २७४ |
| ८ | ९३ | ३३४ | १९९ | ३०२ | १ | १३ | ३७ | ४९ | १०२८ |
| ९ | १३ | १२४ | ६९ | ७२ | ० | १० | ६ | ५ | २९९ |
| १० | ४० | १९८ | १७६ | ५४ | ० | ४ | १३ | १४ | ४९९ |
| ११ | ८२ | ३७६ | ३०० | १४१ | ० | १५ | १७ | ६९ | १००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **१२** | १६ | ११९ | १३९ | ६२ | ० | २ | १२ | १३ | ३६३ |
| **१३** | २३ | २७४ | २४५ | १०३ | ० | १० | २५ | १० | ६९० |
| **१४** | १८ | ११९ | १३५ | ३८ | ० | ३ | १० | १९ | ३४२ |
| **१५** | १५२ | ५४० | ४१२ | १९९ | ० | २४ | ४२ | ११६ | १४८५ |
| **१६** | ८४ | ३३२ | १५६ | २८७ | ० | १२ | २९ | ८४ | ९८४ |
| **१७** | १५९ | ४०५ | २१४ | २५६ | ० | १२ | ३७ | १०९ | ११९२ |
| **१८** | १० | १५८ | ४८ | ५३ | ० | ९ | २ | ३ | २८३ |
| **१९** | २८ | १९८ | ७३ | ११८ | ० | ८ | ११ | ७ | ४४३ |
| **२०** | १० | १२४ | ८१ | ३८ | ० | ३ | २४ | २ | २८२ |
| **जम्मा** | ९२२ | ४५२६ | २७३३ | २४६९ | १ | १८३ | ३६६ | ६९५ | ११८९५ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७४*

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्महरुबाट कामहरू शसक्त रूपमा भईरहेको छ । अझ नेपालको संविधानमा २०७२ मा महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यका कर्णधार हुन् । बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि  हरेक वर्ष नोभेम्बर २०

का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ। जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी हतियारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालमा बालबालिकाको हकहितको लागि थुप्रै कुराहरु समावेश गरिएको छ। अझ गतवर्ष जारी गरिएको नेपालको संविधान २०७२ ले झनै बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरेको छ।

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरु मध्ये नेपालपनि एक हस्ताक्षर कर्ता हो। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका

बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन्। यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बंञ्चित बालबालिकाहरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ।

### ७.६.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा मात्र लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

धरान उप-महानगरपालिका नगरलाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। उप-महानगरपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त उप-महानगरपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा उप-महानगरपालिका बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.७ अपाङ्गताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार धरान उप-महानगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.२२ प्रतिशत (१,६७९ जना) रहेको छ। जसमा शारिरीक अपाङ्गता भएका ४९७ (२९.६० प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका २४२ (१४.४१ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ३०८ जना (१८.३४ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका १७२ जना (१०.२४ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका ६८ जना (४.०५ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता १६३ जना (९.७१ प्रतिशत) र बहु अपाङ्गता १९६ (११.६७ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक

तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

**तालिका नं. ५२:** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २८१ | ९२ | ११७ | २१ | १४२ | ७६ | ३३ | १०५ | ८६७ |
| महिला | २१६ | ८० | १२५ | १२ | १६६ | ८७ | ३५ | ९१ | ८१२ |
| जम्मा | ४९७ | १७२ | २४२ | ३३ | ३०८ | १६३ | ६८ | १९६ | १,६७९ |
| प्रतिशत | २९.६० | १०.२४ | १४.४१ | १.९७ | १८.३४ | ९.७१ | ४.०५ | ११.६७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*




## ७.८ शान्ति सुरक्षा

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित गरिएको हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नगारिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ।

### ७.८.१ सुरक्षा इकाईहरुको विवरण

तालिका नं. ५३: सुरक्षा इकाईहरुको विवरण

| सि.न. | कार्यालयको नाम | वडा नं |
|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय, धरान | १९ |
| २ | वडा प्रहरी कार्यालय, धरान | २ |
| ३ | प्रहरी चौकी, पानमारा | १३ |
| ४ | अ.प्र.पोष्ट अमरहाट, धरान | १३ |
| ५ | अ.प्र.पोष्ट तिनकुने, धरान | ८ |
| ६ | अ.प्र.पोष्ट रेल्वे, धरान | १७ |
| ७ | अ.प्र.पोष्ट घोपा, धरान | १८ |
| ८ | अ.प्र.पोष्ट बिजयपुर, धरान | १४ |
| ९ | अ.प्र.पोष्ट बरगाछी, धरान | ८ |
| १० | अ.प्र.पोष्ट श्यामचौक, धरान | १५ |
| ११ | अ.प्र.पोष्ट देउराली, पाचकन्या | ६ |
| १२ | अ.प्र.पोष्ट, बिष्णपादुका | २० |
| १३ | अ.प्र.पोष्ट, नयाँ बसपार्क धरान | १ |

*स्रोत : ईलाका प्रहरी कार्यालय, धरान २०७४*

### ७.८.२ उप-महानगरपालिकामा सामाजिक अपराधको विवरण

तालिका नं. ५४: सामाजिक अपराधको विवरण

| सि.नं. | मुद्दा शिर्षक | मुद्दा दर्ता सं. |
|---|---|---|
| १ | सवारी ज्यान | १४ |
| २ | मा.बे.बि. | ७ |
| ३ | के.सा.अ. | २०३ |
| ४ | ज.ज.क. | ९ |
| ५ | ज.ज.क. उद्योग | ५ |
| ६ | ला.औ. | १४७ |
| ७ | कर्तव्य ज्यान | ७ |
| ८ | ज्यान मार्ने उद्योग | २० |
| ९ | चोरी | २५ |
| १० | बहु बिवाह | ८ |

| | | |
|---|---|---|
| ११ | ठगी | ६ |
| १२ | जुवा | १ |
| १३ | भबितव्य ज्यान | ३५ |
| १४ | झुण्डी आ.ह. | ५२ |
| १५ | बिष सेवन गरी आ.ह. | ५ |
| १६ | फुट्कर ज्यान | ७ |
| १७ | बिष्पोटक पदार्थ | ३ |
| १८ | बैंकिङ कसुर | १ |
| १९ | सवारीबाट भबितव्य ज्यान | १ |
| २० | हा.ह.ख.ख. | १ |
| २१ | मानब अपहरण | १ |
| २२ | सवारीवाट अंगभंग | ५ |
| २३ | आगो लगाएको | १ |
| २४ | थुनुवा भागे भगाएको | १ |
| २५ | जिबित बच्चा जन्माई फालेको | १ |
| **जम्मा** | | ५६६ |

*स्रोत : ईलाका प्रहरी कार्यालय, धरान २०७४*

## ७.९ खानेपानी तथा सरसफाई


### ७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

**तालिका नं. ५५:** परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ३०६७८ | ५८ | ९४ | १८८ | ३७५ | ११७ | ९५८ | २२५ | ३२६९३ |
| **प्रतिशत** | ९३.८४ | ०.१८ | ०.२९ | ०.५८ | १.१५ | ०.३६ | २.९३ | ०.६९ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

धरान उप-महानगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप हो। उप-महानगरपालिकामा धारा तथा पाइपको प्रयोग गर्ने घरधुरी संख्या ३०,६७८ (९३.८४ प्रतिशत), मूल धारा प्रयोग गर्ने घरधुरी संख्या ३७५ (१.१५ प्रतिशत), तेस्रोमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी १८८ (०.५८ प्रतिशत) रहेको छ। उप-महानगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ७.९.२ खानेपानीको वडागत विवरण

**तालिका नं. ५६: खानेपानीको वडागत विवरण**

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,१७० | ० | ० | ० | १ | ० | १७ | ११ | १,१९९ |
| २ | ५२९ | १ | ४ | २ | १ | ० | ० | ३ | ५४० |
| ३ | ९१९ | १ | ७ | २० | १२ | ४७ | १७ | ११ | १,०३४ |
| ४ | ६९० | ० | ९ | ४ | ० | २ | ० | ८ | ७१३ |
| ५ | १,५१७ | ० | १ | ५ | २ | ० | २४५ | ९ | १,७७९ |
| ६ | १,३५९ | २ | ० | ० | ० | ० | ३ | ७ | १,३७१ |
| ७ | ७६६ | २ | ६ | १ | ० | ० | ० | २ | ७७७ |
| ८ | २,५६७ | १० | २ | ० | ३७ | १ | १७९ | २२ | २,८१८ |
| ९ | १,००९ | ५ | २ | ० | ० | ० | ० | ६ | १,०२२ |
| १० | १,३७५ | ० | १ | २ | १ | ० | ० | ५ | १,३८४ |
| ११ | २,५९९ | ६ | १७ | ६ | ८ | ३९ | १ | ३२ | २,७०८ |
| १२ | ७६३ | ० | ४ | १ | २३ | ० | ० | ५ | ७९६ |
| १३ | १,८३६ | २ | ३ | ५ | ५९ | ४ | १०० | २५ | २,०३४ |
| १४ | ८०४ | ३ | ० | २१ | ६ | ० | १३ | ४ | ८५१ |
| १५ | ४,५०५ | १७ | २१ | ६ | १ | ९ | १४३ | २४ | ४,७२६ |
| १६ | २,५८१ | १ | ५ | १ | ९२ | १ | ६९ | १३ | २,७६३ |
| १७ | २,३१५ | ४ | ३ | ३ | ९५ | ८ | १६५ | १७ | २,६१० |
| १८ | १,५९८ | २ | २ | १ | ० | ० | ० | १७ | १,६२० |
| १९ | १,१०९ | १ | ५ | ० | ३३ | ० | ६ | ० | १,१५४ |
| २० | ६६७ | १ | २ | ११० | ४ | ६ | ० | ४ | ७९४ |
| **जम्मा** | ३०,६७८ | ५८ | ९४ | १८८ | ३७५ | ११७ | ९५८ | २२५ | ३२,६९३ |
| **प्रतिशत** | ९३.८४ | ०.१८ | ०.२९ | ०.५८ | १.१५ | ०.३६ | २.९३ | ०.६९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस उप-महानगरपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रुपमा उप-महानगरपालिकाका सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




नक्सा नं. १५ : खानेपानी वितरण सम्बन्धी विवरण


### ७.९.३ शौचालयको विवरण

**तालिका नं. ५७:** शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ९२२ | २२,८४२ | ७,७३६ | ९५५ | २३८ | ३२,६९३ |
| **प्रतिशत** | २.८२ | ६९.८७ | २३.६६ | २.९२ | ०.७३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा धरान उप-महानगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै फ्लस भएको (सेफ्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार २२,८४२ (६९.८७ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या ७,७३६ (२३.६६ प्रतिशत) र फ्लस भएको ( सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ९२२ (२.८२ प्रतिशत) देखिएको छ। यसैगरी धेरैजसो घरमा शौचालय नभएको पनि पाइएको छ जुन जम्मा घरपरिवार संख्याको २.९२ प्रतिशत आर्थात ९५५ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.९.४ वडागत शौचालयको संख्याको विवरण

**तालिका नं. ५८:** वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १३ | १,०३२ | १३७ | ४ | १३ | १,१९९ |
| २ | १३ | ४७७ | ४३ | ४ | ३ | ५४० |
| ३ | ४ | ८८८ | १२० | ११ | ११ | १,०३४ |
| ४ | ० | २७५ | ३७७ | ५३ | ८ | ७१३ |
| ५ | ४ | ४६८ | १,२३४ | ६४ | ९ | १,७७९ |
| ६ | १३ | १,०२३ | २८६ | ४२ | ७ | १,३७१ |
| ७ | १६ | ६८२ | ७३ | ४ | २ | ७७७ |
| ८ | ३२ | २,२३६ | ४६२ | ६३ | २५ | २,८१८ |
| ९ | ५ | ९४७ | ६१ | ३ | ६ | १,०२२ |
| १० | १२ | १,३१० | ५१ | ७ | ४ | १,३८४ |
| ११ | ३१ | १,३७७ | १,१८० | ८५ | ३५ | २,७०८ |
| १२ | ५ | ६५२ | १३४ | ० | ५ | ७९६ |
| १३ | २३ | १,४१३ | ५१९ | ५२ | २७ | २,०३४ |
| १४ | १ | ६५२ | १६० | ३४ | ४ | ८५१ |
| १५ | ३८ | ३,६०३ | ९८८ | ७१ | २६ | ४,७२६ |
| १६ | २६ | २,४८६ | २१३ | २५ | १३ | २,७६३ |
| १७ | २० | १,२९० | १,०९२ | १९० | १८ | २,६१० |
| १८ | ६४४ | ९२३ | ३३ | २ | १८ | १,६२० |
| १९ | १० | ८७९ | २४४ | २१ | ० | १,१५४ |
| २० | १२ | २२९ | ३२९ | २२० | ४ | ७९४ |
| जम्मा | ९२२ | २२,८४२ | ७,७३६ | ९५५ | २३८ | ३२,६९३ |
| प्रतिशत | २.८२ | ६९.८७ | २३.६६ | २.९२१ | ०.७२८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार उप-महानगरपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं. ५ र २० बाहेक अन्य सबै वडाहरुमा सबैभन्दा बढी फ्लस भएको (सेप्टि ट्याङ्की) प्रयोग गरेको पाईयो भने वडा नं. ५ र २० मा बढी साधारण चर्पीको प्रयोग भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




नक्सा नं. १६ :उप-महानगरपालिकामा रहेका सार्वजनिक शौचालय

### ७.९.५ खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ । यसै अभियान अन्तरर्गत यस धरान उप-महानगरपालिका पूर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारात्मक सुधार निश्चित छ ।

## ७.१० फोहोर मैला व्यवस्थापन

### ७.१०.१ धरान उप-महानगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन

कुनै पनि शहरको स्वछ, सफा र स्वस्थ्य वातावरणले त्यस शहरको सुन्दरता झल्काउनुको साथ साथै त्याँहा बसोबास गर्ने नागरिकहरूको स्वास्थ्य जीवनको लागि सहयोग गर्दछ । तसर्थ उप-महानगरपालिकाको वातावरण संरक्षण, सम्वर्द्धन र सुधारका लागि उप-महानगरपालिका क्षेत्रका सबै पक्षको समान दायित्व रहन्छ ।

उप-महानगरपालिकाको वातावरण प्रदूषण गर्ने विभिन्न कारणहरू मध्ये उप-महानगरपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैलाको उचित व्यवस्थापनको अभाव पनि एक प्रमुख कारण रहेको छ । त्यसैले धरान उप-महानगरपालिकाले यसको व्यवस्थापनको लागि उप-महानगरपालिकावासीको पनि सक्रिय सहयोग र सहभागिता विकास गर्ने नीति लिएको छ । जस अन्तर्गत फोहरको उत्पादन मात्रा कम गर्न, फोहरको सदुपयोग गर्न र स्रोतबाट घटाउन साथै व्यवस्थापन गर्न समुदायमा आधारित दिगो सरसफाइ कार्यक्रमको अवधारणालाई प्रमुखताका साथ अगाडि बढाएको छ ।

- ✓ विभिन्न वडाहरूमा टोल स्तरीय वातावरण सुधार समूहहरू गठन गरिएको र ती समूहलाई वातावरण सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरी टोलको वातावरण सुधारको कार्यमा परिचालन गरिएको ।
- ✓ सवै टोल स्तरीय समूहहरूको प्रतिनिधित्व हुने गरी उप-महानगरपालिकास्तरीय वातावरण सुधार तथा समन्वय समिति (Network) को गठन गरिएको । समितिको सकृयतामा उप-महानगरपालिकाक्षेत्रको नियमित वातावरणीय अनुगमन साथै समस्या समाधानको लागि पहल गर्ने गरिएको । नमूनाको रूपमा पुनस्चक्रिय तथा पुनस्प्रयोग फोहर संलकन तथा बिक्री केन्द्र सञ्चालन भइरहेको ।
- ✓ विद्यालय वातावरण प्रवर्द्धन कार्यक्रम उप-महानगरपालिकाक्षेत्रका सबै मा.वि. स्तरीय सामुदायिक विद्यालयहरूमा सञ्चालित
- ✓ विविध जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन ।

### ७.१०.२ दैनिक फोहरमैला व्यवस्थापन

धरान उप-महानगरपालिकाले धरान उप-महानगरपालिका क्षेत्रमा घर तथा पसलबाट उत्पादन हुने फोहरमैलालाई दैनिक रूपमा संकलन गरी सुरक्षित रूपमा डम्पिङ गर्ने गरेको छ ।

- ✓ दैनिक रूपमा ५ जना ड्राईभर ६० जना सरसफाईकर्मी (स्वीपर तथा लोडर) परिचालन गरि बिहान र दिउँसो २ चरणमा फोहर संकलन तथा सडक/ड्रेन सफाइको कार्य संचालन गरिरहेको ।
- ✓ मुख्य तथा भित्री वडाहरूमा रुट मिलाइ दैनिक साप्ताहिक र अर्ध साप्ताहिक रूपमा सरसफाई कार्य परिचालन गर्ने गरिएको ।
- ✓ बाँझगरा सामुदायिक वन तथा सेउती खोला किनारको खालि भागमा फोहर डम्पिङ गर्ने गरिएको । (Control Dumping को प्रयास भइरहेको)
- ✓ माथि उल्लिखित फोहर व्यवस्थापनको कार्य बाहेक अन्य तपसिलका विभिन्न महत्वपूर्ण कार्यहरू पनि उप-महानगरपालिकाले आफ्नो विभिन्न शाखा उपशाखा तथा अन्य निकायहरूसँगको समन्वयमा सञ्चालन गर्दै आइरहेको छ ।
- ✓ बेवारिस लास सद्गत
- ✓ छाडा पशु नियन्त्रण तथा कान्जिहाउस सञ्चालन
- ✓ बजार तथा फुटपाथ व्यवस्थापन
- ✓ खुल्ला चर्पी नियन्त्रण वातावरणीय उजुरीहरू उपर छानबिन तथा कार्यवाही आदि
- ✓ धरान उप-महानगरपालिकाले गरिरहेको प्रयास तथा आगामी सोचको कार्यान्वयन
- ✓ फोहरलाई हेर्ने बुझ्ने व्यवस्थापन गर्ने दृष्टिकोणमा सुधार ल्याउन जनसहभागिता मूलक दिगो फोहर व्यवस्थापन अवधारणा अवलम्बन गर्ने प्रयास
- ✓ PPP (सार्वजनिक निजी साझेदारी) अवधारणामा निजी क्षेत्रको सहभागिताका लागि जोड ।
- ✓ क्षेत्रीय ल्याण्डफिल साइट (Regional Sanitary Landfill Site) निर्माण गर्ने कार्यमा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य ।
- ✓ धरान उप-महानगरपालिका क्षेत्रलाई ODF (खुला दिशा मुक्त क्षेत्र) बनाउने अभियान ।

तालिका नं. ५९: सरसफाई तथा वारुणयन्त्र

| विवरण | संख्या |
|---|---|
| कुचीकार संख्या (Sweeper) | ६० |
| ट्याक्टर ट्रक (Tractor/Truck) | ५ |
| ठोस फोहरमैला नियन्त्रण (Solid waste mgmt.) | ३० ton/per day |
| फायरमेन (Fireman) | १५ |
| दमकल (Fire Truck) | ३ |

*स्रोत : धरान उप-महानगरपालिका, २०७३*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

पूर्वाञ्चल क्षेत्रको तराईको जिल्ला सुनसरी वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। सुनसरी जिल्लाको यस धरान उप-महानगरपालिकामा कुल क्षेत्रफल १९२.६२ वर्ग कि.मि. मध्ये ७०.२० प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जसमा ४४ प्रतिशत क्षेत्रफल चारकोसे झाडि रहेको छ भने २६.२० प्रतिशत अन्य वन क्षेत्रको रुपमा रहेको छ।



यस उप-महानगरपालिकामा पाइने प्रमुख वनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर,

भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

धरान उप-महानगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, वनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र वनस्पती रहेको यस उप-महानगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस उप-महानगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस उप-महानगरपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे,

धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस उप-महानगरपालिका क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, वनढाडे, जरायो, मृग, लङ्गुर, बादर, वनमुसा, स्याल, वन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । उप-महानगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

उप-महानगरपालिकाको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्यधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै, बुढासुब्बा मन्दिर, पञ्चकन्या मन्दिर, दन्तकाली मन्दिर, पिण्डेश्वर मन्दिर, पञ्चकन्या नेचुरल पार्क लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

उप-महानगरपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्या योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस उप-महानगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोभ्रो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो,

दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ उप-महानगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

धरान उप-महानगरपालिका रहेको सुनसरी जिल्लामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन्। यस उप-महानगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, वनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, वनमुसा, स्याल, वन बिरालो, रतुवा, निलगाई, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

धरान उप-महानगरपालिका रहेको सुनसरी जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन्। यस उप-महानगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्। यसका अलावा यहाँ कोशी टापुमा जाडो याममा पाहुना चराहरु समेत आउने गरेका छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस उप-महानगरपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्यूँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि।

### (च) फूलका प्रजातिहरु

सुनसरी जिल्लामा करिब २४४ किसिमको वनस्पतीहरु पाइनुका साथै २३५ प्रजातिहरु फुल फुल्ने वर्गमा रहेका छन्। यस्तै एकदलीय वर्गका  विरुवाहरु लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरु करिव ७१ प्रतिशत रहेको अनुमान गरिउको छ भने जलोभिद लगभग ४४ प्रतिशत र स्थलीय करिव ५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ। सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, झालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि उप-महानगरपालिकामा पाईने फुलका प्रजातिहरु हुन्।

## ८.५ वनजंगल

धरान उप-महानगरपालिकामा ७०.२० प्रतिशत क्षेत्रफल वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वनक्षेत्रभित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन्। उप-महानगरपालिका बाहिरका अन्य नगर तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस उप-महानगरपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस उप-महानगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस उप-महानगरपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्। यस उप-महानगरपालिकामा पाँचकन्या र विष्णुपादुका ईलाका वन कार्यालयहरु रहेका छन्।

**तालिका नं. ६०:** वनको प्रकार अनुसार रहेको क्षेत्र

| क्र.सं. | वनको प्रकार | तराई क्षेत्र | चुरे क्षेत्र | महाभारत क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | साल वन | २६३४ | ० | ० | |
| २. | साल तराई हाईउड | ४७११ | ० | ० | |
| ३. | सिसौ खयर | ६५.८ | ० | ० | |
| ४. | साल तराई हाईउड | ८२३७ | ० | ० | |
| ५. | पहाडी साल वन | ० | ४५१०.७ | ० | |
| ६. | मिश्रित चौडापाते वन | ० | ९७७.९ | ८७८.२ | |
| ७. | कटुस चिलाउने वन | ० | १७६१.१ | १०८९ | |
| | **जम्मा** | **१५८४८** | **७२४९.७** | **१९६७** | |

*स्रोत : जिल्ला वन कार्यलय, सुनसरी २०७४*

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस उप-महानगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्यूनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। उप-महानगरपालिकामा आ.व. २०७१/७२ सम्ममा १८ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। उप-महानगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई उप-महानगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म उप-महानगरपालिकाले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो उप-महानगरपालिकाले अग्रणी भूमिका खेलेको छ। उप-महानगरपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन। यस उप-महानगरपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६१: सामुदायिक वन व्यवस्थापनको विवरण

| क्र.स. | सा.व.उ.स.को नाम | वडा नं. | क्षेत्रफल (हे. | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | पत्रंगबारी | ४, ५ र ६ | १४२.८६ | ७११ | १६४४ | १५३८ | ३१८२ |
| २ | यलम्बर | ८ | २९.८३ | २१५ | ५०२ | ४९४ | ९९६ |
| ३ | सुमनटार | ४ | ५०.०० | ११३ | २७१ | ३०३ | ५७४ |
| ४ | पाँचकन्या | ६ | ३३८.०० | ६८८ | १७०८ | १८११ | ३५२२ |
| ५ | पानबारी | ६ | १६३.७५ | ३४६ | | | १८४५ |
| ६ | बाँझगरा | १५ | १९९.७५ | ६७९ | १८९३ | १८७४ | ३७३७ |
| ७ | लांघाली | ८ | ८२.०७ | ५५० | १४४४ | १३०० | २७४४ |
| ८ | हरियाली | १९ | १९७.३८ | ५५६ | १९५६ | १७५१ | ३७०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | हिमाली | ८ | ५३.४८ | ३६९ | ७९० | ९६० | १९३० |
| १० | उदय | १७ | २२७.१ ६ | १९१८ | ४०८७ | ४०२० | ८१०७ |
| ११ | निशानदेवी | ५ | १८४.०६ | ७६४ | १४५७ | १३५७ | २८१४ |
| १२ | बालऋषि | ५ | ३९.१२ | २०८ | ४८७ | ४९१ | ९८७ |
| १३ | भालढुँगा | २० | २९८.८६ | १४० | २६४ | २५९ | ५२३ |
| १४ | बर गैरी | ४ | १४३.०२ | १४० | ३३४ | ३४६ | ६८० |
| १५ | टुर्के | ४ | ११८.३५ | ११९ | २७८ | ३०८ | ५८६ |
| १६ | कार्कीछाप कालीखोला | २० | २३०.१ ९ | ३८७ | १०३५ | १०१३ | २०४८ |
| १७ | गौधारा | २० | ११४.८१ | ४४५ | २२३ | २२२ | ४४५ |
| १८ | चण्डिका | २० | १२८.६० | ११९ | २७७ | २७४ | ५५१ |
| जम्मा | | | २७४१.२९ | ८,४६७ | १७,००६ | १०,०४७ | ३३,९५१ |

*स्रोत : जिल्ला वन कार्यालय, सुनसरी २०७२*

धरान उप-महानगरपालिकामा आ.व. २०७१/०७२ सम्ममा जम्मा १८ वटा सामुदायिक वनहरु उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस उप-महानगरपालिकामा २७४१.२९ हे. क्षेत्रफल ओगटेको छ भने ८,४६७ घरधुरी अर्थात् ३३,९५१ जनसंख्या लाभान्वित भएका छन्।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। उप-महानगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

उप-महानगरपालिकाको कुल वन क्षेत्र मध्ये उप-महानगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस उप-महानगरपालिकामा संचालन गरिएको छ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस उप-महानगरपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

यस उप-महानगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्mार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्mार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्mो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्mार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्mार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्mार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.८ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

धरानको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। उप-महानगरपालिकामा हालसम्म सञ्चालन रहेको वन पैदावारमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.९ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। उप-महानगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन

उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

## ८.१० अतिक्रमण हटाई व्यवस्थापन

आर्थिक वर्ष २०७२/०७३ मा जिल्ला वन कार्यालय सुनसरी अन्तर्गत फुलबारी इलाका वन कार्यालय अन्तर्गतका विभिन्न तिन स्थानमा गरी ६२.०२ हेक्टर अतिक्रमित वन रहेको छ।

**तालिका नं. ६२:** उप-महानगरपालिकामा वन अतिक्रमण विवरण

| क्र.सं. | वडा नं. | अतिक्रमित क्षेत्र | अतिक्रमण मिति | संलग्न घरधुरी | अतिक्रमित क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५ | महादेवस्थान, (खोरिया वस्ती) | २०४६ | १४५ | ४.४५ | |
| २ | १७ | रेल्वे लाइन | २०४६ | २८५ | ४५ | |
| ३ | १७ | फक्लैण्ड टापु | २०४६ | २७५ | १३.५७ | |
| | | जम्मा | | ७०५ | ६२.०२ | |

*स्रोत : जिल्ला वन कार्यालय, सुनसरी २०७३*

# खण्ड ९ : विकास सूचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार सुनसरी जिल्लाको मानव विकास सूचकाङ्क ०.४९६ (नेपालको ०.४९०) रहेको छ। अर्थात् सुनसरी जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा केही बढी देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सुनसरी जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.३३ वर्ष र यसको सूचक ०.७२२, प्रौढ साक्षरता दर (Adult literacy) ६२.८८ प्रतिशत र यसको सूचक ०.६२९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ४.२१ वर्ष र यसको सूचक ०.२८१ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) ११०४ अमेरिकी डलर र यसको सूचक ०.४०१ रहेको देखिन्छ।

**तालिका नं. ६३:** मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| सुनसरी | ६८.३३ | ०.७२२ | ६२.८८ | ०.६२९ | ४.२१ | ०.२८१ | ११०४ | ०.४०१ | ०.४९६ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा सुनसरी जिल्ला मानव विकास सूचकाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। सुनसरी जिल्लाको मानव गरीबी सूचकाङ्क मान २६.५२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा सुनसरी जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३७.१२ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.१० प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ३.५८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) २९.४० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार सुनसरी जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ९ औं स्थानमा रहेको छ र गरीबीको दर ११.९८ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ८९,८८८ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६४:** गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ९ | ११.९८ (१.४४) | २.२२ (०.३५) | ०.६३ (०.१२) | ८९८८८ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

## ९.४ गरिबी न्यूनीकरण

शहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार १,३७,७०५ जनताको बसोबास भएको उप-महानगरपालिकामा खास गरी सामाजिक रुपले पछि परेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत उप-महानगरपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा उप-महानगरपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा उप-महानगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी अस्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार उप-महानगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ९३.८४ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको प्रयोग गर्नेको संख्या १.१५ प्रतिशत देखिन्छ। त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने ०.५८ प्रतिशत, नदी तथा खोलाको पानी प्रयोग गर्ने ०.३६ प्रतिशत देखिन्छ ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो उप-महानगरपालिका सुनसरी जिल्लाका अन्य नगरहरुको तुलनामा अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस उप-महानगरपालिकाको साक्षरता दर ८३.१४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो उप-महानगरपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस उप-महानगरपालिकाको पुरुषको साक्षरता दर ८९.७७ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ७७.३६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १२.४१ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै उप-महानगरपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरुले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कूलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर माध्यामिक तहको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षाा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस उप-महानगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।